# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्टभूमि

सामाजिक जीवन यापनका लागि व्यक्तिलाई आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति तथा कार्य प्रदर्शन गर्न सक्ने क्षमता र कार्य तत्परताको सम्मिश्रण सक्षमता हो । सिकाइबाट विद्यार्थीमा विकास भएको आचरण, सोचाइ, व्यवहारमा देखिएको परिवर्तन र निश्चित ज्ञान एवम् सिपमा देखिएको दक्षता प्राप्तिबाट विद्यार्थीको सक्षमता सुनिश्चित गर्न सकिन्छ । व्यक्तिमा भाषिक, तार्किक, साङ्गितिक, शारीरिक, दृष्यात्मक, अन्तरवैयक्तिकप्राकृतिक, आध्यात्मिक आदि प्रतिभा हुन्छन् । यस्ता प्रतिभाको प्रष्फुटनका लागि अपेक्षित सक्षमताहरू कुनै एउटा विषयको पाठ्यक्रमले मात्र हासिल गर्न गाह्रो हुन्छ । यसका लागि पाठ्यपक्रमले विभिन्न विषयहरूको व्यवस्था गरेको छ । यिनै विभिन्न विषयको पाठ्यक्रमबाट विद्यार्थीहरूमा निश्चित सक्षमताहरू विकास गर्ने अपेक्षा राखिएको हुन्छ । यस्ता सक्षमताहरू विद्यालय शिक्षामा तहगत रूपमा व्यवस्था गरी विकास गरिन्छ । सक्षमताको आधारमा पाठ्यक्रममा सिकाइ उपलब्धि तयार गरी तदनुरूप विषयबस्तुको चयन, सिकाइ सहजीकरण प्रक्रियाको निर्धारण तथा मूल्याङ्कन प्रक्रिया निर्दिष्ट गरिन्छ । तहगत र विषयगत सक्षमताले पाठ्यक्रमको साधारण उद्देश्यलाई प्रतिनिधित्व गर्दछ भने सिकाइ उपलब्धिले विशिष्ट उद्देश्यको प्रतिनिधित्व गर्दछ (पा.वि.के, २०६९) ।

नेपालमा योजनाबद्धरूपमा देशभरमा लागु भएको पहिलो पाठ्यक्रम राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ हो । यसले पहिलो पटक राष्ट्रिय उदेश्य, तहगत उदेश्य र विषयगत उद्देश्य तोकी पाठ्यक्रम निर्माण गरेको थियो । यस पाठ्यक्रमले सामाजिक विषयलाई विद्यालय तहका सबै कक्षामा राख्न थालेको पाइएतापनि मा.वि. तर्फ भने सामाजिक विषय अन्तर्गत भूगोल इतिहास र पञ्चायत समावेस गरिएको थियो । यही राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को पाठ्यक्रमदेखि सिकाइ उपलब्धिहरूलाई पूर्ण रूपले व्यवस्थित गरिँदै आएको पाइन्छ (वाग्ले र पौडेल, २०५८) ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले सामाजिक शिक्षाको सिकाइ उपलब्धिलाई प्रत्येक तहका कक्षामा तोकेर पाठ्यक्रममा समावेस गरेको पाइन्छ (शर्मा, २०७१) ।

विद्यार्थीको अपेक्षित सिकाइ व्यवहारलाई स्पष्ट रूपमा मापन हुनेगरी उल्लेख गरिएका उद्देश्यलाई नै सिकाइ उपलब्धि भनिन्छ । विद्यार्थीलाई आवश्यक पर्ने ज्ञान, सिप र अभिवृतिको विकास गराउन तोकिएका सिकाइ उपलब्धि हासिल गराउन नितान्त जरुरी हुन्छ । विशिष्ट रूपमा तोकिएका सिकाइ उपलब्धिले विद्यार्थीहरूमा के कस्ता ज्ञान रसिपहरूको विकास गर्ने भन्ने कुराको निर्णय प्रदान गर्दछ। (पा.वि.के, २०६८) ।

सामाजिक अध्ययनले भूगोल, अर्थशास्त्र, राजनीति शास्त्र, इतिहाँस, जनसङ्ख्या, समाजशास्त्र, दर्शनशास्त्र र मनोविज्ञान जस्ता विभिन्न सामाजिक विज्ञानबाट विषयवस्तु प्राप्त गर्दछ । त्यस्ता विभिन्न विषयवस्तु समन्वयात्मक रूपमा समेट्ने गरी पाठ्यक्रममा सिकाइ उपलब्धि समावेस गरिएका हुन्छन् । यस अर्थमा हेर्दा उल्लिखित सामाजिक विज्ञानका विषयलाई सामाजिक विषयवस्तुको स्रोतको रूपमा लिन सकिन्छ । सामाजिक अध्ययनको क्षेत्र अनुसार यसको प्रकृति र स्वभाव हेर्दा विभिन्न सामाजिक विज्ञानबाट विषयवस्तु ग्रहण गरी आकार दिने हुँदा यसको सीमाङ्कन निकै विस्तृत र व्यापक भएको स्पष्ट हुन्छ । साममजिक अध्ययनको क्षेत्र विस्तार घरपरिवारदेखि विश्वब्रम्हाण्डसम्म क्रमशः घरपरिवार, छिमेक, समुदाय, गाउँ, जिल्ला, क्षेत्र अन्तराष्ट्रिय जगतदेखि विश्व ब्रम्हाण्डसम्म फैलिएर गएको देखिन्छ । एउटा परिवारमा हुर्केको बच्चा छरछिमेकदेखि ब्रम्हाण्डका घट्ना तथा खोजबाट प्रभावित हुने हुँदा सामाजिक अध्ययनको क्षेत्र अत्यन्त ठूलो रहेको प्रष्ट हुन जान्छ ।

## १.२ समस्याको कथन

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले माध्यमिक तहमा १०० पूर्णाङ्कको सामाजिक अध्ययनको पाठ्यक्रमको व्यवस्था गरेको छ । जसको उद्देश्य विद्यार्थीमा सामाजिक विषय सम्बन्धी ज्ञान, सिप र अभिवृत्तिको विकास गराउनु रहेको छ । यसमा गाउँ, समाज, देश र विदेशमा भएका व्यवहारिक कुराहरू नै पाठ्यक्रममा उल्लेख भएका छन् तापनि कक्षा १० को अत्यमा लिइने एस.एल.सीको परिणाम हेर्दा सामाजिक अध्ययनको सिकाइ उपलब्धि अत्यन्त कमजोर भएको देखिन आएको छ । नेपालको सन्दर्भमा सामुदायिक विद्यालयहरूमा प्रायः विद्यार्थीहरूले सामाजिक विषयलाई बढी कठिन विषयका रूपमा नलिए पनि यसका सिकाइ उपलब्धिहरू कम हुनुले यसमा समस्या देखिएको छ । यसै कुरालाई मध्यनजर राखि

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि कम हुनका कारणहरू पत्ता लगाउन यहाँ यसलाई समस्याको रूपमा लिइएको छ ।

पाठ्यक्रममा तोकिएको सिकाइ उपलब्धिलाई पूरा गराउन शिक्षण सिकाइ क्रियाकलाप व्यावहारिक हुनुपर्दछ । विद्यार्थीले तोकिएको सिकाइ उपलब्धि हासिल गर्न सक्नु वा नसक्नुमा शिक्षण सिकाइ क्रियाकलाप लगायत अन्य विभिन्न तत्त्वहरूले समेत प्रभाव पारिरहेको हुन्छ । त्यसैले सामाजिक अध्ययनको अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन प्रभाव पार्ने कारक तत्त्व पत्ता लगाउन यो शीर्षकमा अध्ययन गर्ने जमर्को गरिएको छ । अहिलेको वर्तमान अवस्थामा सामुदायिक विद्यालयमा अधिकांश शिक्षकहरू तालिम प्राप्त हुँदाहुँदै पनि सामाजिक विषयको सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार भएको देखिदैन । यसमा शिक्षण क्रियाकलापको अवस्था, शिक्षकको नियमितता, विद्यालय खुल्ने दिन शिक्षक र विद्यार्थीले सामाजिक विषयलाई दिइने महत्त्व तथा उपयुक्त पाठ्यपुस्तकको व्यवस्थाहरूले सिकाइ उपलब्धिलाई असर गरेको हुनसक्छ । यस्ता कुराको अध्ययन अनुसन्धान गरी विश्लेषण गर्नाले सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा बडोत्तरी प्रभाव रहन जान्छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

उद्देश्य विनाको कामले पूर्णता वा सफलता प्राप्त गर्न सक्तैन । हरेक कार्यमा आ-आफ्नै उद्देश्यहरू रहेका हुन्छन् । यस अनुसन्धानात्मक अध्ययनमा पनि निम्नानुसारका उद्देश्यहरू रहेको छन् :

क) सामाजिक अध्ययनको शिक्षण सिकाइ क्रियाकलापको वर्तमान अवस्था मूल्याङ्कन गर्नु,

ख) सामजिक अध्ययनको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण गर्नु,

ग) सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न आइपर्ने समस्याको पहिचान गर्नु,

घ) सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न आइपर्ने समस्या समाधानका उपायहरू सुझाउनु ।

## १.४ अनुसन्धानका प्रश्नहरू

यस अध्ययनको उद्देश्य परिपूर्ति गर्नका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू निर्माण गरी यिनै प्रश्नहरूका आधारमा सोध अध्ययनलाई अगाडि बढाइने छ :

- शिक्षकहरूको शिक्षण अनुभव तथा शिक्षण विधि उपयुक्त छन् ?
- शिक्षकको तालिमको अवस्था कस्तो छ ?
- कक्षा व्यवस्थापन पक्ष उपयुक्त छ?
- सामाजिक अध्ययनकालागि समय व्यवस्थापन कसरी गरिएको छ ?
- पठनपाठनको नियमितता कस्तो छ ?
- विगतका वर्षहरूको सिकाइ उपलब्धिको अवस्था कस्तो छ ?
- कुन कुन कुरामा सुधार ल्याउन सके सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ ? जस्ता प्रश्नहरूको समाधान खोजिएको छ ।

## १.५ अध्ययनको महत्त्व

कुनै पनि क्षेत्र र विषयमा नयाँ कुराको अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्नु आफैँमा महत्त्वपूर्ण कार्य हो । त्यसमा पनि सामाजिक विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वको अनुसन्धानले शैक्षिक क्षेत्रमा ज्यादै महत्त्वपूर्ण स्थान राख्दछ । सामाजिक विषयमा सामाजिक विज्ञानका विभिन्न विषयहरू मिश्रित हुने हुँदा यस विषयका सिकाइ उपलब्धि प्राप्त गर्न शिक्षकहरूलाई नयाँ शिक्षण विधिको खोज गरी अध्यापन गर्न, विद्यार्थीहरूलाई सहज रूपमा बढी सिकाइ उपलब्धि हासिल गरी व्यवहार परिवर्तन गर्न र शिक्षाविद् तथा प्रशासकहरूलाई समयानुकुल पाठ्यक्रमलाई परिमार्जन गर्न सम्बन्धित यी सबै अध्ययनरत विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, नीति निर्माता, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण कर्तालाई यो अनुसन्धानले विशेष सहयोग गर्ने हुनाले यो महत्त्वपूर्ण छ ।

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन कार्यलाई पूरा गर्न आवश्यक तथ्याङ्क सङ्कलनकालागि नमूनाको रूपमा मोरङ जिल्लाको राधाकृष्ण स्रोतकेन्द्र भित्र सञ्चालित सामुदायिक

माध्यमिक विद्यालयसम्म मात्र अध्ययनगरिएको छ । प्रस्तुत अध्ययन कक्षा १० को सामाजिक अध्ययन विषय र यससँग सम्बन्धित शैक्षिक वर्ष २०६९र ०७०को दुई वर्षे सिकाइ उपलब्धिसँग सीमित गरिएको छ । यस अध्ययनलाई सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूमा मात्र सीमित गरिएको छ ।

## १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू

सिकाइ उपलब्धिः विद्यार्थीले परीक्षामा प्राप्त गरेको अङ्क

सामाजिक अध्ययनः कक्षा १० मा पठनपाठन हुने सामाजिक अध्ययन विषय

पठाभ्यासः  कक्षा १० को सामाजिक अध्ययनको पाठ्यपुस्तकमा भएका अभ्यासहरू

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

कुनै पनि विषयवस्तुको अध्ययन तथा अनुसन्धान गर्दा त्यस विषयवस्तुको बारेमा पहिले के के अनुसन्धान भएका थिए र कहाँसम्म अनुसन्धान भएका थियो ? भन्ने कुराहरू अनुसन्धान कर्ताले जान्न आवस्यक पर्दछ । तसर्थ यस सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूसँग सम्बन्धित सैद्धान्तिक साहित्य र सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने जमर्को गरिएको छ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनै पनि विषय अनुसन्धान गर्दा अनुसन्धान कर्ताले कुनै सैद्धान्तिक ढाँचाहरू चयन गरी अवलोकन गर्नु पर्दछ । यसरी चयन गरिएको सैद्धान्तिक ढाँचाका आधारमा आफ्नो अनुसन्धानलाई अगाडि बढाउन पर्ने हुनाले यहाँ आफ्नो विषयसँग मिल्दोजुल्दो सैद्धान्तिक ढाँचाको अवलोकन गरिएको छ ।

डिवे (१९२०) ले एक असल सिद्धान्त भन्दा व्यावहारिक तथा प्रयोगात्मक अरू केही हुदैन भनेका छन् । कुनै पनि सिद्धान्त व्यावहारिक हुनै पर्दछ र अभ्यासलाई मार्ग दर्शन गर्नु पर्दछ भन्ने विचारमा डिवे अडिक छन् । उनका अनुसार भौतिक तथा प्राकृतिक विकासको क्षेत्रमा सिद्धान्त भन्नाले कुनै पनि समस्याको विषयमा निहित विभिन्न चरहरूको वीचको कारण प्रभाव सम्बन्ध बारेमा अध्ययन गरी प्राप्त तथ्याङ्कको आधारमा निकालिएको सामान्यकृतवाक्य नै सिद्धान्त हो । बैज्ञानिक सिद्धान्त र व्यावहारिक सिद्धान्तको वीचमा प्रयोगका दृष्टिले केही फरक देखिन्छ । वैज्ञानिक सिद्धान्त ज्ञानका लागि ज्ञानको रूपमा स्थापित हुन्छ तर व्यावहारिक सिद्धान्तले प्रयोगात्मक पक्षलाई जोड दिएको हुन्छ ।

प्रगतिवादी विचारक जोन डिवेले मानव मस्तिष्कलाई बढी जोड दिएका छन् । मस्तिष्कबाट आउने विचार र त्यसबाट प्रभावित हुने कार्य नै प्रगतिबादको मुख्य सिद्धान्त भए पनि यसले विचारलाई भन्दा कार्यलाई प्राथमिकता दिने गर्दछ । विचार त कार्यका लागि औजार मात्र ठानिएको छ । उनका विचारमा सत्य परिवर्तनशिल हुन्छ । ठोस र अन्तिम सत्यको अस्थित्व हुदैन । मानिसलाई जुन कुरा उपयोगी ठहर्छ, त्यही सत्य हो । विचारलाई सत्य सावित गर्न प्रमाणित गर्नु पर्दछ । संसार परिवर्तनशील भएकाले ज्ञान पनि

परिवर्तनशील भएको हो । व्यावहारिक जीवनमा प्रयोग भएको ज्ञान सर्वश्रेष्ठ हुन्छ र ज्ञानले मात्र समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ । मानिसका जीवनमा आउने थुप्रै समस्याको समाधान अनेक उपायहरू प्रयोग गरेर गर्नु पर्दछ । यसबाट सत्यको खोजी गर्ने प्रेरणा मिल्दछ ।

डिवेको विचार उपयोगिताको सिद्धान्तमा आधारित छ । जुन वस्तु, विचार र कार्य ठीक छन्; जसले मानव जीवनको आवश्यकता पूर्ति गर्दछ; त्यसले समाजबाट मूल्य प्राप्त गर्दछ । परिवर्तनशील मानव जीवन संघर्षले भरिएको छ । बौद्धिक शक्ति, सम्झने शक्ति, कल्पना गर्ने शक्ति, समस्या समाधान गर्ने शक्ति एवं विचार आदान प्रदान गर्ने शक्तिले नै मानिसले मानवीय जीवन निर्वाह गरेको छ । मस्तिष्कले शरीरसँग सम्बन्ध राख्ने, अनुभव गर्ने र बानी व्यवहारको प्रतिक्रिया गरी सम्पूर्ण सङ्गठन गर्दछ । यसबाट उसले जे विश्वास प्राप्त गर्दछ त्यसलाई परीक्षण गरेर विश्वासको नजिक पुग्न सकिन्छ । कोरा विचार वा परिकल्पनाको कुनै अर्थ हुदैन । वास्तविक प्रयोगबाट प्राप्त भएको ज्ञान सर्वश्रेष्ठ हुन्छ । वास्तविक प्रयोगबाट ज्ञान परिवर्तनशील हुनका साथै यसको निर्माण चेतनाबाट हुन्छ । आज एउटा समस्याको समाधान जुन ज्ञानबाट भएको छ भोलि त्यही ज्ञानबाट अर्को समस्याको समाधान नहुन सक्तछ । तसर्थ ज्ञान यही हो भनेर प्रमाणित गर्न कठिन हुन्छ । वास्तवमा ज्ञान भनेको सूचनाहरू, तत्थ्यहरू, कानुनहरू तथा आनिवानीहरूको भण्डारण हो । जसलाई समय परिस्थिति अनुसार नविकरण गर्दै लैजानु पर्दछ ।

डिवेले बर्तमानको समस्यालाई मुख्य समस्याको रूपमा हेरेका छन् । उनका विचारमा समस्या समाधान गर्न ज्ञान र अनुभवको आवश्यकता पर्दछ तर अनुभव वा ज्ञानले समस्याको समाधान गर्ने नभई समस्यालाई सहज रूपमा लिने र प्रबन्ध गर्ने प्रवृत्ति सिकाउँछ । संसार परिवर्तनशील भएकाले हरेक मानिसले आफ्नो अनुभव आफै निर्माण गर्नु पर्दछ । किनकी एक पटक सिकेको कुराले पछिको सिकाइमा मद्दत गर्दछ ।

शैक्षिक दृष्टिकोणका सम्बन्धमा डिवेले शिक्षाको लक्ष्य, पाठ्यक्रम, शैक्षिक प्रक्रिया, विद्यालय, शिक्षक र विद्यार्थीको भूमिका बारेमा स्पष्ट कुरा बताएका छन् । उनले "शिक्षाको लक्ष्य हुदैन केवल व्यक्तिको मात्र हुन्छ" भनेका छन् । शिक्षाको साधारण लक्ष्य हुदैन, लक्ष्य सधै विशिष्ट हुन्छ र लक्ष्य पूर्व निर्धारित हुदैन । यो समय अनुसार परिवर्तन भइरहन्छ । तसर्थ वालवालिकाको रूची, चाहना, र आवश्यकता अनुसार उनीहरूको

मस्तिष्कलाई गतिशील बनाइ नयाँ मूल्य एवम् आदर्श सिकाउने गर्नु पर्दछ । जसका लागि पाठ्यक्रममा जीवन उपयोगी हुने विषयवस्तु राखिनु पर्दछ । जसले गर्दा बालबालिकाले वर्तमान जीवनका समस्या समाधान गरी भविष्यमा सुखमय जीवन जिउन सकून् । यसका लागि शैक्षिक प्रक्रिया व्यावहारिक तथा स्वक्रियाकलापमुखी हुनु पर्दछ ।

डिवेले विद्यालयलाई सामाजिक प्रयोगशालाको रूपमा लिएका हुनाले उनले विद्यालयको भूमिकालाई ज्यादै महत्वपूर्ण ठानेका छन् । विद्यालय समाजमा स्थापित हुने हुनाले बालबालिकाले समाजको प्रतिनिधित्व गरेका हुन्छन् । त्यसैले विद्यालयलाई लघु समाजको रूपमा लिइन्छ । समाजमा सामाजिक एकता कायम गर्दै सामाजिक सुधारका लागि विद्यालयले महत्त्वपूर्ण भूमिका खेल्नुका साथै प्रजातान्त्रिक मूल्य मान्यता अनुसार बालबालिकाको व्यक्तित्व विकास गर्न विद्यालयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (खनाल, २०६४,बाट उदृत) ।

टाइलर(१९४९)ले अमेरिकन विद्यालयको पाठ्क्रम कसरी विकास गर्नु पर्दछ भन्ने सम्बन्धमा आफ्नो नमुना प्रस्तुत गरेका थिए । उनको यो पाठ्यक्रम विकासको नमुनालाई उद्देश्य उन्मुख नमूना, पुरानो नमुना, माध्यम अन्त्य नमुना जस्ता नामले पनि पुकार्ने गरेको पाइन्छ । टाइलरले पाठ्यक्रमको विकास गर्दा ध्यान दिनुपर्ने निम्न चारवटा कुराहरू उल्लेख गरेका छन् :

क) विद्यालयले कस्ता शैक्षिक उद्देश्यहरू प्राप्त गर्न खोज्नु पर्दछ ?

ख) ती शैक्षिक उद्देश्यहरू प्राप्त गर्न के कस्ता सिकाइअनुभवहरू प्रदानगर्न सकिन्छ ?

ग) शैक्षिक अनुभवलाई कसरी प्रभावकारी ढङ्गबाट सङ्गठन गर्न सकिन्छ ?

घ) ती उद्देश्यहरू प्राप्त भए नभएको कसरी निर्धारण गर्न सकिन्छ ?

यी माथि उल्लेखित पाठ्यक्रमका चारवटा तत्त्वहरूलाई छोटकरीमा भन्दा उद्देश्यको छनौट, सिकाइ अनुभवको छनौट, सिकाइ अनुभवको सङ्गठन र मूल्याङ्कन हुन् । यी चारवटै प्रत्येक तत्त्वहरूको तार्किक र क्रमवद्धरूपमा व्याख्या गरेर मात्र पाठ्यक्रमको विकास सम्भव हुन्छ भन्ने कुराको व्याख्या टाइलरले गरेका छन् ।

प्रत्येक शैक्षिक कार्यक्रमका लक्ष्य तथा उद्देश्य नै त्यस कार्यक्रमले प्राप्त गर्न खोजेका कुराहरू हुने हुँदा पाठ्यक्रम निर्माण तथा विकास जसका लागि गरिने हो, उसैलाई मध्यनजर राखेर पाठ्यक्रम निर्माण गर्नु  उपयुक्त हुन्छ । तसर्थ कुनै पनि तहको पाठ्यक्रम निर्माण गर्दा सिकारुको चाहना, रुची रआवश्यकतालाई ध्यान दिनु पर्दछ । त्यस्तै गरेर सिकारुहरू फरक फरक सामाजिक  पृष्टभूमिबाटआउने भएको हुँदा समाजको स्थिति अवस्था, पृष्ठभूमि आदिकुराहरूको समेत अध्ययन गरेर पाठ्यक्रमको उद्देश्य निर्माण गर्नु पर्दछ । यसका साथै सिकाइ मनोविज्ञानको आधार देश र समाजले अवलम्बन गरेको दर्शन र विषय विशेषज्ञको राय सुझाव समेतलाई ध्यानमा दिई उद्देश्य तय गर्नु पर्ने कुरा उल्लेख गरेका छन् ।

टाइलरले लक्षित उद्देश्य प्राप्त गर्न के कस्ता सिकाइ उपलब्धि छनौट गर्ने भन्ने सन्दर्भमा सिकारूको आन्तरिक अवस्था र उसको वाह्य वातावरणवीचको अन्तरक्रिया कति प्रभावकारी बनाउन सकिन्छ, त्यसैमा सिकाइ उपलब्धि भर पर्दछ भन्ने कुरा बताएका छन् । त्यस्तै गरेर सिकाइ अनुभवले उद्देश्य अनुसारको व्यवहारको अभ्यास गर्न अवसर दिनुका साथै, सिकारुलाई सन्तुष्टी प्रदान गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्दछ । एउटा सिकाइ अनुभव विभिन्न सिकाइ उपलब्धि हासिल गराउन सक्ने हुनुपर्दछ भन्ने जस्ता कुरा उल्लेख गरेका छन् । अर्को शब्दमा भन्ने हो भने सिकारुको क्षमता, देशको सांस्कृतिक, आर्थिक, भौगोलिक, जातिगत स्थितिको गहन अध्ययन र विश्लेषण गरी सिकाइ अनुभव छनौट गर्नु पर्दछ भन्ने कुरा औंल्याएका छन् ।

सिकाइ अनुभवलाई प्रभावकारी ढङ्गले सङ्गठन गर्ने सन्दर्भमा टाइलरले तीनवटा आधारहरू उल्लेख गरेका छन् । पहिलो आधारलाई उनले निरन्तरता भनेका छन् । यो छनौट गरिएका सिकाइ अनुभवको ठाडो र लम्बीय सङ्गठन हो । त्यस्तै गरेर सिकाइ अनुभवलाई सङ्गठन गर्ने दोस्रो आधारको रूपमा क्रमलाई मानेका छन् । यसले पाठ्यक्रममा भएका विषयवस्तुलाई क्रमवद्धरूपमा राख्नुपर्ने कुरालाई इङ्गित गर्दछ । सिकाइ अनुभवको सङ्गठन गर्ने तेस्रो आधार समन्वय हो । यसले विषयवस्तुलाई के कसरी निरन्तरता दिने र कुन क्रममा राख्ने भन्ने कुराको समन्वय गर्दछ ।

पाठ्यक्रम विकासको अन्तिम चरणको रूपमा मूल्याङ्कनलाई लिइएको छ । यसले पाठ्यक्रमले राखेका उद्देश्यहरू के कति मात्रामा पूरा हुन सके भन्ने कुराको निर्क्योल तथा

मूल्याङ्कन गर्दछ । यसका लागि परीक्षा, अनुगमन, अवलोकन, अन्तरवार्ता, प्रश्नावली आदि जस्ता विभिन्न साधन र विधिहरू प्रयोग गर्न सकिन्छ (शर्मा र शर्मा, २०६१) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयको अनुसन्धान गर्नुभन्दा अगाडि अनुसन्धान कर्ताले पूर्व कार्यको समीक्षा गर्न नितान्त आवश्यक हुन्छ । किनकि अनुसन्धान गर्नेहरूका लागि पुन त्यही सोध पत्र मिल्न नजाओस् साथै अगाडिका शोधपत्र अध्ययन गर्नु किन पनि जरुरी छ भने आफ्नो शोध शीर्षकसँग नजिक रहेका पूर्व शोधपत्रहरूमा के के कुरा समेटिएका छन् र के के कुरा समेट्न बाँकी छन् बुझ्न जरुरी हुन्छ । वर्तमानलाई विगतले अझ गतिशील बनाउन सक्षम पार्ने हुँदा पूर्ववत् शोधपत्रहरू प्रत्यक्ष रूपमा सिंहावलोकन गर्नु आवश्यक हुन्छ । मैले मेरो विषय सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वसँग सम्बन्धित वा नजिक रहेका साहित्यहरूको पुनरावलोकन यसप्रकार गरिएको छ ।

ढकाल (२०५७)ले एम. एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको काठमाडौ जिल्लाका सार्वजनिक विद्यालयहरूमा सामाजिक शिक्षा र विद्यार्थी उपलब्धि सम्बन्धी एक अध्ययन नामक शोधपत्रमा सामाजिक विषयमा प्रयोग हुने शिक्षण विधि र उपलब्धि स्तरको बारेमा अध्यापन गरिएको छ । वहाँले शिक्षकले प्रयोग गर्ने विद्यार्थी केन्द्रित शिक्षण विधि र शिक्षक केन्द्रित शिक्षण विधि तथा अध्यापन गर्ने विषय शिक्षक तालिम प्राप्त हुनु र नहुनुले विद्यार्थीको सामाजिक विषयको सिकाइ उपलब्धि बढाउन के कस्तो प्रभाव रहन्छ भन्ने कुराको खोज गरि सुझाव दिइएको पाइन्छ ।

यस सोधपत्रको प्राप्तिमा कक्षा ८ को सामाजिक शिक्षा विषय दुई वर्षअघिदेखि लागु भए पनि हालसम्म शिक्षक निर्देशिका प्रकासित नभएकाले सामाजिक विषय शिक्षणमा शिक्षकहरूले उचित विधिको प्रयोग गर्न कठिन भएको, कानुन तथा व्यवस्थापन विषय अध्ययन गरेका शिक्षकहरूले दैनिक पाठयोजना नबनाई शिक्षण गर्ने गरेको, वार्षिक कार्य योजनालाई पाठयोजना भनेको, अधिकांश शिक्षकहरूले शिक्षणका क्रममा अत्यन्तै कम शैक्षिक सामग्री प्रयोग गरेको उल्लेख गरिएको छ । तर तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षणमा उपलब्धि भने समान पाइएको, कक्षा कोठा व्यवस्थापन समान किसिमले भएको, तालिम प्राप्त शिक्षकबाट पनि शिक्षक केन्द्रित विधि नै प्रयोग भएको

देखियो । यस शोधको निष्कर्षमा शिक्षक केन्द्रित विधिभन्दा विद्यार्थी केन्द्रित विधिले नै विद्यार्थी सिकाइ उपलब्धि वृद्धि गर्न मद्दत गर्दछ भन्ने कुरा उल्लेख भएको पाइयो ।

पौडेल (२०६६), ले एम. एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको माध्यमिक विद्यालय तहमा सामाजिक अध्ययन शिक्षणको अवस्था नामक सोधपत्रले सामाजिक अध्ययन विषयको शिक्षणमा शिक्षकका व्यवहारहरू सामाजिक अध्ययन शिक्षणका सवल र सुधार गर्नु पर्ने पक्षहरू र सामाजिक अध्ययन शिक्षणलाई प्रभावकारी बनाउने उपायहरूको बारेमा अध्ययन गरेको पाइन्छ । यस शीर्षकको अध्ययनका क्रममा माध्यमिक तहमा सामाजिक विषय शिक्षण गर्ने शिक्षकका शिक्षण व्यवहारहरूको अवस्था अध्ययन गर्ने क्रममा शिक्षणको तयारी, कक्षा कोठाको व्यवस्थापन र शिक्षण प्रक्रियाको अध्ययन गरी त्यसका सवल पक्ष र सुधार गर्नु पर्ने पक्ष औंल्याइएको छ । अध्ययनका क्रममा सबै विद्यालयहरूमा विद्यार्थीको संलग्नता नगराई शिक्षक र प्रधानाध्यापक मात्र मिलेर वार्षिक कार्य तालिका र समय तलिका निर्माण गरेको भेटियो । अर्को तिर अनुसन्धानका क्रममा छानिएका सबै विद्यालयका शिक्षकहरूले एक वर्षको वार्षिक शैक्षणिक योजना निर्माण गर्ने गरेको भनिए पनि व्यवहारमा त्यसो गरेको भेटिएन । उक्त अध्ययनमा तालिम प्राप्त र आवश्यक शैक्षिक योग्यता भएका शिक्षकले अध्यापन गरेको भए तापनि शिक्षकहरू कक्षा कोठामा जाँदा शिक्षण सिकाइ क्रियाकलापको को तयारी गरी शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको प्रयोग गरेर पढाइएको नपाउनुका साथै विद्यार्थीको उमेर र तह अनुसारका डेक्सबेञ्च नभएको र भएका ठाँउमा पनि विद्यार्थी मिलाएर राखिएको देखिएन । शोधपुछको क्रममा शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग गर्ने, प्रश्नोत्तर गर्ने, छलफल गर्ने, समुह कार्य गर्ने, परियोजना कार्य गराउने, प्रवचन, अवलोकन, प्रदर्शन, गीत नृत्यको प्रयोग गरेर शिक्षण गर्नु पर्दछ भने पनि अवलोकनको क्रममा त्यसो गरेको भेटिएन । शिक्षकले विशेष गरेर व्याख्यान विधिको बढी प्रयोग गरेको देखिन्छ । उक्त अध्ययनलाई हेर्दा विद्यालयमा सामाजिक विषयको शैक्षिक सामग्रीको पर्याप्तता नहुनु एउटा समस्या हो भने भएका शैक्षिक सामग्रीसमेत शिक्षकले कक्षा कोठामा नलगिदिनु यस अध्ययनले देखेको अर्को समस्या हो ।

सामाजिक अध्ययनको शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि स्थलगत भ्रमण गराउने, परियोजना कार्य दिने गर्नुका साथै बार्षिक कार्यतालिका, समय तालिका,

स्थलगत भ्रमण योजना आदि तयार गर्दा लक्षित समुहका विद्यार्थीलाई पनि सहभागी गराउनु पर्ने सुझाव दिइएको पाइन्छ ।

श्रेष्ठ (२०६८),ले एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न  तयार गरिएको माध्यमिक  तहमा शिक्षा पाठ्यक्रमको प्रभावकारिता नामक शोधपत्रले माध्यमिक तहको सामाजिक विषयको पाठ्यवस्तु मूल्याङ्कनको लागि विशिष्टिकरण तालिकाको प्रयोग, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको उपलब्धता, सामाजिक विषयको कार्यान्वयनको प्रक्रिया, शिक्षकको अवस्था, शैक्षिक सामग्रीको प्रयोग आदि जस्ता विषयहरू समावेश गरेको पाइन्छ ।

यो अध्ययन सामाजिक विषयको पाठ्यक्रमको कार्यान्वयन प्रक्रियाको अवस्थाको पहिचान गरी देखा परेका समस्याहरूको अध्ययन गर्दै समाधानका उपायहरूको खोजीमा समर्पित देखिन्छ । सामाजिक शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी विद्यार्थीको सिकाई स्तर सुधार्न गर्न शिक्षण सिकाइको क्रममा आफ्नो प्रयास र विद्यार्थीको सक्रियतामा शैक्षिक सामग्रीहरूको निर्माण गर्ने गरेको, वर्षको एक दिन स्थानीय धार्मिक तथा सांस्कृतिक महत्त्वको क्षेत्रमा भ्रमण गराउने गरिएको, विद्यालयको सुधारका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक, प्र.अ., शिक्षक र विद्यार्थी बीचमा घनिष्ट सम्बन्ध रहेको पाइन्छ । यस अध्ययनले समस्याको रूपमा श्रोत साधनको उपलब्धता कम हुन, मूल्याङ्कन तथा अनुगमन नहुनु, विद्यार्थीमा पृष्टपोषणको अभाव रहनु, यथेष्ट शैक्षिक सामग्री उपलब्ध नहुनु जस्ता समस्याहरू उल्लेख गर्नुका साथै समस्या समाधानका लागि उपायहरू समेत बताएको छ ।

ढकाल (२०६८), ले एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न तयार गरिएको प्राथमिक तहमा उदार कक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभाव नामक शोधपत्रले उदार कक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गरिएको छ । यस अध्ययनले प्राथमिक तहमा उदार कक्षोन्नतिका लागि पाठ्यक्रमले तय गरेका ५ वटा मापदण्डहरूलाई शिक्षकले प्रयोग गरेको पाइएन भनिएको छ । शिक्षकहरूमा कक्षोन्नतिको ज्ञान सिपको अभावका कारणले मुख्य आधार कार्य सञ्चयिकाको प्रयोग भएको देखिएन । त्यस्तै गरेर विद्यार्थीका अभिभावकहरूलाई आफ्ना छोराछोरीको

सिकाइ वातावरण तयार गर्न शिक्षकले प्रयास नगरेको, त्रैमासिक परीक्षामा विशिष्ट योगदान दिने विद्यार्थीलाई कक्षा उकास्न सकिने र ज्यादै कम सिकाइ उपलब्धिस्तर भएकालाई अभिभावकको परामर्शमा कक्षा दोहोऱ्याउन सकिने भन्ने मर्मलाई उपयोग गरेको भेटिएन । नमुना छनौटमा परेका विद्यालयका सम्पूर्ण शिक्षकहरू तालिम प्राप्त भएता पनि तालिममा प्राप्त गरेको ज्ञान तथा सिपलाई कक्षा कोठामा नपुऱ्याएको कारणले विद्यार्थीले  हासिल गर्ने सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको देखियो । निर्माणात्मक मूल्याङ्कनका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन र सुधारका लागि शिक्षक, अभिभावक र विद्यालय बीच एक आपसमा सूचना तथा सञ्चारको दोहोरो आदान प्रदान नभएको भेटियो । वि.नि. तथा स्रोतव्यक्तिहरूले उदार कक्षोन्नतिको सम्बन्धमा विद्यालयमा गई अनुगमन तथा पृष्ठपोषण नगरेको र शिक्षकले उदार कक्षोन्नतिलाई सरकारको नीति ठानी नजाने पनि फेल गर्न नपाइने हुँदा अनिवार्य रूपमा कक्षा चढाउनु पर्छ भन्ने सोचाइ राखेको देख्दा उदार कक्षोन्नतिको मर्म र भावनालाई आत्मसाथ गरेको पाइएन ।

कटुवाल (२०६८), ले एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न तयार गरिएको भौतिक व्यावस्थापनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव नामक सोधपत्रमा विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिलाई वृद्धि गर्न विद्यालयको भौतिक अवस्थाले अत्यन्त ठूलो भूमिका निर्वाह गरेको हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । उक्त अनुसन्धानले अधिकतम प्राथमिक विद्यालयहरूको भौतिक अवस्था निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको तुलनामा कमजोर भएको देखाइएको छ । जुन विद्यालयमा भौतिक अवस्था राम्रो छ, त्यस विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भएको, अतिरिक्त क्रियाकलाप बढी हुने गरेको, विद्यार्थी नियमित रहने गरेको र त्यस्ता विद्यालयहरूका विद्यार्थीहरूले बढी सिकाइ उपलब्धि हासिल गरेको देखियो । त्यस्तै गरेर जुन विद्यालयमा भौतिक अवस्था कमजोर रहेको छ त्यस्तो विद्यालयमा विद्यार्थी सङ्ख्या कमि, विद्यार्थीमा अनियमिता, अतिरिक्त क्रियाकलाप नियमित नहुने र विद्यार्थीको सिकाइ उपलब्धिस्तर कमजोर रहेको उल्लेख छ ।

विद्यालयको मुख्य उद्देश्य विद्यार्थीहरूलाई उनीहरूको आवश्यकता अनुसारका ज्ञान,सीप र अभिबृत्ति हासिल गराई उनीहरूलाई सक्षम बनाउने हो । यसका लागि

पाठ्यक्रमले तोकिएका प्रत्येक कक्षा र विषयका सिकाइ उपलब्धिहरू विद्यार्थीले हासिल गर्दै जानु पर्दछ । यस अध्ययनले विद्यार्थीहरूमा अधिकतम सिकाइ उपलब्धि हासिल गराउन भौतिक व्यवस्थापनलाई जोड दिइएको पाइन्छ । भौतिक व्यवस्थापन पक्षमा देखिएको समस्या समाधानका लागि स्थानीय स्तरमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुका साथै केन्द्रीय तहबाट नै नीतिगत रूपमा कार्यक्रमहरू आउन पर्ने ठहर गरिएको छ ।

वी.सी. (२०६९), ले एम.एड. दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरागर्न सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन नामक शोधपत्र तयार गर्नु भएको छ । उक्त शोधपत्रले मानिसलाई एक प्रभावकारी नागरिकको रूपमा आवश्यक पर्ने ज्ञान सिप र प्रवृत्ति विकास गर्न मिश्रित विषयवस्तु समेटिएको सामाजिक विषय अध्ययन अध्यापन गर्न गराउन अत्यन्त जरुरी हुने हुँदा प्राथमिक तहदेखि नै यस विषयलाई राखिएको कुरा उल्लेख छ । यस अध्ययनले सामुदायिक तथा संस्थागत दुवै विद्यालयले एउटै पाठ्यक्रमका आधारबाट तयार पारिएका सामाजिक विषयका पाठ्यपुस्तकमा भन्दा संस्थागत विद्यालयका पाठ्यपुस्तकमा बढी विषयवस्तु समावेश गरिएको उल्लेख छ । त्यस्तै गरेर संस्थागत विद्यालयको पाठ्यपुस्तकको व्याख्या र विश्लेषण पनि तुलनात्मक रूपमा गहन र बिस्तृत रहेको देखिन्छ । पाठ्यपुस्तकमा अभ्यास र क्रियाकलापहरू प्रसस्त रहेको भए पनि समय अभाव र खर्चिलो हुने भएको कारण कार्यान्वयनमा कठिनाइ हुने गरेको उल्लेख छ । मुख्य गरेर यस सोधले सामुदायिक तथा संस्थागत विद्यालयको पाठ्यवस्तुमा भएको फरक र मिल्दो कुरा पत्ता लगाउन खोजिएको देखिन्छ । प्रभावकारी रूपमा सिकाइ उपलब्धि कसरी हासिल गराउन सकिन्छ भन्ने कुरामा यो अध्ययन आकर्षित भएको पाइन्छ । सामाजिक अध्ययनको सिकाइ उपलब्धि विद्यार्थीमा हासिल गराउन के के ले सहयोग गर्दछ वा कुन् कारक तत्वका प्रभावले विद्यार्थीको सामाजिक अध्ययनको सिकाइ उपलब्धि बढी हुन जान्छ भन्ने कुरा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा यस अनुसन्धानमा समेटिएको छ । यस शोधले पाठ्यपुस्तकमा दिइएको विषयवस्तुको समान रूपले व्याख्या र विश्लेषण गरिनु पर्ने , विषयवस्तुको महत्त्व र समय सापेक्षताका आधारमा उचित एकाइभार दिनुपर्ने, सिर्जनशील एवं तालिमप्राप्त शिक्षकद्वारा शिक्षण गरिनु पर्ने, स्थानीय ठाउँ बाहेक अन्य भौगोलिक तथा ऐतिहासिक महत्त्वका स्थानमा शैक्षिक

भ्रमणको व्यवस्था विद्यालयले मिलाउनु पर्ने, व्यवहारमा लागु हुने घट्ना तथा समस्यालाई उदाहरणको रूपमा प्रस्तुत गरेर अध्यापन गर्नुपर्ने जस्ता सुझाव दिएर सिकाइमा सुधार ल्याउने उपाय सुझाइएको छ ।

यी माथि उल्लिखित सम्बन्धित साहित्यको पुनरावलोकन शीर्षक अन्तर्गत प्रस्तुत भएका अनुसन्धानहरू मेरो अनुसन्धानको विषयसँग नजिक रहेता पनि मैले अनुसन्धान गर्न खोजिएको विषयसँग ठ्याक्कै मिल्ने किसिमको भएको पाइएन । ढकाल, (२०५७) ले काठमाडौं उपत्यका भित्रका कक्षा ८ का विद्यार्थीहरूको सामाजिक विषयको सिकाइ उपलब्धिका बारेमा अनुसन्धान गरेका छन् भने पौडेल, (२०६६) ले सामाजिक अध्ययनका सवल र सुधार गर्नुपर्ने पक्षको अध्ययन गरेका छन् । त्यस्तै गरेर श्रेष्ठ (२०६८) ले माध्यमिक तहमा सामाजिक विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन गरेका छन् भने कटुवाल (२०६८) ले भौतिक व्यावस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव बारे अनुसन्धान गरेका छन् । यसै गरेर ढकाल २०६८ ले प्राथमिक तहमा उदार कक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभाव र वि.सी (२०६९) ले सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन भन्ने विषयमा अनुसन्धान गरेका छन् । यी अनुसन्धानत्मक कृतिहरूको अध्ययनले सामाजिक अध्ययनको शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन विषययमा गहन अध्ययन भएको देखिएता पनि सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्व खोजी तर्फ उन्मुख भएको भेटिएन । तसर्थ उक्त कुराको विशिष्टिकृत रूपमा खोजी गरी सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू पत्ता लगाउन यो अध्ययन गर्ने जमर्को गरिएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

कुनैपनि अनुसन्धान अगाडि बढाउन त्यस अनुसन्धानका सम्बन्धमा मिल्दाजुल्दा अन्य अनुसन्धान कर्ताले के कति अध्ययन गरेका छन् ।थाहा पाउन आवश्यक हुन्छ । विगतमा भएका अनुसन्धानकर्ताले के विषयमा कुन कुन हदसम्म अनुसन्धान गरेका छन् । त्यसबाट के के कुरा पत्ता लागेका छन् र के पत्ता लगाउन बाँकी छन् भन्ने कुरा पत्ता लगाउन आवश्यक हुन्छ । यदि सम्बन्धित साहित्यको पुनरावलोकन नगर्ने हो भने आफूले गर्न खोजेको अनुसन्धानबाट सुरु गर्ने र कतिसम्म गर्ने भन्ने टुङ्गो लगाउन गाह्रो हुन्छ । सम्बन्धित साहित्यको अध्ययन नगरी अनुसन्धान गरिएका कुरा दोहोरिन गई यसको महत्व

नै सङ्कटमा पर्न सक्तछ । तसर्थ अनुसन्धान कर्ताले कुनै विषयको अनुसन्धान गर्नु भन्दा पहिले आफ्नो शीर्षक छनौट गर्दा नै त्यस सम्बन्धी साहित्यको अवस्था के छ र त्यस विषयमा आजसम्म के कति अध्ययन अनुसन्धान भएको छ पत्ता लगाउनु पर्दछ ।

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूसँग सम्बन्धित साहित्यको अध्ययनले शोध अध्ययनलाई अघि बढाउन मार्ग निर्देशन गर्नुका साथै आजसम्म सामाजिक अध्ययनको क्षेत्रमा क-कस्ले के कस्ता अध्ययन गरेका छन् भन्ने कुरा जानकारी हुन्छ । साहित्यको पुनरावलोकनबाट लिइएका प्राप्तिले सामाजिक अध्ययनको क्षेत्रमा देखिएको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरूको अध्ययनबाट यस क्षेत्रमा काम गर्ने  शिक्षक, विद्यार्थी, प्रधानाध्यापक तथा नीति निर्माताहरूलाई विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने सम्बन्धमा मार्ग निर्देशन गर्ने भएको हुँदा साहित्यको पुनरावलोकनले शैक्षिक क्षेत्रमा काम गर्ने सम्पूर्ण सरोकारवालाहरूलाई यसको महत्वपूर्ण उपदेयता हुन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूको व्याख्या एवम् विश्लेषण गर्दा कतिपय ठाउँमा व्याख्यात्मक कुराहरू आउने भएको हुदाँ त्यस्तो अवस्थाको व्याख्या एवं विश्लेषण गर्दा वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने परिणामको रूपमा आउने तथ्याङ्कको व्याख्या एवं विश्लेषण गर्दा परिमाणात्मक विधिको प्रयोग गरिएको छ। कतिपय सन्दर्भहरूलाई पुष्टि गर्नका निमित्त व्याख्यात्मक एवं विश्लेषणात्मक विधि पनि अपनाइएको छ। सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वको विश्लेषण गर्दा त्यसका राम्रा र नराम्रा दुवै पक्षहरू आउने हुनाले यसमा समालोचनात्मक विधि स्वतः समावेश भएको छ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनौट रणनीति

यस अध्ययनका लागि विराटनगर उपमहानरपालिका भित्रका राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गतका तीनवटा विद्यालयहरूलाई लिइएको छ। जसमा श्री पोखरिया उ.मा.वि. विराटनगर-४, श्री सत्यनारायण उ.मा.वि. विराटनगर-८ र श्री राधाकृष्ण मा.वि. विराटनगर-१ रहेका छन्। उक्त विद्यालयका प्र.अ., सामाजिक विषयका विषय शिक्षक, कक्षा १० का विद्यार्थी, व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई यस अध्ययनका लागि जनसङ्ख्याको रूपमा लिइएको छ।

जनसङ्ख्या छनौट सन्दर्भमा प्रत्येक छनौट गरिएका विद्यालयका प्र.अ. ३ जना, सामाजिक विषय पढाउने विषय शिक्षक ३ जना, प्रत्येक विद्यालयमा १० जनाका दरले कक्षा १० का विद्यार्थी ३० जना, विद्यालय अध्यक्ष ३ जना,शिक्षक अभिभावक संघका अध्यक्ष ३ जना, विद्यालय निरिक्षक एकजना र स्रोतव्यक्ति १ जना समेत गरी जम्मा ४४ जना व्यक्तिहरूबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ।

छनौट भएका विद्यालयका विद्यार्थीबाट जनसङ्ख्या छनौट गर्ने सन्दर्भमा सूचना सङ्कलन गर्ने विद्यार्थीलाई छात्र छात्रा गरी दुई समूहमा बाँडियो। १ लेखिएका चिठ्ठा १० वटा र ० लेखिएका चिठ्ठा विद्यार्थी सङ्ख्याको आधारमा मिलाई छात्रालाई चिठ्ठा टिप्न

लगाइयो । १/१ चिठ्ठा पाउने ५ जना छात्राहरूको नाम डायरीमा टिपोट गरियो । यस्तै विधिबाट छात्रहरू पनि ५ जना छनौट गर्ने काम भयो भने वि.व्य.स. र शि.अ.सं. गठन नभएका ठाउँमा अभिभावकको छनौट गर्दा प्र.अ. सहायक प्र.अ. र शिक्षक प्रतिनिधिले दिनु भएकानामलाई नै आधार मानियो ।

हाम्रो समाजको संरचना, संस्कृति, रितिरिवाज, चालचलन, धर्म, रुढीवादी संस्कृति आदिका कारणले अहिले पनि छात्रा वा छात्रलाई अभिभावकले हेर्ने दृष्टिकोणमा केही न केही फरक रहेको पाइन्छ । त्यसैले छात्राहरूको भिन्न समस्या भएमा ती पनि आउन र छात्रहरूको समस्याहरू पनि आउन् भन्ने दृष्टिकोणले माथिका आधारमा ५/५ जना छात्रा छात्रहरू लिइएको हो । सबै विद्यार्थीलाई जनसङ्ख्याको रूपमा राख्दा अनुसन्धान गर्न समय र श्रम वढी लाग्ने हुनाले थोरै सङ्ख्या लिनु यस शोधको सीमा हो । कुनै पनि विद्यालयमा विद्यार्थीहरूलाई घरमा राम्रो किसिमको वातावरण दिएर पठन पाठन गराउने, घरमा पनि कुनै वातावरण नै नदिई विद्यालय मात्र पठाउने, आक्कल झुक्कल मात्र विद्यालय पठाएर घरमा काममात्र लगाउने, छोरा र छोरीलाई विभेद गर्ने जस्ता अभिभावकहरू हुन सक्ने भएकाले ती सवै किसिमका अभिभावकको प्रतिनिधित्व होस भन्ने दृष्टिकोण राख्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरूबाट अन्तर्वार्ता लिई यो शोधपत्र तयार गरिएको छ ।

## ३.३. अध्ययनको क्षेत्र

यस शोधको विषयवस्तुको क्षेत्रभित्र सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू केके हुन् ? कुन कुन कुराले सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा सुधार ल्याउन मद्दत गर्दछ ? जस्ता कुराहरू यस अध्ययनको क्षेत्र भित्र पर्दछन् । यस शोधका लागि कक्षा १० को सामाजिक अध्ययनलाई यसको विषयवस्तुको क्षेत्र मानिएको छ भने मोरङ जिल्लाको राधाकृष्ण स्रोतकेन्द्रलाई भौगोलिक क्षेत्र मानिएको छ ।

## ३.४. तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस अध्ययन सम्बन्धी सोधकार्यका निमित्त तपशीलमा संलग्न रहेका साधन र तरिकाको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

क) प्रश्नावली : प्र. अ. शिक्षक, विद्यार्थीको प्रश्नावली बनाई विद्यालयमा गएर भर्न लगाइयो भने वि.नि.लाई शिक्षा कार्यालयमा र स्रोतव्यक्तिलाई स्रोतकेन्द्रमा गई प्रश्नावली दिई भर्न लगाइयो ।

ख) अन्तर्वार्ता सूची : विद्यार्थीलाई कक्षा कोठामा गई अभिभावकलाई विद्यालयमा बोलाउन लगाएर र घरमा समेत गएर अन्तर्वार्ता लिइयो ।

ग) अभिलेख अध्ययन : विद्यालयमा रहेका विद्यार्थीको सामाजिक विषयको सिकाइ उपलब्धि र हाजिरी खाताअध्ययन गरियो ।

यी माथि उल्लेख गरिएका साधनहरूलाई अनुसूची १, २, ३, ४, ५, ६,७,८ र ९मा राखिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनमा प्रयोग गरिएका साधनमध्ये लिखित रूपमा प्रश्नावली तयार गरी सम्वन्धित पक्षलाई दिएर लिखित रूपमा उत्तर सङ्कलन गरिएको छ । यसै गरी अन्तर्वार्ताका निमित्त अग्रिम रूपमा बनाइएका प्रश्नहरू सोधी आएका उत्तरहरूलाई डायरीमा टिपोट गरी तथ्य सङ्कलन गरिएको छ । अग्रिम रूपमा तयार गरिएका संरचित प्रश्न बाहेक सन्दर्भसँग जोडिएर आएका असंरचित प्रश्नहरूको समेत डायरीमा टिपोट गरी तथ्य सङ्कलन गरिएको छ । प्रधानाध्यापकका लागि प्रधानाध्यापकको कार्यालय र शिक्षकको लागि शिक्षक कक्षामा बसेर तथ्याङ्क सङ्कलन गरिएको छ भने विद्यार्थीबाट कक्षा कोठामा गएर तथ्याङ्क सङ्कलन गर्ने काम भएको छ । अभिभावकको हकमा विद्यालयमा भेट भएका अभिभावकहरूलाई विद्यालयमा र भेट नभएको अभिभावकहरूलाई उनीहरूकै घरमा गएर तथ्याङ्क सङ्कलन गरिएको छ ।

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू सम्बन्धी यी विभिन्न सूचनाहरू सङ्कलन गर्न जाँदा सफा, साधारण पोशाक लगाएर, उनीहरू जस्तै भएर बोलचाल गरी उनीहरूको भावनामा चोट नलाग्ने किसिमले नम्र भइ विश्वासमा लिएर सूचना सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको व्याख्या तथा विश्लेषण गर्दा बढी स्पष्ट होस् भनेर तालिका र औषत जस्ता उपकरणहरू प्रयोगमा ल्याइएको छ ।जसमा व्याख्यात्मक तालिका प्रयोग गरिएको ठाउँमा गुणात्मक विधि र अङ्क तथा परिमाण तालिका प्रयोग भएको ठाउँमा परिमाणात्मक विधि उपयोग गरिएको छ ।

# परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरूको व्याख्या एवम् विश्लेषण गर्ने सन्दर्भमा यस अध्ययनका लागि माथि प्रस्तावनामा उल्लेख गरिएका तथ्याङ्क सङ्कलनका विधि र प्रक्रिया प्रयोग गरिएको छ । स्थलगतरूपमा गई प्राप्त भएका तथ्याङ्कका आधारमा यस शोध अध्ययनलाई बुँदागत रूपमा तपशील अनुसार नतिजाको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ४.१. सामाजिक अध्ययनको शिक्षण सिकाइ क्रियाकलापको वर्तमान अवस्था

यस उद्देश्यको परिपूर्ति गर्नका लागि स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएका तथ्यहरूका आधारमा निम्नानुसारका उपशीर्षक तयार गरी व्याख्या एवम् विश्लेषण गरिएको छ : ।

### ४.१.१ शिक्षकहरूको शैक्षिक योग्यता मूल विषय र शिक्षण अनुभव

शिक्षा ऐन २०२८ तथा शिक्षा सेवा आयोगको नियमावली, २०५० ले माध्यमिक तहमा अध्यापन गर्ने शिक्षक हुनका लागि सम्बन्धित विषयमा स्नातक गरी तालिम प्राप्त गरेको अथवा वि.एड. वा सो सरहको योग्यता हासिल गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने उल्लेख गरेको छ । त्यस्तै गरेर शिक्षक बढुवाको लागि तालिम अनुभव र माथिल्लो योग्यतालाई विशेषग्राह्यता दिइएको छ । कक्षा १० को सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्व परिपूर्ति गर्ने सन्दर्भमा तोकिएका विद्यालयका शिक्षकहरूको शैक्षिक योग्यता, मूल विषय र अनुभवका सम्बन्धमा निम्नानुसारको तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिका नं. एक : शिक्षकहरूको शैक्षिक योग्यता, मूल विषय र अनुभवको अवस्था

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| १. योग्यता | वि.एड. | एम.ए. ⁄ वि.एड. | वि.एड. |
| २.शिक्षण अनुभव | २२ वर्ष | १५ वर्ष | १५ वर्ष |
| ३. मूल विषय | इतिहास ⁄ राजनीति शास्त्र | समाजशास्त्र ⁄ राजनीति शास्त्र | अर्थशास्त्र ⁄ भूगोल |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. एकलाई आधारमानी विश्लेषण गर्दा सत्यनारायण उ.मा.वि.मा सामाजिक अध्यापन गर्ने शिक्षकको शैक्षिक योग्यता वि.एड. र मूल विषय इतिहास तथा राजनीति शास्त्र रहेको छ भने उनले कक्षा १० को सामाजिक विषय अध्यापन गरेको अनुभव २२ वर्ष रहेको छ। त्यस्तै गरेर पोखरिया उ.मा.वि.मा अध्यापनरत सामाजिक विषय शिक्षकको शैक्षिक योग्यता एम.ए./वि.एड. तथा मूल विषय राजनीति शास्त्र र समाजशास्त्र छ भने वहाको सामाजिक विषय अध्यापनको शिक्षण अनुभव १५ वर्ष रहेको देखिन्छ। मूल विषय अर्थशास्त्र लिइ वि.एड. गरेका  राधाकृष्ण मा.वि. विराटनगरका सामाजिक अध्यापन गर्ने शिक्षकको शिक्षण अनुभव १५ वर्ष रहेको छ। यसरी हेर्दा कक्षा १० को सामाजिक अध्यापन गर्नेतीनवटै विद्यालयका तीनैजना शिक्षकको न्यूनतम शैक्षिक योग्यता पूरा गरेका, सामाजिक समूहको मूल विषय भएका र लामो समयसम्म शिक्षण अनुभव भएका देखिन्छन्।

### ४.१.२ सामाजिक अध्ययनको शैक्षिक सत्र २०६९र०७०को औषत सिकाइ उपलब्धिको अवस्था

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले कक्षा १० को सामाजिक विषयको पूर्णाङ्क १०० र उत्तीणाङ्क ३२ हुनु पर्ने उल्लेख गरेको छ। पाठ्यक्रममा भएका सिकाइ उपलब्धिहरू विद्यार्थीले के कति हासिल गरे भन्ने कुरा पत्ता लगाउन सामाजिक विषयको विशिष्टिकरण तालिका अनुसारका तयार गरिएका ज्ञान तथा बोध प्रयोगात्मक तथा खोजमुलक सिप, खोजमुलक चिन्तन तथा सिर्जनात्मक सिप, अभिवृत्ति र मूल्याङ्कनसँग सम्बन्धित छोटा लामा २६ ओटा प्रश्न मार्फत तीन घण्टाको समयमा लेखिएका उत्तरका आधारमा प्रस्तावनामा तोकिएका तीनओटा विद्यालयको  शैक्षिक वर्ष ०६९ र ०७० को सामाजिक विषयको औषत सिकाइ उपलब्धिलाई निम्न तालिकामा प्रस्तुत गरेर व्याख्या तथा विश्लेषण गरिएको छ।

तालिका दुई : सामाजिक अध्ययनको शैक्षिक सत्र ०६९ र ०७० को औषत सिकाइ उपलब्धि

| विद्यालय / विवरण | शैक्षिक बर्ष | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. | औषत |
|---|---|---|---|---|---|
| सामाजिक विषयको औषत सिकाइ उपलब्धि | २०६९ | ३०.६२ | ३७.६२ | २५.१९ | ३१.१४ |
| | २०७० | २८.६५ | ३९.३२ | २५.४० | ३१.१२ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

*नोटः तालिकामा प्रस्तुत गरिएको सि.उ. औषतमा देखाइएको छ ।*

तालिका दुईका आधारमा व्याख्या तथा विश्लेषण गर्दा सत्यनारायण उ.मा.वि. पोखरिया उ.मा.वि. र राधाकृष्ण मा.वि.का विद्यार्थीले २०६९ सालमा सामाजिक विषयमा प्राप्त गरेको औषत सिकाइ उपलब्धि क्रमश ३०.६२, ३७.३१, २५.१९ रहेको छ । त्यस्तै गरेर २०७० सालको औषत सि.उ. क्रमश २८.६५, ३९.३२, २५.४० रहेको पाइन्छ । यस तथ्याङ्कको आधारमा हेर्दा पोखरिया मा.वि. को दुवै वर्षको सिकाइ उपलब्धि औषत ३७ भन्दा बढी देखिन्छ भने सत्यनारायण मा.वि.को ३१ भन्दा कम र राधाकृष्ण मा.वि.को २५ भन्दा केही बढी मात्र देखिन्छ ।

समग्रमा हेर्दा १०० पूर्णाङ्क भएको सामाजिक अध्ययनको औषत अङ्क ५० % भन्दा धेरै कम लगभग ३१% मात्र हुनुले सामाजिक अध्ययनको सिकाइ उपलब्धि धेरै न्युन भएको देखिन्छ ।

## ४.१.३ शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको सहभागिता

शिक्षण सिकाइक्रियाकलापमा शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सुरु गर्नु भन्दा पहिले धेरै कुराको तयारी वा योजना बनाएको हुनु पर्दछ । यस शोधको उद्देश्य पूर्तिका लागि प्रस्तावनामा उल्लेख भएका तीनवटा माध्यमिक विद्यालयमा प्राप्त भएका सूचनाका आधारमा शिक्षकको शिक्षण सिकाइ क्रियाकलापलाई निम्नानुसारको उपशीर्षकमा विभाजन गरेर तालिकामा आवद्ध गरी नतिजाको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ४.१.३.१ शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगको अवस्था

शिक्षकबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिरहँदा शैक्षिक सामग्रीको प्रयोग कुन रूपमा भइरहेको छ भन्ने कुरालाई तोकिएका विद्यालयका सम्बन्धित प्र.अ. शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक र स्रोतव्यक्तिबाट आएका तथ्यलाई तालिका नं. ३ मा प्रस्तुत गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

तालिका तीन : शैक्षिक सामग्री व्यवस्थापन र प्रयोगको अवस्था

| विद्यालय / सरोकारवाला | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| प्र.अ.को भनाइ | शिक्षक आफैँले निर्माण र प्रयोग गर्ने गरेको । | आफै निर्माण र प्रयोग गर्ने गरेको । | नक्सा,ग्लोव मात्र प्रयोग हुन्छ शिक्षकबाट शै.सा. निर्माण तथा खरिदका लागि समयमा नै कुरा आउदैन । |
| शिक्षकको भनाइ | शैक्षिक सामग्री प्रयोग हुने गरेको र अपुग शै.सा. कालोपाटीमा निर्माण गरी प्रदर्शन गर्ने गरेको । | शैक्षिक सामग्रीको सङ्कलन गर्ने गरेको । | शैक्षिक सामग्रीको प्रयोग गरेको र अपुग सामग्री कालोपाटीमा लेखेर प्रदर्शन गर्ने गरेको । |
| विद्यार्थीको भनाइ | शैक्षिक सामग्रीको प्रयोग हुन्छ भन्ने विद्यार्थी १०० %। | शै.सा. को प्रयोग हुन्छ भन्ने १०%। | शैक्षिक सामग्रीको प्रयोग हुन्छ भन्ने २०%। |
| वि.नि. को भनाइ | प्राय : विद्यालयहरूमा बजारमा उपलब्ध शैक्षिक सामग्रीमात्र न्यून रूपमा उपलब्ध हुन्छ । | | |
| स्रोतव्यक्तिको भनाइ | प्राय विद्यालयमा ग्राफ, नक्सा र चार्टमात्र उपलब्ध छन् । | | |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

तालिका नं. ३ लाई विश्लेषण गर्दा सत्यनारायण उ.मा.वि.मा प्र.अ. ले शिक्षक आफैले शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने गरेको भन्ने कुरा बताएको र नमुनामा छनौट भएका अधिकांश विद्यार्थीले शिक्षकले सधै शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ भने तापनि शिक्षक आफैले अपुग चार्ट, नक्सा, तालिका आदि जस्ता शैक्षिक सामग्री कालोपाटीको प्रयोग गरी प्रदर्शन गर्दछु भनिएबाट शैक्षिक सामग्रीको प्रयोग प्रर्याप्त नभएको

पाइन्छ । त्यस्तै गरेर पोखरिया उ.मा.वि. का प्रधानाध्यापकले यस विद्यालयका शिक्षकले शैक्षिक सामग्रीको निर्माण एवम प्रयोग गर्दछन् भन्नु र शिक्षकले उस्तै आशयको कुरा बताइएतापनि नमुना छनौटमा परेका ९०% विद्यार्थीले पर्याप्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग हुदैन भन्नुले सामाजिक विषयका शिक्षकहरूले अत्यन्त कम शैक्षिक सामग्रीको प्रयोग गरे भन्ने स्पष्ट हुन्छ । त्यस्तै गरेर राधाकृष्ण मा.वि.का प्र.अ.ले समयमा नै चासोका साथ शैक्षिक सामग्रीको आवश्यकताका बारेमा सामाजिक विषयका शिक्षकले कुरा ल्याउने नगरेको, शैक्षिक सामग्रीको निर्माण कार्य सामान्य मात्र भएको र शैक्षिक सामग्रीको रूपमा ग्लोव नक्सा आदिमात्र प्रयोग हुने गरेको पाइन्छ । त्यस्तै गरेर शिक्षकले शैक्षिक सामग्रीको आवश्यकता परिपूर्तिका लागि कक्षा सञ्चालन समयमा नै कालोपाटीमा नक्सा, चार्ट स्तम्भ चित्र जस्ता सामग्री बनाएर प्रदर्शन गर्ने कुराबाट शैक्षिक सामग्रीको निर्माण र प्रयोग न्यून रूपमा देखियो । ८०% विद्यार्थीबाट शिक्षकले शैक्षिक सामग्रीको प्रयोग प्रशस्त मात्रामा गर्दैनन् भन्नुले पनि शैक्षिक सामग्री निम्न रूपमा प्रयोग हुने गरेको स्पष्ट हुन्छ ।

विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकको भनाइ अनुसार उनीहरूको सेवा क्षेत्र भित्रका सामाजिक अध्यापन गर्ने शिक्षकले मिहेनतपूर्वक पाठको आवश्यकता अनुसारका प्रचुर मात्रामा शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गरेको देखिएन । प्रायः विद्यालयहरूका सामाजिक विषय शिक्षण गर्ने शिक्षकले बजारमा उपलब्ध भएका ग्लोव नक्सा आदि जस्ता थोरै शैक्षिक सामग्रीहरू मात्र खरिद गरी प्रयोग गरेको देखिन्छ । स्थलगत रूपमा शिक्षक विद्यार्थी तथा प्रधानाध्यापकको कोठामा अवलोकन गर्दा पनि प्रायः विद्यालयमा सामाजिक विषयको रूपमा ग्लोव र नक्सा मात्र भेटिनुले वि.नि. तथा स्रोतव्यक्तिले भनेको भनाइ नै ठीक भएको पुष्टी हुन्छ ।

समग्रमा शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनलाई हेर्दा कुनै पनि विद्यालयले योजनाबद्ध रूपमा प्रचुरमात्रामा शैक्षिक सामग्रीको निर्माण र प्रयोग गरेको देखिएन । बजारमा उपलब्ध नक्सा, ग्लोब र चार्टलाई नै सामाजिक अध्ययनको लागि चाहिने सम्पूर्ण शैक्षिक सामग्री मानेको पाइयो ।

## ४.१.३.२ कक्षा व्यवस्थापन, शिक्षण विधि र विद्यार्थीले पाउने समय

शिक्षकले गर्ने कक्षा व्यवस्थापन र शिक्षण विधिले शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक प्रभाव पार्ने हुनाले तोकिएका विद्यालयको कक्षा व्यवस्थापन र शिक्षण विधिलाई निम्नानुसारको तालिकाबाट व्याख्या एवं विश्लेषण गरिएको छ ।

तालिका  चार : कक्षा व्यवस्थापन, शिक्षण विधि र विद्यार्थीले पाउने समय

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| विद्यार्थीले पाउने समय | ) कक्षामा धेरै समय शिक्षकले र केही समय विद्यार्थीले पनि प्रयोग गर्ने गरेको । | ) शिक्षकले केही समय पढाएपछि सामुहिक कार्य दिने गरेको ।<br>) नबुझेको कुरा सोध्ने गरेको ।<br>) बीचबीचमा शिक्षकले हसाउने गरेको । | ) विद्यार्थीले प्रश्न सोध्ने गरेको । |
| कक्षा व्यवस्थापन | ) समुह बनाई छलफल गराउने नगरिएको ।<br>) बसाई व्यवस्थापन पनि सो अनुसार नभएको । | ५ समूह बनाई कक्षामा बसाई व्यवस्थापन मिलाएको । | ) समूह बनाई छलफल गराउने नगरिएको ।<br>) बसाइव्यवस्थापन छलफलका लागि उपयुक्त नभएको । |
| शिक्षण विधि | प्रवचन, प्रश्नोत्तर | समुह छलफल, प्रस्तुतिकरण, प्रश्नोत्तर, अभिनय | ) प्रवचन प्रश्नोत्तर, छलफल |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

तालिका नं. ४ अनुसार कक्षा व्यवस्थापन र शिक्षण विधिको व्याख्या तथा विश्लेषण गर्दा सामाजिक विषयमा विद्यार्थीले पाउने समय सत्यनारायण उ.मा.वि., पोखरिया उ.मा.वि. र राधाकृष्ण मा.वि.मा क्रमश शिक्षकले मात्र बढी समय उपभोग गर्ने, शिक्षकले केही समय लिएपछि विद्यार्थीले सामुहिक काम गर्ने र शिक्षकले धेरै समय लिईविद्यार्थी केन्द्रित क्रियाकलाप कम गर्ने गरेको पाइयो ।

यसरी नै कक्षा व्यवस्थापन र अध्यापनमा उचित शिक्षण विधिको बारेमा खोजतलास गर्दा सत्यनारायण उ.मा.वि. पोखरिया उ.मा.वि. तथा राधाकृष्ण मा.वि. मा शिक्षण गर्ने सामाजिक शिक्षकहरूमा पनि ठूलै फरक पर्ने देखिन्छ। किनकी माथिका विद्यालय मध्ये पोखरिया उ.मा.वि. कोअध्ययनविधिमासमूहबनाइ छलफल तथा प्रस्तुतीकरणगर्न विद्यार्थीलाई प्रशस्त क्रियाकलाप गराइन्छ तर अन्य विद्यालयमा शिक्षकले मात्र क्रियाकलाप गर्ने र विद्यार्थीहरूले सुन्ने मात्र गरेको पाइन्छ।

## ४.१.३.३ शिक्षकको पूर्व तयारी र गृहकार्य परीक्षणको अवस्था

शिक्षकको पूर्व तयारी र गृहकार्य परीक्षणको अवस्थाका बारेमा व्याख्या तथा विश्लेषण गर्दा प्रस्तावनामा तोकिएको विधि र प्रक्रिया उपयोग गरी प्राप्त तथ्याङ्कलाई निम्नानुसारको तालिकामा आवद्ध गरी प्रस्तुत गरिएको छ।

तालिका पाँच : शिक्षकको पूर्व तयारी र गृहकार्य परीक्षणको अवस्था

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| योजना निर्माण | • योजना निर्माण नगरेको<br>• शिक्षक डायरी भए पनि प्रयोग नगरिएको।<br>• सन्दर्भ सामग्री खोजेर पूर्व तयारीका साथ सबै पाठमा तयारी छैन तर केहीमा तयारी गरेको छ।<br>• अवलोकन भ्रमण गराइदैन। | • योजना बनाइदैन।<br>• डायरी छ प्रयोग हुदैन।<br>• सन्दर्भ सामग्री समेत खोजेरे र प्राय सबै पाठको डायरीबाट पूर्व तयारी गरेको पाइदैन।<br>• अवलोकन भ्रमण सामान्यतया गराइन्छ। | • योजना बनाइदैन।<br>• डायरीको प्रयोग नियमित हुदैन।<br>• डायरी दिएको तर सामान्य प्रयोग गरेको पाइन्छ।<br>• अवलोकन भ्रमण गराइदैन। |
| गृहकार्य परीक्षणको अवस्था | गृहकार्यको परीक्षण टिफिन र खाली घन्टीमा गर्ने गरेको। | फुर्सतको समयमा | फुर्सतको समयमा |
| गृहकार्यको नियमितता | नियमित गराइदैन। | प्रायः सधैं दिने। | नियमति गृहकार्य नगरेको अवस्था। |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

शिक्षकको पूर्व तयारी तथा गृहकार्यको अवस्थाका सम्बन्धमा तालिका नं. ५ का आधारमा व्याख्या तथा विश्लेषण गर्दा तीनवटै मा.वि.मा विषय शिक्षकलाई योजना निर्माण तथा कार्यान्वयन गर्न सजिलो बनाउनका लागि डायरी उपलब्ध गराइएको पाइएतापनि सामान्यतया व्यावस्थित रूपमा पाठ योजना तथा सन्दर्भ सामग्रीको अध्ययन गरी पूर्व तयारीका साथ कक्षाकोठामा प्रस्तुत गरेको पाइएन । पोखरिया माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षकले कक्षा १० का विद्यार्थीलाई वर्षको एक पटक शैक्षिक भ्रमणमा लैजाने गरेको भए पनि पाठसँग सम्बन्धित भएर गरिने लघु शैक्षिक भ्रमणमा लाने गरेको पाइएन भने अन्य दुई विद्यालयका सामाजिक विषयका शिक्षकले कुनै पनि किसिमको शैक्षिक तथा अवलोकन भ्रमणको आयोजना गरेको भेटिएन ।

गृहकार्यको सम्बन्धमा विश्लेषण गर्दा सबै शिक्षकहरूले सामान्यतया गृहकार्य नियमित दिने गरेको भनिएको पाइयो । तर परीक्षण कसरी गर्नु हुन्छ? भन्ने सम्बन्धमा छलफल गर्दा सबै विद्यार्थीले नियमति गृहकाई नल्याउने भएकाले मध्यान्तरको समय र फुर्सद घन्टीमा गृहकार्य परीक्षण गर्न सजिलै भ्याइन्छ भन्ने भनाइबाट शिक्षकले नियमति गृहकार्य दिने गरिए पनि त्यसलाई विद्यार्थीले अनिवार्य गर्छन् भन्ने कुरामा विश्वासनीयता देखिदैन । तीनओटा विद्यालयमध्ये पोखरिया उच्च माध्यमिक विद्यालयका शिक्षकले विद्यालयमा गृहकार्य परीक्षण गर्न नसकेको अवस्थामा घर लगेर पनि परीक्षण गर्ने गरेको पाइयो भने राधाकृष्ण मा.वि.का सामाजिक विषयका शिक्षकले व्यक्तिगत रूपमा परीक्षण गर्न नसक्दा सबैले गृहकार्य गरे नगरेको अवलोकन गरी मुख्य कुरा कालोपाटीमा टिपोट गरी सोही अनुसार भए नभएको आफैं परीक्षण गर्न लगाइएको समेत पाइयो ।

### ४.१.४ तालुक निकाय वा व्यक्तिबाट अनुगमन र सुपरिवेक्षण

कुनै पनि कार्यक्रमको सफल कार्यान्वयनका लागि तालुकवाला नियकायको अनुगमन र सुपरीवेक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसमा पनि शिक्षण सिकाइ क्रियाकलापको उन्नयनका लागि यसको अपरिहार्य भूमिका नरहने कुरै भएन । तसर्थ विद्यालय क्षेत्रका तालुक निकायको अनुगमन र सुपरीवेक्षणका सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्नानुसारको तालिकामा संवद्ध गरी सोका आधारमा यसको व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिकाछ : तालुक निकायबाट अनुगमन तथा सुपरिवेक्षणको अवस्था

| अनुगमन कर्ता / विवरण | स्रोतव्यक्ति | विद्यालय निरीक्षक | अन्य |
|---|---|---|---|
| अनुगमन तथा निरीक्षण पटक | कम्तिमा एक पटक देखि बढीमा ४/५ पटक सम्म । | कम्तिमा एक पटक देखि बढीमा आवश्यकता अनुसार । | कहिलेकहीँ । |
| बैठक सञ्चालन र निर्देशन | प्र.अ. बैठकको सञ्चालन र निर्देशन । | प्र.अ. बैठकमा निर्देशन । | शिक्षाकार्यालयबाट प्र.अ.को बैठकमा कहिले काही निर्देशन । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालुकवाला निकाय वा व्यक्तिबाट अनुगमन र सुपरिवेक्षण सम्बन्धमा तालिका नं. ६ का आधारमा व्याख्या तथा विश्लेषण गर्दा स्रोत व्यक्तिबाट प्रत्येक विद्यालयमा २ देखि ४ पटकसम्म अनुगमन तथा निरीक्षण हुने गरेको, वि.नि.बाट कम्तिमा एकपटक निरीक्षण हुने गरेको र जिल्ला शिक्षा कार्यालय तथा अन्य व्यक्तिहरूबाट कहिलेकाहीँ निरीक्षण भएको पाइयो । त्यस्तै गरेर प्रत्येक महिनामा प्रधानाध्यापकको स्रोतकेन्द्रमा भेला बोलाई जिल्ला शिक्षा कार्यालयका नीति निर्देशनहरूलाई स्रोतव्यक्ति, वि.नि., तथा जि.शि.का.बाट आएका पदाधिकारीबाट निर्देशन दिनुका साथै विद्यालयमा भएका शैक्षिक तथा भौतिक अवस्थाका बारेमा दोहोरो अन्तरक्रिया हुने गरेको पाइयो । सामान्यतया शिक्षकको पेशागत विकास तथा अन्य सरकारबाट सञ्चालित तालिम गोष्टिमा शिक्षकलाई सहभागी गराई शिक्षकमा भएका शैक्षिक समस्या हल गर्ने प्रयास गरेको देखियो ।

## ४.१.५प्रधानाध्यापकलाई सामाजिकसँग सम्बन्धित विषयवस्तुको ज्ञान तथा चासो

प्रधानाध्यापकसँग हुने सामाजिक अध्ययनसँग सम्बन्धित ज्ञान तथा चासोले सामाजिक विषयको सिकाइ उपलब्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रधानाध्यापकमा सामाजिक अध्ययनसँग सम्बन्धित पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका सन्दर्भ सामग्रीको ज्ञान हुनु र नहुनुले उसको सामाजिक विषयको सिकाइ उपलब्धिमा सुधार गर्न दिने निर्देशन, शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र प्रयोगमा खेल्न सक्ने सहयोगी भूमिका आदिमा विशेष महत्त्व राख्ने भएको हुँदा प्रधानाध्यापकलाई सामाजिकसँग सम्बन्धित विषयवस्तुको ज्ञान हुनु अत्यन्त आवश्यक पर्दछ ।

प्रधानाध्यापकलाई सामाजिकसँग सम्बन्धित विषयवस्तुको ज्ञान तथा चासोको वर्तमान अवस्था के कस्तो छ? भनी पत्ता लगाउन तथ्याङ्क सङ्कलनको क्रममा प्राप्त भएका सूचनालाई निम्नानुसारको तालिकामा तालिकीकरण गरी व्याख्या एवं विश्लेषण गरिएको छ ।

तालिकासात : प्रधानाध्यापकलाई सामाजिक विषयवस्तुको ज्ञान तथा चासो

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| पाठ्यक्रमसँग सम्बन्धित | सामान्यरूपमा हेरेको । | पाठ्यक्रमको अध्ययन गरेको छैन । | पाठ्यक्रमको अध्ययन गरेको । |
| पाठ्यपुस्तकसँग सम्बन्धित | पाठ्यपुस्तक अध्ययन नगरेको । | पाठ्यपुस्तकको अध्ययन गरेको छैन | पाठ्यपुस्तकको अध्ययन गरेको । |
| शिक्षक निर्देशिकासँग सम्बन्धित | सामाजिकको शिक्षक निर्देशिका अध्ययन गरेको छैन । | अध्ययन गरेको छैन | बजारमा उपलब्ध नभएकोले अध्ययन गरेको छैन । |
| पाठ्यक्रम र पा.पु.को सम्बन्ध | पाठ्यक्रम अनुसार पाठ्यपुस्तक छ । | पाठ्यक्रम पाठ्यपुस्तकको अध्ययन गरेको छैन । | पाठ्यक्रम अनुसार पाठ्यपुस्तक छ । |
| विशिष्टकरण तालिका | सामान्य हेरेको । | अध्ययन नगरेको । | अध्ययन गरेको । |
| सामाजिक विषय पढाएको | छैन । | छैन । | छ । |

स्रोत : स्थलगत सर्वेक्षण,२०७२

प्रधानाध्यापकलाई सामाजिक विषयसँग सम्बन्धितज्ञान तथा चासोलाई तालिका नं. ७ मा प्रस्तुत तथ्याङ्कको आधारमा व्याख्या तथा विश्लेषण गर्दा सत्यनारायण उ.मा.वि.का प्र.अ. गणित विषयसँग सम्बन्धित रहेको हुँदा प्रश्नपत्रको ढाँचा हेर्ने क्रममा विशिष्टिकरण तालिकाको सामान्य अध्ययन गरेको बाहेक पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको तुलनात्मक अध्ययन नगरेको हुँदा पाठ्यक्रम र पाठ्यपुस्तक वीच के कति तालमेल छ? भन्नेमा अनविज्ञता रहेको पाइयो । त्यस्तै गरेर आफ्नो मूल विषय अङ्ग्रेजी ठान्ने पोखरिया मा.वि.का प्रधानाध्यापकले सामाजिक विषयसँग सम्बन्धितसामग्रीको त्यति अध्ययन नगरेको

देखियो । राधाकृष्ण माध्यमिक विद्यालयका प्रधानाध्यापकले भने माध्यमिक शिक्षा पाठ्यक्रमः २०६४ अनुसार तयार भएको शिक्षक निर्देशिका बजारमा उपलब्ध नभएको कारणले अध्ययन गर्न नसकेको तर पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टिकरण तालिका आदिको अध्ययन गर्ने गरेको पाइयो ।

## ४.१.६स्रोतकेन्द्रस्तरीय कार्यपात्रोअनुसार शैक्षिक गतिविधि

स्रोतकेन्द्रको संयुक्त शैक्षिक कार्यपात्रो अनुसार शैक्षिक गतिविधिको व्याख्या एवं विश्लेषण गर्नका लागि सङ्कलित तथ्याङ्कलाई निम्न लिखित तालिकामा आवद्ध गरेर प्रष्ट्याउने काम गरिएको छ :

तालिका आठ : स्रोतकेन्द्रस्तरीय कार्यपात्रोअनुसार शैक्षिक गतिविधिको अवस्था

| परीक्षा / विवरण | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक | जम्मा |
|---|---|---|---|---|
| विद्यालय खुल्ने दिन | ७५ | ८६ | ८५ | २३६ |
| पढाइ हुने दिन | ६० | ६८ | ७० | १९८ |
| सामाजिक विषय मात्र पढाइ हुने दिन | ५० | ५५ | ५७ | १६२ |
| तोकिएको पाठ पढाउन आवश्यक अनुमानित घण्टी | ३६ | ६० | ५४ | १५० |
| परीक्षा समय | असार २३-३२ | मंसिर २७- पुस ६ गतेसम्म | चैत्र १९ देखि २२ सम्म | २४ दिन |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. ८ का आधारमा शैक्षिक पात्रो अनुसार शैक्षिक गतिविधिको व्याख्या तथा विश्लेषण गर्दा एक वर्षमा जम्मा विद्यालय खुल्ने दिन २३६ दिन, पढाइ हुने दिन १९८ दिन, कक्षा १० को सामाजिक विषय पढाइ हुने १६२ सामाजिक विषय न्यूनतम रूपमा पढाइ हुनै पर्ने १५० तोकिएको छ । त्यस्तै गरेर सामाजिक विषयको वार्षिक न्यूनतम घण्टी १५० भएता पनि सामाीजक विषयको कार्यपात्रो तोकेको पढाइ हुने दिन १६२ दिन भएको देखिन्छ ।

पहिलो त्रैमासिक परीक्षा सम्ममा एकाइ १ देखि ३ सम्म, दोस्रो त्रैमासिक परीक्षासम्ममा एकाइ ४ देखि ६ सम्म र वार्षिक परीक्षा सम्म एकाइ ७ देखि ९ सम्म

पढाइ सक्ने भनी कार्यपात्रो व्याख्या उल्लेख गरेको छ । जसमा प्रत्येक परीक्षाको अन्त्यमा ३/३ वटा एकाइ पढाइ सक्ने भन्ने व्यवस्था भएको पाइयो । यसरी हरके परीक्षाको अन्त्यसम्ममा ३/३ वटा एकाइ पढाउँदै जाने व्यवस्था झट्ट हेर्दा उपयुक्त देखिए ता पनि एकाइको भारलाई नसमेटेको देखियो । पहिलो त्रैमासिक भित्र पढाइ हुने ३ वटा एकाइको अनुमानित पाठ्यभार ३६ भएकोमा पढाइ हुने घण्टी ५० रहेको छ भने अनुमानित पाठ्यभार ६० भएको एकाइ (४-६)को सामाजिक विषय पढाइ हुने दिन ५५ हुनुले कार्यपात्रो केवल एकाईलाई मात्र वरावरी बाँडेको तर त्यस एकाइमा लाग्ने समयलाई महत्व नदिएको पाइयो । परीक्षा सन्दर्भमा भन्दा पाठ्यक्रमले तोकिदिए अनुसार दुईवटा त्रैमासिक र एउटा वार्षिक परीक्षा हरेकलाई ८/८ दिन समय दिएर व्यवस्थित रूपमा सञ्चालन गर्ने योजना बनाइएको पाइयो ।

## ४.२ सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू

सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्ने सन्दर्भमा प्रस्तावनामा उल्लेख भएका विधि र प्रक्रियाका आधारमा स्थलगत रूपमा तथ्याङ्क सङ्कलन गरी सोही तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा यस शीर्षकलाई विभिन्न उपशीर्षकहरू तयार गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.२.१ शैक्षिक सामग्रीकोव्यवस्थापन र प्रयोग

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्न शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगलाई जति व्यवस्थित बनाएर लैजान सकिन्छ त्यति सामाजिक विषयको सिकाइ उपलब्धिमा वृद्धि गर्दै लैजान सकिन्छ । सामाजिक अध्ययनको सिकाइ उपलब्धि न्यून हुनुका कारणका सम्बन्धमा पौडेल (२०६६) को अध्ययनले प्रसस्त मात्रामा विद्यालयमा शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु र भएका शैक्षिक सामग्रीलाई पनि कक्षा कोठामा नपुऱ्याइनुलाई मानेको छ । तसर्थ यस शीर्षकको व्याख्या तथा विश्लेषणका लागि प्रस्तावनामा तोकिएका विद्यालयहरूबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसारको तालिकामा तालिकीकरण गरी प्रस्तुत गरिएको छ :

तालिका नौ : शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| सामग्री निर्माण | शिक्षकबाट । | शिक्षकबाट ।<br>विद्यार्थीबाट । | शिक्षकबाट । |
| सामग्री सङ्कलन | बजारबाट खरिद । | बजारबाट खरिद । | बजारबाट खरिद । |
| सामग्रीको प्रयोग | काटीमा झुण्ड्याएर र टेबुलमा राखेर । | हातैमा समातेर ।<br>झुण्ड्याएर । | झुण्ड्याएर । |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग भन्ने शीर्षक अन्तर्गत तालिका नौका आधारमा व्याख्या विश्लेषण गर्दा सत्यनारायण उ.मा.वि. र राधाकृष्ण मा.वि. मा शैक्षिक सामग्रीको निर्माण शिक्षकबाट मात्र गरेको पाइयो भने पोखरिया मा.वि.मा शिक्षकका साथै विद्यार्थीबाट समेत सङ्कलन गरेको पाइयो । त्यस्तै गरेर सबै विद्यालयले बजारमापाउने शैक्षिक सामग्री खरिद गरेको पाइयो । सामग्रीको प्रयोगको सन्दर्भमा प्राय : विद्यालयहरूले भुण्ड्याएर केहीले हातमा राखेर र टेवलमा राखेर प्रयोग गरेको भेटियो ।

माथि दिइएको तथ्याङ्कको विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने तोकिएका तीनवटै विद्यालयको सामग्री निर्माण सङ्कलन र प्रयोगको अवस्था कमजोर रहेको छ । सामग्री निर्माण गर्न विद्यार्थीहरू र अन्य व्यक्तिलाई पनि प्रयोग गर्न सकिने भएपनि उक्त कार्य गरे गराएको देखिएन। त्यस्तै गरेर सामग्रीको सङ्कलन गर्दा मूल्य पर्ने सामग्री बजारबाट खरिद गर्नुका अतिरिक्त विना मूल्य पर्ने, थोरै वा कम मूल्य पर्ने सामग्रीहरू सङ्कलन गरेर सहज पाठसँग सान्दर्भिक सामग्री अध्याधिक प्रयोग गर्न सकिने कुरालाई ध्यान दिएको पाइएन । त्यस्तै यसको प्रयोग गर्दा फ्लाटिनपाटीमा प्रयोग गर्ने, मल्टि मिडियाको समेत प्रयोग गर्ने कुरालाई विद्यालयले अपनाइएको पाइएन ।

निष्कर्षमा भन्नु पर्दा वर्तमान अवस्थामा देखिएका कमी कमजोरी हटाउन विद्यार्थीलाई उनीहरूले निर्माण गर्न सक्ने खालका शैक्षिक सामग्री निर्माण गर्न लगाउने गर्नु पर्दछ । साथै शिक्षकले शैक्षिक सत्रको सुरुमै शैक्षिक सामग्रीको खरिद गर्न बजेटिङ गर्न लगाउने र शिक्षक स्वयंले वार्षिक रूपमा आवश्यक पर्ने शैक्षिक सामग्रीलाई व्यवस्थापन

मिलाउन बजारबाट खरिद गर्ने र आफैँले प्रर्याप्त शैक्षिक सामग्री निर्माण गर्नु अनिवार्य देखिन्छ । त्यसरी सङ्कलन र निर्माण गरिएका शैक्षिक सामग्रीलाई आफ्नो दैनिक गरिने शिक्षण क्रियाकलाप (शिक्षक डायरी)मा मिलाएर अनिवार्य प्रयोग गरेको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा अवश्यमेव वृद्धि गर्न सकिन्छ । पौडेल (२०६६) ले उनको शोधपत्रमा शिक्षक तालिम प्राप्त र अनुभवी भएतापनि शिक्षक कक्षाकोठामा जाँदा शिक्षण गरिने विषयवस्तुको तयार गरी पाठअनुसारका शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण नगरिएको कारणबाट सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार नभएको कुरा उल्लेख गरेका छन् । शोधकर्ताको यस भनाइबाट पनि शिक्षण सामग्रीको व्यवस्थापन र प्रयोग उपयुक्त मात्रामा गर्न नसकेमा सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न अवरोध पुग्ने कुरालाई पुष्टि गरेको छ ।

## ४.२.२ विषयगत शिक्षकको योग्यता र शिक्षण अनुभव

सामाजिक जस्तो गहन तथा फराकिलो विषयको अध्यापन गर्ने शिक्षक बढी योग्यता तथा अनुभव भएका र कम योग्यता तथा अनुभव भएकावीचको सिकाइले विद्यार्थीको सिकाइ उपलब्धिमा अन्तर भएको पाइयो । किनकी माथिको शीर्षक नं. ४.१ को तालिका नं. १ मा शिक्षकको योग्यता र शिक्षण अनुभवलाई आधार बनाएर गरिएको व्याख्या विश्लेषणबाट के प्रष्ट देखियो भने योग्यता वि.एड मात्र भएका शिक्षकहरूले अध्यापन गरेको भन्दा १५ वर्ष भन्दा माथि अनुभव र शैक्षिक योग्यता एम.ए./वि.एड. गरेका शिक्षकहरूले अध्यापन गरेको विद्यालयले झण्डै औषत १० अङ्क भन्दामाथि सिकाइ उपलब्धि बढी ल्याएको स्पष्ट देखियो । तसर्थ सामाजिक विषयको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षकको अनुभव र माथिल्लो योग्यताले ठूलो प्रभाव पार्ने कुरा पुष्टि भएको छ । डिबे (१९५१) ले प्रयोगात्मक ज्ञान र अनुभवलाई शैक्षिक समस्या सुल्झाउने उपाय मानेका छन् । उनले बर्तमान समस्यालाई मुख्य समस्याका रूपमा हेरेका छन् । यिनका विचारमा समस्या समाधान गर्न ज्ञान र अनुभवको आवश्यकता पर्दछ । डिबेको यो भनाइबाट विद्यार्थीका तत्कालीन जिज्ञासा हटाउन शिक्षकमा ज्ञान र अनुभव प्रशस्त हुनु पर्दछ भन्ने भनाइलाई पुष्टि गर्दछ ।

## ४.२.३ कक्षा शिक्षणको तयारी, शिक्षण विधि र गृहकार्य

सामाजिक अध्ययनको सिकाइ उपलब्धि राम्रो हुनु र नहुनुमा शिक्षकको शिक्षण तयारी, उसले कक्षामा प्रयोग  गर्ने विधि र नियमित गृहकार्य परीक्षणको अवस्थाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जुन शिक्षकले कक्षामा जानुभन्दा  अगाडि पढाउने विषयवस्तुको राम्रो तयारी  गरी योजना बनएर आवश्यक शैक्षिक सामग्री व्यवस्था गरी शिक्षण गर्दछ भने उसको सिकाइ प्रभावकारी  बन्न जान्छ । यस्तै गरेर सामाजिक विषय अध्यापन गर्ने शिक्षकले परियोजना विधि, छलफल विधि, भ्रमण विधि, अवलोकन विधि जस्ता विद्यार्थी केन्द्रित र गरेर सिक्ने किसिमका विधिहरू प्रयोग  गर्नु पर्दछ । यसबाहेक योजनाका साथ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने शिक्षकले विद्यार्थीलाई अभ्यासका लागि गृहकार्य दिने र उक्त गृहकार्यलाई नियमित परीक्षण समेत गर्नु पर्दछ । यसो गरेको खण्डमा विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार ल्याउन सकिन्छ । यस अध्ययनको उद्देश्य परिपूर्ति गर्नका लागि प्रस्तावनामा उल्लेखित विधि र प्रकृया अनुसार गरिएको तथ्याङ्क सङ्कलनबाट प्राप्त कक्षा शिक्षकको तयारी, शिक्षण विधि र गृहकार्य सम्बन्धी तथ्यलाई तलको तालिका नं. १० मा प्रस्तुत गरी नतिजाको व्याख्या एवं विश्लेषण गरिएको छ ।

तालिका दश : कक्षा शिक्षणको तयारी, शिक्षण विधि र गृहकार्य

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| तयारी | ) योजना निर्माण नगरेको ।<br>) शिक्षकडायरी छ प्रयोग हुदैन ।<br>) सन्दर्भ सामग्री खोजेर पूर्व सवै पाठको तयारी हुदैन तर केही पाठको तयारी हुन्छ ।<br>) अवलोकन भ्रमणको योजना छैन । | )योजना निर्माण हुदैन ।<br>)डायरी छ तर प्रयोग हुदैन ।<br>)सन्दर्भ सामग्री खोजेर सवै पाठको डायरीमा पूर्व तयारी गरेको पाइदैन ।<br>)अवलोकन भ्रमण सामान्यतया गराइन्छ । | ) योजना बनाइदैन ।<br>) डायरी प्रयोग नियमित छैन ।<br>) अवलोकन भ्रमण गराइदैन । |
| शिक्षण विधि | )प्रवचन<br>)प्रश्नोत्तर | ) समुह छलफल<br>) प्रस्तुतीकरण<br>) प्रश्नोत्तर<br>) अभिनय | )प्रवचन<br>)प्रश्नोत्तर<br>)छलफल |
| गृहकार्य | ) नियमित गृहकार्य दिइदैन ।<br>) गृहकार्यको परीक्षण टिफिन र खाली घण्टीमा गरिन्छ । | ) प्रायःदिइन्छ ।<br>) परीक्षण फुर्सदको समयमागरिन्छ । | ) विद्यार्थीले नियमित गृहकार्य गर्दैनन् ।<br>) परीक्षण फुर्सदको अवस्थामा गरिन्छ । |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न माथि कक्षा शिक्षणको तयारी शीर्षकसँग सम्बन्धित तालिका दशको शिक्षणको लागि तयारी र गृहकार्य सम्बन्धी व्याख्या विश्लेषणको वर्तमान  अवस्थालाई केलाउँदा विद्यार्थी बसाइ व्यवस्थित गरेर समूह छलफल गर्ने, निष्कर्ष निकाल्ने र कक्षामा प्रस्तुती समेत गरेर अध्यापन गर्ने शिक्षकको तुलनामा अव्यवस्थित बसाइ व्यवस्था भएका विद्यालयका विद्यार्थीहरूको सि.उ. स्तर कमजोर भेटियो । साथै नेतृत्व विकास गर्ने अर्थात विद्यार्थी केन्द्रित शिक्षण विधिको अत्याधिक प्रयोग गर्ने शिक्षक (श्री पोखरिया उ.मा.वि.) को तुलनामा उपयुक्त विधि तथा बसाइ व्यवस्थापनमा

हेलचेक्रयाँइ गर्ने विद्यालयका शिक्षकको स्तर औषत १० अङ्क भन्दा कमजोर देखियो । यसरी नै शिक्षकको पूर्व तयारी र गृहकार्यको अवस्थालाई विश्लेषण गर्दा डायरीको प्रयोग गर्ने तथा नियमित गृहकार्य दिने र परीक्षण गर्ने विद्यालय श्री पोखरिया उ.मा.वि. भन्दा शिक्षक डायरी भए पनि प्रयोग नगर्ने साथै विद्यार्थीलाई गृहकार्य दिएपनि परीक्षण नगर्ने विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर अत्यन्त न्यून भएको पाइयो ।

तसर्थ सामाजिक अध्ययनको सिकाइ उपलब्धि स्तर वृद्धिका लागि शिक्षकको पूर्व तयारी गर्ने, नियमित गृहकार्य दिने, गृहकार्यको परीक्षण गर्ने र विद्यार्थी केन्द्रित विधिको प्रयोगले ठूलो प्रभाव राख्ने कुरामा दुईमत रहन्न ।

## ४.२.४ अनुगमन तथा सुपरिवेक्षणको प्रभावकारिता

अनुगमन तथा सुपरिवेक्षणको प्रभावकारिताले सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई बढाउन महत्वपूर्ण भुमिका खेल्दछ । श्रेष्ठ (२०६८) ले उनको शोधपत्रमा सामाजिक अध्ययनको पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने विभिन्न तत्त्वहरूमध्ये मूल्याङ्कन तथा अनुगमन पनि एक हो भनी उल्लेख गरेका छन् । किनकी आजसम्म गरिएको अनुगमन तथा सुपरिवेक्षण प्रक्रियालाई मध्यनजर राखी तीनवटै विद्यालयको सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई हेर्दा कुनै पनि विद्यालयको सन्तोषजनक रहेको पाइएन । तीनवटा विद्यालयको तुलना गर्दा अलि राम्रो भएको पोखरिया उ.मा.वि. को सिकाइ उपलब्धि औषत ३७ र ३९ को हाराहारीमा मात्र हुनुले सामाजिक विषयको सिकाइ उपलब्धि कमजोर  रहेको प्रष्ट भयो । तसर्थ यदि विद्यार्थीको सिकाइ उपलब्धिस्तर वृद्धि गर्नलाई स्रोतव्यक्तिदेखि वि.नि. तथा माथिल्लो तालुकवाला व्यक्तिहरूबाट निरन्तर सहयोगात्मक अनुगमन तथा सुपरिवेक्षण गरेको खण्डमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्थामा गुणात्मक वृद्धि हुने कुरा निसङ्कोच भन्न सकिन्छ ।

## ४.२.५ शैक्षिक योजना निर्माण गर्ने सिप

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कार्य आफै प्राविधिक विषय भएको हुँदा यस कार्यमा संलग्न शिक्षक तथा प्रशासकलाई वार्षिक कार्य तालिका, वार्षिक शैक्षिक योजना, आवधिक शैक्षणिक योजना लगायत सबै किसिमका योजना बनाउने प्राविधिक ज्ञान

हुनु पर्दछ । यसका लागि योजनाकर्ताले पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टिकरण तालिका, शिक्षक निर्देशिका, पाठ्यक्रम प्रवोधिकरण जस्ता सामाग्रीको राम्रो अध्ययन गरी शैक्षणिक योजना निर्माण गर्नु पर्दछ । यस शोध अध्ययनको तथ्याङ्क सङ्कलन गर्ने क्रममा स्रोतकेन्द्र स्तरीय शैक्षिक कार्यपात्रो २०७२ मा उल्लेखित सामाजिक विषयको आवधिक शैक्षणिक योजनामा भएका सूचनाहरूलाई निम्नानुसारको तालिकामा तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

तालिका एघार : शैक्षिक योजना

| परीक्षा / विवरण | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक | जम्मा |
|---|---|---|---|---|
| सामाजिक विषय पढाइ हुने दिन | ५० | ५५ | ५७ | १६२ |
| पढाइ हुने एकाइ | एकाइ १-३ | एकाइ ४-६ | एकाइ ७-९ | ९ एकाइ |
| तोकिएको एकाइको भार दिन | ३६ | ६० | ५४ | १५० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

स्रोतकेन्द्रस्तरीय कार्यपात्रो अनुसारको शैक्षिक गतिविधिको अवस्था देखाउन तयार गरिएको तालिका एघारलाई आधार लिइ विश्लेषण गरेर हेर्दा एउटा स्रोतकेन्द्रले एउटै कार्यपात्रो बनाइ लागु गरिएको भएता पनि यो स्रोतकेन्द्रले विगत २ वर्षअघिदेखि नै पाठ्क्रममा निर्धारित पाठको भारलाई वेवास्ता गरि योजना निर्माण गरेको पाइयो । अतः शिक्षकहरूमा शैक्षिक योजना निर्माण गर्ने सीप तथा शूक्ष्म रूपमा सोच्ने नगरिएबाट व्यवस्थित योजना बन्न नसकी विद्यार्थीहरूको सि.उ. कमजोर भएको हो भन्ने तथ्य पुष्टी हुन्छ । किनकी यस स्रोतकेन्द्रस्तरीय कार्यपात्रोले कक्षा १० को सामाजिक अध्ययनलाई वितरण गरिएको घण्टीमध्ये प्रथम त्रैमासिक परीक्षाको अन्तमा ३६ घण्टी पाठ्यभार भएको (एकाइ १,२ र ३) लाई ५० घण्टीको समय छुट्याएको र दोस्रो त्रैमासिकको अवधिमा ६० घण्टी पाठ्यभार भएको एकाइ (४,५ र ६) लाई ५५ घण्टी मात्र छुट्याएको देखियो । यहाँ कहीँ विषयवस्तुको भार भन्दा समय बढी हुने र कहीँ कम हुने कारणले शिक्षकले बनाउने त्रैमासिक, मासिक, साप्ताहिक र दैनिक योजना निर्माणमा समेत प्रभाव पारेको पाइयो। तसर्थ सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई वृद्धि गर्न यस्ता स्रोतकेन्द्रस्तरीय कार्यपात्रोनिर्माण गर्दा शिक्षक निर्देशिका, पाठ्यपुस्तक र विशिष्टिकरण तालिकालाई समेत

तालमेल गरी सामाजिक अध्ययन भित्र राखिएका ९ ओटा एकाइहरूलाई कम्तिमा १५० घण्टी भित्र समायोजन गरेर वैज्ञानिक व्यवहारिक पारदर्शी एवं अनुकरणीय शैक्षिक कार्यपात्रो निर्माण गरेर लागु गर्दा सिकाइ उपलब्धि स्तरमा उल्लेख्य वृद्धि गर्न सकिन्छ । त्यसैले विसी (२०६९) को अध्ययनले पत्ता लगाए जस्तो शैक्षिक योजना निर्माण गर्न तालिम, अवलोकन भ्रमण जस्ता काम गर्न सके अझ प्रभावकारी सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ । तर टायलर(१९४९) को सिद्धान्त अनुसार उद्देश्य प्राप्तिका लागि विषयवस्तु र क्रियाकलापलाई सामाजिक विषयको शिक्षणमा जोड्न सके अहिले देखिएको सामाजिक विषयको सिकाइ उपलब्धिलाई अझ बढाउन सकिन्छ ।

## ४.२.६ परियोजना कार्य र शैक्षिक भ्रमण

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने विभिन्न कारक तत्त्वमध्ये परियोजना कार्य र शैक्षिक तथा अवलोकन भ्रमण पनि हो । छनौट भएका नमुना विद्यालयबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा पाठले मागेका र अभ्यासमा भएका परियोजना कार्यहरू विद्यार्थीलाई गर्न लगाएर परीक्षण गरी भूल सुधार गर्न नलगाउने विद्यालयको भन्दा त्यस्तो कार्य गर्ने गराउने विद्यालयको सामाजिक  अध्ययनको सिकाइ उपलब्धि तुलनात्मक रूपमा बढी गराउने श्री पोखरिया उ.मा.वि. को सामाजिक अध्ययनको सिकाइ उपलब्धि अन्य दुईवटा विद्यालयको  भन्दा औषत १२ अङ्क भन्दा बढी ल्याउनुलाई मान्न सकिन्छ । त्यस्तै गरेर सामाजिक अध्ययनमा अवलोकन गरेर जान्नु पर्ने कुराहरू धेरै भएको हुँदा जुन विद्यालयले पाठको आवश्यकता अनुसार शैक्षिक तथा अवलोकन भ्रमण गराउँछ त्यसै विद्यालयको सामाजिक अध्ययनको सिकाइ उपलब्धि बढी हुन गएको भेटिन्छ । श्री पोखरिया उ.मा.वि., सत्यनारायण उ.मा.वि. र राधाकृष्ण मा.वि.को अवलोकन तथा शैक्षिक भ्रमण सम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्दा पोखरिया उ.मा.वि. बाहेक अन्य दुई मा.वि.ले भ्रमण सम्बन्धी कार्यक्रम राख्ने गरेको भेटिएन । पोखरिया मा.वि.ले भने पाठको आवश्यकता अनुसार केही छोटा लामा भ्रमण गराएको पाइयो यसबाट सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न अवलोकन भ्रमण नितान्त आवश्यक भएको पुष्टि हुन्छ । अन्ततः के निष्कर्ष निकाल्न सकिन्छ भने सामाजिक विषयका प्रत्येक एकाइ र अभ्यासमा राखिएका परियोजना कार्य र विद्यार्थी अवलोकन भ्रमण जस्ता हेरेर र गरेर मात्र व्यावहारिक सिप र दक्षता हासिल हुने क्रियाकलापहरू सबै विद्यालयहरूले आफ्नो शैक्षिक

पात्रोमा व्यवस्थापन गरी शिक्षकले पनि सोही अनुसारको सम्बन्धित विषयको शैक्षणिक योजना बनाइ कार्यान्वयनमा ल्याएको खण्डमा कक्षा १० को सामाजिक अध्यायनको सिकाइ उपलब्धिमा अधिक भन्दा अधिक वृद्धि गर्न सकिने निचोड निकाल्न सकिन्छ ।

## ४.२.७पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको उपलब्धता

पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको उपलब्धताले सिकाइ उपलब्धिमा पार्ने प्रभावको अवस्थालाई हेर्नका लागि प्रस्तावनामा तोकिएको तथ्याङ्क सङ्कलनको विधि र प्रक्रिया प्रयोग गरी लिएको तथ्याङ्कलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरि व्याख्या एवं विश्लेषण गरिएको छ ।

तालिका बाह्र पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको उपलब्धता

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| पाठ्यपुस्तक | समयमा नै उपलब्ध हुन्छ । | समयमा नै उपलब्ध हुन्छ । | समयमा नै उपलब्ध हुन्छ । |
| पाठ्यक्रम | उपलब्ध छ । | उपलब्ध छ । | उपलब्ध छ । |
| शिक्षक निर्देशिका | उपलब्ध छैन । | बजारमा पाइदैन । | प्रकाशन भएको छैन । |
| अन्यसन्दर्भ पुस्तक | पुस्तकालयमा उपलब्ध छ । | पुस्तकालयमा उपलब्ध छ । | सामान्य छ । |
| विशिष्टिकरण तालिका | छ । | छ । | छ । |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिका बाह्रलाई अध्ययन गर्दा नमुना छनौटमा परेका सबै विद्यालयमा शिक्षक निर्देशिका बाहेक प्रायः सबै पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू उपलब्ध भएको पाइयो । पाठ्यपुस्तक लगायत अन्य पुस्तकालयीय सन्दर्भ सामग्रीको उपलब्धताले शिक्षणलाई योजनाबद्ध र व्यवस्थित बनाउन मद्दत पुगी विद्यार्थीको ज्ञान सिप र अभिवृद्धिको विकासमा सकारात्मक प्रभाव पर्नु पर्ने हो तर तोकिएका विद्यालयको सामाजिक अध्ययनको औषत उपलब्धिलाई हेर्दा तीनवटै विद्यालयको निम्न भएको देखिन्छ । सत्यनारायण उ.मा.वि. को शैक्षिक वर्ष ०६९ र ०७० को एस.एल.सी. परीक्षाको सामाजिक अध्ययनको औषत सिकाइ उपलब्धि क्रमश : २८ र ३० छ भने पोखरिया उ.मा.वि.को

लगभग ३७ र ३९ रहेको छ । त्यस्तै गरेर राधाकृष्ण मा.वि.को दुवै वर्षको सामाजिकको सिकाइ उपलब्धी लगभग २५ रहको छ ।

यसबाट के स्पष्ट हुन्छ भने जति सुकै शैक्षिक र भौतिक सामग्रीहरू भए पनि ती सामग्रीहरूलाई शिक्षकले योजनाबद्ध रूपमा तयारी गरी प्रयोग नगरेसम्म सिकाइ उपलब्धिमा सुधार हुन नसक्ने कुराको पुष्टि हुन्छ ।

## ४.३ सामाजिक अध्ययनको सि.उ. हासिल गर्न  आइपर्ने समस्याको पहिचान

सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न अवरोध पुऱ्याउने कुनै एउटा कारक तत्त्व मात्र संलग्न छैन । शैक्षिक सुधारका लागि शैक्षिक, भौतिक मानवीय, नीतिगत कुराहरूको बीचमा समन्वयात्मक भूमिका हुनु पर्दछ । कुनै  ठाउँमा प्रसस्त विद्यार्थी छन् तर भौतिक र मानवीय सुविधा (शिक्षक)को अभावले गर्दा विद्यार्थीले राम्रो शिक्षकसँग पढ्न पाउने अधिकार कुण्ठित भएको छ । कतै भौतिक  सुविधा र शिक्षकको पर्याप्त व्यवस्था हुँदाहुँदै पनि उपयुक्त योजना र विधि प्रयोग हुन नसक्दा सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन सकेको देखिदैन । तसर्थ यस्ता सिकाइ उपलब्धिमा बाधा पुऱ्याउने विभिन्न तत्त्वहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न आइपर्ने समस्याहरूको व्याख्या तथा विश्लेषण निम्न अनुसार गरिएको छ।

## ४.३.१ सामाजिक विषय शिक्षकमा क्षेत्रगत ज्ञानको अभाव हुनु

सामाजिक अध्ययनले एउटा व्यापक क्षेत्रलाई समेटेको हुँदा यसमा विभिन्न क्षेत्रका फरक फरक विषयवस्तु भएका नौ वटा एकाइहरू छन् । प्रस्तावनामा तोकिएका तीनवटै विद्यालयका शिक्षकहरू सामाजिक समूहका भए तापनि तिनीहरूले व्यापक अध्ययन गरेको क्षेत्रले सामाजिक अध्ययनको एउटा वा दुईवटा एकाइलाई मात्र राम्ररी समेटेको छ । ती सामजिक विषय अध्यापन गर्ने शिक्षकको मूल विषयलाई निम्न तालिकामा आवद्ध गरी व्याख्या एवं विश्लेषण गरिएको छ :

**तालिका तेह्र : शिक्षकको मूल विषय र सामाजिक अध्ययनका एकाइहरू**

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| मूल विषय | इतिहास | समाजशास्त्र | अर्थशास्त्र |
| सामाजिकविषयको एकाइ क्षेत्र | १. हामी, हाम्रो समुदाय र राष्ट्र<br>२. विकासका पूर्वाधारहरू<br>३. हाम्रो परम्परा सामाजिक मूल्य र मान्यता<br>४. सामाजिक समस्या र समाधान<br>५. नागरिक चेतना<br>६. हाम्रो पृथ्वी<br>७. हाम्रो विगत<br>८. आर्थिक क्रियाकलाप<br>९. अन्तराष्ट्रिय सम्बन्ध शान्ति र सहयोग | | |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

तालिका नं. १३ शिक्षकको मूल विषय सम्बन्धमा व्याख्या तथा विश्लेषण गर्दा सामाजिक विषयका ९ वटा क्षेत्र भएको तर प्रत्येक तोकिएका विद्यालयका सामाजिक अध्यापन गर्ने शिक्षकले अध्ययन गरेको मूल विषयले समेट्ने क्षेत्र सामान्यतया २ वा ३ वटामात्र रहेको देखियो । जस्तैः इतिहास मूल विषय भएका शिक्षकले भूगोल सम्बन्धी क्षेत्रका विषय वस्तु अध्यापन गराउन कठिन हुन्छ भने अर्थशास्त्र मूल विषय भएका शिक्षकलाई भूगोल र इतिहासका क्षेत्रको अध्यापन गराउन कठिन पर्ने देखिन्छ ।

निष्कर्षमा भन्दा एकिकृत पाठ्यक्रमका लागि सामाजिक अध्यापन गर्ने शिक्षक उत्पादन गर्ने परिपाटीको क्याम्पस तहमा विकास  नहुनु समस्याको मूल चुरो बनेको देखिन्छ ।

## ४.३.२ तालिमबाट सिकेका ज्ञानसिप कक्षा कोठामा पुऱ्याउन नसक्नु

तथ्याङ्क सङ्कलनका लागि तोकिएका तीनवटै विद्यालयको शिक्षकको तालिमको अवस्थालाई केलाउँदा सबै शिक्षकहरू तालिम प्राप्त भएको पाइन्छ । जिल्ला शिक्षा कार्यालय मार्फत आउने पुनर्ताजगी तालिम, पेशागत विकास तालिम, पाठ्यक्रम प्रबोधिकरण तालिम र बेला मौकामा स्रोतकेन्द्रस्तरीय तालिम गोष्टी सञ्चालन गरेर शिक्षकहरूलाई सरकारले भरपुर तालिमको व्यवस्था गरेको छ । सामाजिक विषय अध्यापन

गर्ने शिक्षकमा शैक्षिक सामग्री निर्माण, शैक्षणिक योजना निर्माण, शिक्षण विधि र प्रक्रिया सम्बन्धमा धेरै ज्ञान सिप र दक्षता हासिल भएको पाइएको छ । तर शिक्षकले प्राप्त गरेको ज्ञान सिपलाई कक्षा कोठामा नपुऱ्याएको कुरा विद्यार्थीले सामाजिक विषयमा प्राप्त गरेको औषत सिकाइ उपलब्धि हेर्दा पुष्टि हुन्छ । तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्यलाई हेर्दा धेरै शिक्षकहरूले शैक्षिक सामग्री सङ्कलन र प्रयोग प्रशस्त मात्रामा गरेको पाइएन । यस्तै गरेर सामाजिक अध्ययनलाई आवश्यक पर्ने आधुनिक विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्नको सट्टा शिक्षक केन्द्रित विधिको प्रयोग गरेर विद्यार्थीलाई सिकाउने भन्दा जागिर गर्ने सोचको मात्र विकास भएको देखिन्छ । शांरांसमा भन्ने हो भने सामाजिक अध्ययनको सिकाइ उपलब्धि कमजोर हुनमा तालिममा सिकेका कुरालाई शिक्षकले कक्षाकोठामा पुऱ्याउन नसक्नु नै मुख्य कमजोरीदेखिन्छ ।

### ४.३.३ सामाजिक अध्ययनको सि.उ. तल्लो कक्षादेखि नै पूरा नहुनु

टायलर (१९४९)ले सिकाइ अनुभवलाई पाठ्यक्रममा ठाडो तथा लम्बीय तरिकाले सङ्गठन गर्ने विषय वस्तुलाई क्रमवद्ध रूपमा राखी निरन्तरता दिने गरेमा उद्देश्य प्राप्ति गर्न सहज हुने बताएका छन् । यसबाट के प्रष्ट हुन्छ भने विद्यार्थीको क्षमता र अनुभवले भ्याउने किसिमका सिकाइ उपलब्धिहरू तल्लो कक्षादेखि नै राखिएका हुन्छन् । हरेक कक्षा चढ्दै जाँदा सम्बन्धित कक्षाका सिकाइ उपलब्धि हासिल गराउदै लान सकेको अवस्थामा मात्र उसको सामाजिक विषयको अनुभव बढ्दै गई कक्षा १० पुग्दा सामाजिक विषयका सिकाइ उपलब्धि अधिकतम रूपमा प्राप्त गर्ने क्षमताको विकास हुन्छ । सिकाइ उपलब्धिका सम्बन्धमा डिवे(१९२०)ले समस्या समाधान गर्न ज्ञान र अनुभवको आवश्यकता पर्दछ । उक्त ज्ञान र अनुभव आफै निर्माण गर्न जरुरी हुन्छ । किनकी एक पटक सिकेका कुराले पछिको सिकाइमा मद्दत गर्दछ भनेका छन् । यी दुवै दार्शनिकहरूको भनाइबाट पनि के प्रष्ट हुन सकिन्छ भने तल्लो कक्षाको सामाजिक विषयको सिकाइ उपलब्धि हासिल नगराई माथिल्लो कक्षाको सिकाइ उपलब्धी हासिल गराउन कठिन हुन्छ । तसर्थ सामाजिक अध्ययनको सिकाइ उपलब्धि कमजोर हनुको एउटा कारण तल्लो कक्षाको सिकाइ उपलब्धि हासिल नभइकन निर्णयबाट कक्षा चढाउने परिपाटी हो भनी ठोकुवा गर्न सकिन्छ ।

## ४.३.४ विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक सामग्री समयमै उपलब्ध नहुनु

विद्यार्थीलाई सिक्नका लागि विद्यालयमा विभिन्न सामग्री कपी, कलम, किताब, औजार बाकस लगायत सामाजिकका हरेक क्षेत्रसँग सम्बन्धित पत्र पत्रिका तथा पुस्तकालयीय सामग्री आदिको आवश्यकता पर्दछ । यस्ता विद्यार्थीका लागि अति आवश्यक सामग्रीहरू आर्थिक समस्या, अभिभावकमा चेतनाको कमी र विद्यार्थीले आफ्ना कुरा अभिभावकलाई बुझाउन नसक्नु जस्ता कारणले विद्यार्थीलेआवश्यकता परेको समयमा प्राप्त गर्न सक्तैनन् । सामाजिक खोज तथा अनुसन्धान गर्ने विषय हो । यसका लागि विद्युतीय सामग्री र इन्टरनेटको आवश्यकता पर्दछ । तर यस्ता सुविधाहरू प्रायः विद्यार्थीले नत विद्यालयमा पाएको छन् नत घरमा नै पाएका छन् । विद्यार्थीलाई शिक्षक र अभिभावकले मार्ग निर्देशन मात्र गर्ने हो, सिक्ने काम विद्यार्थी आफैँले गर्नु पर्दछ । उसले सामाजिक विषयका परियोजना कार्य र अभ्यासका लागि केवल पाठ्यपुस्तकलाई मात्र अध्ययन गरेर नपुग्ने भएको हुँदा त्योसँग सम्बन्धित सामग्री विद्यार्थीले प्रयोग गर्न पाउनु पर्दछ । विद्यार्थीलाई घरमा अध्ययन गर्नका लागि विद्यार्थीको उमेर अनुसारका कुर्सी तथा टेवल हुन आवश्यक पर्दछ । तर कतिपय विद्यार्थीले उपयुक्त ठाउँमा बसेर पढ्ने वातावरण नै पाउँदैनन् । सारांशमा भन्ने हो भने सामाजिक विषयको सिकाइ उपलब्धि कम हुनका पछाडि विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक र भौतिक सामग्री समयमा नै उपलब्ध हुन नसक्नु हो ।

## ४.३.५ भद्दा र धेरै विषयवस्तु हुनु

सामाजिक अध्ययनमा समाविष्ट एकाइ/क्षेत्रहरू तुलनात्मक रूपमा अरू विषयमा राखिएका क्षेत्रभन्दा धेरै र विविधतालाई समेटेकोले पनि यो विषय विद्यार्थीका लागि जटिल बनेको छ । सामाजिक विषयमा इतिहास, भूगोल, अर्थशास्त्र, राजनीति, समाजशास्त्र जस्ता विभिन्न क्षेत्र भएको हुँदा प्राय विद्यार्थीहरूमा सबै एकाइसँग सम्बन्धित अनुभव कमी रहेको कारण अधिकतम सिकाइ उपलब्धि हासिल गर्न कठिन भएको देखिन्छ । पाठ्यक्रममा धेरै विष्यवस्तु समेट्नु र पाठ्यपुस्तकमा थुप्रै अनुसन्धानात्मक परियोजना कार्य तथा अभ्यासहरू राखी दिएको हुँदा पाठ्यक्रमले सामाजिक विषयलाई छुट्याइ दिइएको अध्यापनको समय भित्र त्यहा रहेका विषयवस्तुहरूपूरागर्न नसक्नु पाठ्यक्रम कार्यान्वयनमा देखिएको चुनौती हो । वी.सी.(२०६९) ले उनको शोधपत्रमा कक्षा-१० को पाठ्यपुस्तकमा प्रसस्त

विषयवस्तुलाई समेट्ने गरी थुप्रै अभ्यास र क्रियाकलाप राखिएको भएतापनि समय र खर्चको अभावका कारणले कार्यान्वयनमा कठिनाइ हुने गरेको उल्लेख गरेका छन् ।

### ४.३.६ पाठ्यक्रम र पाठ्यपुस्तक बीचतालमेल नहुनु

विद्यार्थीसँग सधैं र सजिलै सिक्नका लागि उपलब्ध हुने शैक्षिक सामग्री पाठ्यपुस्तक हो । यसले पाठ्यक्रममा भएका विषय वस्तुलाई जति व्यवस्थित र सान्दर्भिक तरिकाले प्रस्तुत गर्न सक्तछ त्यति सिकारुलाई सिक्न सजिलो हुन्छ । पाठ्यक्रममा भएका कतिपय कुराहरू पाठ्यपुस्तकमा विस्तृत मात्रामा हुदैनन् । पाठ्यपुस्तकमा दिइएको चित्रहरू स्पष्ट र रङ्गिन छैनन् । पाठ्यक्रममा भएका केही विषयवस्तुलाई पाठ्यपुस्तक भित्र अभ्यास र परियोजना कार्यको रूपमा मात्र दिइएको छ जसले गर्दा विद्यार्थीहरूलाई विषयवस्तु बुझ्न र बुझाउन कठिन छ । सामाजिक अध्ययन भित्रका कतिपय एकाइ जस्तैः नागरिक चेतना, आर्थिक क्रियाकलाप, राष्ट्र र समुदाय आदि विषयहरू दिनानुदिन परिवर्तनशील भइरहेको हुँदा उक्त विषयसँग सम्बन्धित नयाँ तथ्य र तथ्याङ्क बारेमा पाठ्यपुस्तकमा तालमेल मिलेको देखिदैन ।

### ४.३.७ मूल्याङ्कन प्रणालीमा त्रुटी रहनु

शिक्षा ऐन, २०२८ को धारा ५ ले माध्यमिक शिक्षा राष्ट्रिय स्तरको हुने भनिएको छ । कक्षा १० को सामाजिक विषयको विशिष्टिकरण तालिकाले विद्यार्थीले सामाजिक अध्ययनबाट प्राप्त गरेको ज्ञान, सिप तथा अभिवृद्धिलाई ३० वटा लामा छोटा प्रश्नहरूको माध्यमबाट ३ घण्टा भित्रमा पेपर पेन्सिलबाट लिइने परीक्षाबाट मापन गर्ने व्यवस्था गरेको छ । विद्यार्थीले सामाजिक विषयमा प्राप्त गरेको सिकाइ उपलब्धि ३ घण्टा भित्रमा लेखेर प्रस्तुत गरिरहँदा उसमा विरामीको अवस्था, थकानको अवस्था, चिसो तातोको अवस्था, हल्ला, तनाव आदिको प्रभाव पर्नु र नपर्नुमा समेत फरक हुन सक्तछ । तसर्थ सामाजिक अध्ययनको मूल्याङ्कन हुन नसकी यसको सिकाइ उपलब्धि कमजोर भएको देखिन्छ ।

### ४.३.८ अभिभावकले बालबालिकाको सिकाइप्रति चासो नदिनु

प्रभावकारी शिक्षण सिकाइका लागि अभिभावकको ठूलो भुमिका हुन्छ । अभिभावकले आफ्नो बच्चा विद्यालयमा जान्छ जाँदैन, विद्यालयबाट सञ्चालन गरिने सबै खाले शैक्षिक

क्रियाकलापमा आफ्नो सहभागिता जनाउँछ जनाउँदैन भन्ने कुरा अभिभावकबाट चासो नराखी दिनाले अध्यापन मार्फत सहजै सिकाइ उपलब्धि हासिल गर्ने कार्यमा अवरोध पुग्न गएको छ । त्यस्तै गरेर अभिभावकले आफ्ना बालबालिकालाइ आवश्यक पर्ने प्रयोगात्मक कार्यका लागि र अन्य शैक्षिक कार्यका लागि आवश्यक पर्ने शैक्षिक सामग्री चाहिएको समयमा उपलब्ध गराउने कुरा पनि समस्याको रूपमा देखिएको छ । अर्को कुरा सामाजिक विषयलाई सजिलो विषयको रूपमा लिने र अङ्ग्रेजी, गणित, विज्ञान विषयमा बढी समय दिनु पर्छ भन्ने मानसिकताको विकास भएको हुदा अभिभावकले तिनै विषय पढ्न बढी जोड दिन्छन् । तसर्थ अभिभावकले सामाजिक अध्ययनप्रति दिने चासोको कमिका कारणले सामजिक अध्ययनको सिकाइ उपलब्धि कमजोर भएको हो भनी किटान गर्न सकिन्छ ।

## ४.३.९ विद्यार्थीले सामाजिक विषयलाई कम महत्त्व दिनु

सामाजिक विषयलाई विद्यार्थीले कम महत्त्व दिइएको कारणले यस विषयको औषद सिकाइ उपलब्धि कम भएको देखिन्छ । यस कुरालाई प्रमाणित गर्नका लागि तोकिएका विद्यालयको विद्यार्थी र सरोकारवालाहरूबाट प्राप्त तथ्याङ्कलाई तपशिलको तालिकामा तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

तालिका चौध विद्यार्थीले सामाीजक विषयलाई कम महत्व दिनु

| विद्यार्थीको भनाइ | शिक्षक, प्र.अ. र अन्य सरोकारवालाको भनाइ |
|---|---|
| ) सामाजिक विषयप्रति हेल्चेक्रयाइ ।<br>) अङ्ग्रेजी गणित विषयमा बढी जोड ।<br>) सामाजिक विषयलाई जाँचको समयमा मात्र पढ्न गरेको ।<br>) अरु विषय पढिसके पछि मात्र समय रहेमा सामाजिक विषयका गृहकाय र परियोजना कार्य गर्ने गरेको । | ) विद्यार्थी गृहकार्य नियमित गर्दैनन् ।<br>) सामाजिक विषयको शिक्षण सिकाइ कृयाकलापमा खास चासो दिदैनन् ।<br>) अङ्ग्रेजी गणित विज्ञानलाई मुख्य विषय ठान्छन् ।<br>) सामुहिक क्रियाकलापमा कम सहभागी हुन्छन् । |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिका चौधका सम्बन्धमा व्याख्या तथा विश्लेषण गर्दा विद्यार्थी स्वयमले अङ्ग्रेजी गणित विज्ञानलाई बढी महत्व दिने र फुर्सद पाएको खण्डमा मात्र सामाजिक विषयको गृहकार्य र परियोजना कार्य गर्ने गरेको भनाइबाट सामाजिक विषयलाई कम

महत्व दिएको प्रष्टैछ । केही विद्यार्थीले सामाजिक विषयलाई जाँचको समयमा मात्र पढ्ने गरेको भन्नु सामाजिक विषयप्रतिको हेलचेक्र्याइको पराकाष्टा नै भएको पाइन्छ । यस्तै गरेर शिक्षक, प्र.अ. र अन्य सरोकारवालाहरूले पनि विद्यार्थीहरूले भनेको जस्तै आशयको कुरा गर्नुले सामाजिक विषयको सिकाइ उपलब्धि कम हुनुमा विद्यार्थीले सामाजिक विषयलाई कम महत्व दिनु नै मूल समस्या भएको देखिन्छ । छोटकरीमा भन्ने हो भने सामाजिक विषयलाई घरमा अध्ययन नगर्नु, गृहकार्य र परियोजना कार्य नगर्नु, सामाजिक विषयको घण्टीमा बाहिर निस्कनु वा विदा मागेर घर जानु, समाजिक विषयका आवश्यक पर्ने निर्माण वा प्रयोगका सामग्री नकिन्नु वा व्यवस्थापन नगर्नु जस्ता कार्यले सामाजिक विषयको सिकाइ उपलब्धि प्राप्तिमा अवरोध भएको देखिन्छ ।

## ४.३.१० विद्यार्थीविद्यालयमा नियमित नआउनु

विद्यार्थी विद्यालयमा नियमति रूपमानआउनु प्रभावकारी रूपमा सिकाइ उपलब्धि हासिल गराउन बाधा  पार्ने एक मुख्य तत्व हो । कटुवाल(२०६८) ले उनको शोधपत्रमा विद्यालयमा नियमित आउने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो भएको र नियमित नआउने विद्यार्थीको सिकाइ उपलब्धि कमजोर रहेको बताएका छन् । त्यस्तै प्रस्तावनामा तोकिएका विद्यालयको २०७० सालको औषत उपस्थिति र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सामाजिक विषयको नतिजालाई तालिकीकरण गर्दा यस्तो अवस्था देखिएको छ ।

तालिका पन्ध्र : विद्यार्थीको औषत उपस्थिति र सिकाइ उपलब्धि

| विद्यालय / विवरण | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| औषत उपस्थिति | १४० दिन | १६८ दिन | १३९ दिन |
| सामाजिक विषयका औषत सि.उ. | २८.६५ | ३९.३२ | २५.४० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

माथिको तालिका पन्द्रको व्याख्या विश्लेषण गर्दा औषत उपस्थिति सवैभन्दा कम हुने विद्यालय राधाकृष्णको सामाजिक विषयको औषत सिकाइ उपलब्धि २५.४ रहेको छ

भने १४० दिन औषत उपस्थित हुने विद्यालयको सामाजिक अध्ययनको औषद उपस्थिति २८.६५ रहको छ । तर  तुलनात्मकरूपमा बढी औषत उपस्थित हुने विद्यालय पोखरियाको भने ३९.२२ रहेको छ । जुन औषत उपस्थिति सबैभन्दा कम हुने राधाकृष्ण मा.वि.को भन्दा झन्डै १४ अङ्कले बढी छ । यस तथ्यबाट विद्यार्थी विद्यालयमा नियमित उपस्थिति नहुनु नै सिकाइ उपलब्धि प्रभावकारी बनाउने बाधक तत्त्व हो भन्ने कुरा पुष्टि हुन्छ ।

## ४.३.११भाषिक समस्या हुनु

भाषा सूचना आदान प्रदान गर्ने सशक्त माध्यम हो । शिक्षण सिकाइ क्रियाकलाप गर्दा प्रयोग भएको मातृभाषा र दोस्रो भाषाले विद्यार्थीको सिकाइलाई सरल तथा जटिल बनाउने गर्दछ । विद्यार्थीले सहज रूपमा सिकाएका कुरा ग्रहण गर्न नसक्नाले सिकाइ उपलब्धि हासिल गर्नलाई अवरोध पैदा हुने गर्दछ भन्ने कुरालाई निम्नानुसारको तथ्याङ्कीय तालिकाको व्याख्या तथा विश्लेषणबाट पुष्टि गर्न सकिन्छ :

तालिका सोह्र : विद्यार्थीले प्रयोग गर्ने मातृभाषा

| विद्यालय / प्रयोग गर्ने मातृभाषा | सत्यनारायण उ.मा.वि. | पोखरिया उ.मा.वि. | राधाकृष्ण मा.वि. |
|---|---|---|---|
| नेपाली | १०% | ९०% | १० % |
| मैथिली | ६०% | ० | ५०% |
| हिन्दी | १० % | - | ५०% |
| लिम्बू | १० % | - | - |
| उर्दु | १० % | - | - |
| धिमाल | - | - | २० |
| बंगाली | - | - | १० % |
| थारू | - | १० % | - |
| जम्मा | १०० | १०० | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७२

सार्वजनिक विद्यालयका पाठ्यपुस्तकहरू र सन्दर्भ सामग्रीहरू नेपाली माध्यममा छन् । सामाजिक विषयभित्र कतिपय शब्द र भाषाहरू प्राविधिक हुने नै भए । यस्तो अवस्थामा नेपाली मातृभाषाहुने विद्यार्थीहरूलाई तुलनात्मक रूपमा सजिलो हुन जाने देखिन्छ । माथिको तालिका सोह्रको व्याख्या विश्लेषण गर्दा नेपाली भाषालाई दोस्रो भाषाको

रूपमा प्रयोग गर्ने विद्यार्थीको भन्दा प्रायः नेपाली भाषालाई नै पहिलो भाषाको रूपमा प्रयोग गर्ने श्रीपोखरिया उ.मा.वि.को माध्यमिक तहको सामाजिक विषयको औषत सिकाइ उपलब्धि बढी देखिन्छ। यसबाट भाषिक समस्याको कारण पनि सिकाइ उपलब्धिमा फरक पर्दछ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.३.१२ प्रधानाध्यापकको प्रशासनिक कार्य कुशलतामा कमी हुनु

कुनै संघ संस्था सुव्यवस्थित रूपमा सञ्चालन गर्नको लागि त्यसमा संलग्न नेतृत्वको लगनशिलता, सोच र दृष्टिकोणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अन्य संस्थामा जस्तै विद्यालयलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र त्यहाँ संलग्न मानवीय स्रोतलाई ठीक ठीक तरिकाले परिचालन गर्न प्रधानाध्यापकले ज्यादै धेरै कौशलता प्रदर्शन गर्नु पर्दछ । प्रधानाध्यापक जति कुशल हुन सक्यो त्यति समग्र शैक्षिक गतिविधहरू स्वस्फूर्त रूपमा परिचालन भइ विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धिमा बढोत्तरी हुन जान्छ तर अनुसन्धानका क्रममा प्राप्त तथ्यहरूलाई केलाउँदा प्रधानाध्यापकबाट शैक्षिक उन्नयनका लागि गर्नु पर्ने धेरै काममा प्रभावशाली कदम चाल्न सकिएको देखिएन । विद्यालय प्रशासनले सामाजिक विषय शिक्षकलाई योजनाबद्ध रूपमा पाठसँग सम्बन्धित शैक्षिक सामग्रीका साथ कक्षा कोठामा जान उत्प्रेरित गर्न नसकेको, सामाजिक अध्ययनको प्रयोगात्मक अभ्यासका लागि चाहिने सामग्रीको व्यवस्थागर्न नसकेको, विद्यार्थीका लागि अनिवार्य रहेको शैक्षिक तथा अवलोकन भ्रमणका लागि व्यवस्था मिलाउन चासो नदिएको, तल्लो कक्षादेखिनै सामाजिक विषयमा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीलाई कक्षा चढाउने गरेको जस्ता क्रियाकलापले गर्दा कक्षा १० को सामाजिक अध्ययनको अधिकतम सिकाइ उपलब्धि हासिल गराउन सकस परेको देखिन्छ । त्यस्तै गरेर शिक्षक सबै तालिम प्राप्त र अनुभवी हुँदाहुदै पनि तालिममा सिकेका ज्ञान सीप कक्षा कोठामा पुर्‍याउन नसक्नु, विद्यालयमा रहेका सन्दर्भ सामग्रीलाई शिक्षकले प्रयोग नगर्नु, शैक्षिक सामग्री निर्माण सङ्कलन र प्रयोग व्यवस्थित हुन नसक्नु, शिक्षक तथा विद्यार्थीलाई समयको उचित परिपालना नगराउनु जस्ता दोष सबै विद्यालय परिवारसँग सम्बन्धित भए पनि भएको क्षमतालाई समन्वयात्मक र प्रजातान्त्रिक अभ्यासबाट प्रयोगमा ल्याउन नसक्नुमा प्रशासनको पनि उत्तिकै कमजोरी रहेको देखिन्छ । श्रेष्ठ (२०६८), ले सामाजिक शिक्षा पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी

विद्यार्थीको सिकाइस्तर सुधार गर्नका लागि अभिभावक, शिक्षक, विद्यार्थी र प्र.अ.को वीचमा घनिष्ट सम्बन्ध हुनु पर्दछ भनेका छन् । यस भनाइबाट कुशलता पूर्वक विद्यालय सञ्चालन गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न प्रधानाध्यापक कुशल दक्ष र समन्वयकारी भूमिका निर्वाह गर्न सक्षम हुनु पर्दछ भन्ने कुरा पुष्टि हुन्छ ।

## ४.४ सामाजिकको सि.उ. हासिलगर्न आइपर्ने समस्या समाधानका उपायहरू

कुनै एउटा समस्याले मात्र सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न अवरोध पुगेको देखिएन । शिक्षण क्रियाकलापलाई व्यवस्थित रूपमा सञ्चालन गर्नलाई बाधा पुऱ्याउने विभिन्न तत्त्वहरूको एकिकृत अवस्थाले सिकाइमा असर गरेको भेटिन्छ । यस शोधको उद्देश्य परिपूर्ति गर्नका निमित्त प्रस्तावनामा उल्लिखित विधि र तरिका प्रयोग गरी प्राप्त भएको तथ्याङ्कलाई हेर्दा त्यहाँ थुप्रै किसिमका शैक्षिक तथा भौतिक समस्या छन् । अध्ययनका लागि तोकिएका सम्पूर्ण विद्यालयका शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यता माध्यमिक तहको सामाजिक अध्ययनका लागि पूर्ण देखिन्छ । तर प्रायः विद्यालयमा शैक्षिक  सामग्रीको उपयुक्त किसिमले सङ्कलन, व्यवस्थापन र प्रयोग भएको नपाइनु, कक्षा शिक्षणमा योजनाका साथ उपयुक्त शिक्षण विधि प्रयोग गर्न नसक्नु, गृहकार्य नियमित दिने तथा परीक्षण गर्ने नगर्नु, वार्षिक शैक्षणिक योजना गम्भिर भएर निर्माण नगर्नु जस्ता क्रियाकलापले अधिकतम सिकाइ उपलब्धि हासिल गर्न बाधा पुगेको देखिन्छ । सिकाइ उपलब्धि हासिल गर्न आइपर्ने समस्या समाधानका उपायहरू खोजी गर्ने यस शीर्षकको उद्देश्य भएको हुँदा माथि उल्लेख गरिए जस्ता समस्याहरूको समाधान गर्ने उपायका बारेमा यहाँ चर्चा गरिएको छ । शोध अध्ययनको क्रममा प्राप्त भएकासूचना तथा शोधार्थीको अनुभव समेतका आधारमा सिकाइ उपलब्धिलाई प्रभावकारी बनाउने उपायहरूका बारेमा तल दिइए अनुरूप विभिन्न उपशीर्षकहरू बनाई व्याख्या एवं विश्लेषण गरिएको छ :

### ४.४.१ स्वअध्ययन गर्न शिक्षकलाई रुची जगाइनु पर्ने

सामाजिक विषय शिक्षकहरूमा गहिरो रूपमा अध्ययन गरी राम्रो दखल भएको सामाजिक विषयका एकाइहरू दुई वा तीनवटा मात्र भएको कुरा यसै अध्ययनको ४.३.१ को सामाजिक विषय शिक्षकमा क्षेत्रगत ज्ञानको अभाव हुनु भन्ने शीर्षकमा व्याख्या

एवं विश्लेषण भइसकेको छ । तसर्थ सामाजिक विषयका शिक्षकहरूको ज्ञान गहन बनाउन प्रोत्साहित गर्नु पर्दछ । यसका लागि विद्यालय प्रशासनले सामाजिक विषय अध्ययन गर्ने शिक्षकसँग सल्लाह गरी हरेक एकाइसँग सम्बन्धित पुस्तकालयीय सामग्रीको व्यवस्था गरिदिइ अध्ययन गर्नका लागि हौसला प्रदान गरिदिनु पर्दछ । शिक्षकहरूमा अध्ययन गर्ने बानीको विकास गराउन स्रोतकेन्द्र भित्रका कक्षा-१० मा सामाजिक पढाउने शिक्षकको भेला गराइ सामाजिक विषयवस्तुसँग सम्बन्धित विभिन्न समस्याहरू सामुहिक रूपमा सङ्कलन गरी समय दिएर व्यक्तिगत रूपमा हल गर्न लगाउने गर्नु पर्दछ । त्यसरी व्यक्तिगत रूपमा समाधान निकालिए पछि सामुहिक रूपमा प्रतिवेदन तयार गरी राख्ने व्यवस्था मिलाउनु पर्दछ । त्यस्तै गरेर विद्यालयभित्र विद्यार्थीहरूबीच सामाजिक विषयसँग सम्बन्धित हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, बादविवाद प्रतियोगिता, जस्ता कार्यक्रम गरिरहनु पर्दछ । यसले गर्दा शिक्षकलाई सामाजिक विषयका कुरा सिक्न र सिकाउन उत्प्रेरित गरी रहने हुँदा स्वअध्ययन गर्ने जाँगर भित्रैबाट पलाइ सामाजिक विषयका विभिन्न क्षेत्रको ज्ञान गम्य (ज्ञान प्राप्ती) हुन जान्छ । यसरी सामाजिक विषयको ज्ञान शिक्षकमा गहन हुन जानाले स्वतः शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन गई सामाजिक अध्ययनको सिकाइ उपलब्धि बृद्धि हुन सम्भव हुन्छ ।

### ४.४.२ तालिममा सिकेका कुरालाई कक्षाकोठामा पुऱ्याउनु

तथ्याङ्क सङ्कलनका लागि प्रस्तावनामा तोकिएका तीनवटै विद्यालयका सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरू योग्यता पुगेका, तालिम प्राप्त र लामो अनुभव भएका हुँदाहुँदै पनि उनीहरूले प्राप्त गरेका ज्ञान सीप कक्षा कोठामा पुग्न नसकेको कारणले शिक्षण सिकाइ प्रभावकारी बन्न नसकेको विषय यसै अध्ययनको शीर्षक ४.३.२ मा व्याख्या तथा विश्लेषण भइसकेको हुँदा यहा शिक्षकले तालिममा सिकेका ज्ञान तथा सीपलाई कसरी कक्षा कोठामा पुऱ्याउन सकिन्छ भन्ने सन्दर्भमा मात्र व्याख्या विश्लेषण गरिनु सान्दर्भिक हुन आउँछ । शिक्षकले हासिल गरेका ज्ञान सीपलाई शिक्षण सिकाइ क्रियाकलापमा इमान्दारिताका साथ अधिकतम रूपमा लागु गर्नु पर्दछ भन्ने तिब्र इच्छा शिक्षकहरूमा अन्तरहृदयबाट जागृत हुन सकेमा मात्र यसको व्यावहारिक कार्यान्वयन हुन सक्तछ । यदि शिक्षकले वार्षिक, त्रैमासिक, मासिक, साप्ताहिक र दैनिक योजनाका साथ उपयुक्त तरिका र

विधिको प्रयोग गरी यथेष्ट शैक्षिक सामग्रीका साथ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको खण्डमा सिकाइलाई प्रभावकारी बनाउन कुनै समस्या रहदैन । दक्ष शिक्षकले विद्यार्थीको शारीरिक, मनोवैज्ञानिक, पारिवारिक, आर्थिक लगायतका शिक्षण सिकाइसँग जोडिएका समस्याहरू समेत नजिकबाट अध्ययन गरी समस्यालाई सहज पार्ने उपाय समेत खोजी गर्नु पर्दछ । अवसर पाएमा हरेक बालबालिकाले आफ्नो क्षमता प्रदर्शन गर्न सक्ने कुरालाई मनन गरी कुनै विद्यार्थीको सिकाइको अवस्था कमजोर छ भने सो हुनुको कारण पत्ता लगाइ त्यसै अनुसार उपचार गरिनु पर्दछ । शिक्षक जति सक्रीय र सकारात्मक बन्ने गर्दछ त्यति उसमा भएका ज्ञान तथा सिपहरू कक्षा कोठामा पुग्न सक्दछन् ।
शिक्षकलाई इमान्दार र कर्तव्यनिष्ट बनाउन शिक्षकमा दण्ड र पुरस्कारको व्यवस्था समेत गर्नु पर्दछ । जसले गर्दा शिक्षकले प्राप्त गरेको ज्ञान सिप कक्षा कोठामा प्रवेश पाइ सिकाइमा सुधार ल्याउन मद्दतपुग्छ ।

### ४.४.३ विद्यार्थीलाई विद्यालयमा नियमित बनाइनु पर्ने

एउटा सिकाइ उपलब्धि हासिल गराइले अर्को सिकाइ उपलब्धि हासिल गर्न मद्दत पुग्ने भएको हुदा नियमित विद्यालय नआउने विद्यार्थीका हासिल गर्नु पर्ने सिकाइ उपलब्धिहरू क्रमशः छुट्दै जान्छन् । जब विद्यार्थीमा सिकाइ अनुभवको कमी र अध्ययनमा निरन्तरता टुट्दै जान्छ तब सिकाइका कुराहरू पनि क्रमशः बुझ्न कठिन हुदै जाने भएको हुँदा सिकाइ निरसिलो, पट्यारलाग्दो र बोझिलो बन्न पुग्दछ । तसर्थ विद्यार्थीको समग्र शैक्षिक उन्नयनका लागि उनीहरूलाई नियमित विद्यालयमा आउने वातावरण तयार गर्न सम्पूर्ण अभिभावक, शिक्षक, प्रधानाध्यापक तथा अन्य सरोकारवालाहरू लाग्नु पर्दछ ।
तोकिएको विधि र प्रक्रिया प्रयोग गरी स्थलगत रूपमा गएर लिएको सूचनाहरू केलाउँदा सरोकारवाला विद्यार्थीलाई नियमित बनाउन निम्नानुसारका सुझावहरू दिइएका छन् :

क) विद्यार्थीको हाजिरीलाई पहिलो घण्टी र अन्तिम घन्टीमा दुईपटक अनिवार्य गरिने व्यवस्था मिलाउनु पर्दछ ,

ख) नियमित आउने र नआउने, टिफिनमा भाग्ने र नभाग्ने विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था मिलाउनु पर्दछ ,

ग) विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्तिलाई उपस्थितिको आधारमा वितरण गरिने व्यवस्था मिलाउनु पर्दछ ,

घ) विद्यालयका प्र.अ. शिक्षक र अभिभावक मिलेर विद्यार्थीलाई नियमित बनाउनका लागि आमा भेला, अभिभावक भेला जस्ता कार्यक्रम सञ्चालन गरी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ,

ङ) विद्यार्थीलाई सिक्नका लागि उत्प्रेरित गरिनुका साथै पढाइको आवश्यकता र महत्वमाथि प्रकाश पारी दिनुपर्दछ,

च) बालमैत्री विद्यालय र कक्षाकोठाको व्यवस्था गरिनु पर्दछ,

छ) बालबालिकामा रहेका सामाजिक, सांस्कृतिक अवरोधको पहिचान गरी समाधानको उपाय निकाल्नु पर्दछ,

ज) बालबालिकामा मनोवैज्ञानिक समस्या भए समाधानका लागि सल्लाह र सुझाव उपलब्ध गराउनु पर्दछ ।

सारांशमा भन्दा तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त भएको माथिका सुझावलाई कार्यान्वयनमा ल्याई विद्यार्थीलाई विद्यालयमा नियमित बनाउन सकेको खण्डमा सिकाइमा निरन्तरता कायम भई हरेक पाठबाट हासिल गर्ने सिकाइ उपलब्धि प्राप्त हुँदै जाने हुनाले सम्पूर्ण सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न मद्दत पुग्ने देखिन्छ ।

## ४.४.४पाठ्यक्रम र पाठ्यपुस्तकलाई चुस्त र दुरुस्त पार्नु

सामाजिक अध्ययनको पाठ्यक्रममा भूगोल, अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, सांस्कृति परम्परा सम्बन्धी छुट्टा छुट्टै क्षेत्रका नौवटा एकाइहरू समेटिएको छन् । ती कतिपय एकाइका बारेमा विद्यार्थीमा अनुभवको कमी भएको कारण सिक्न र बुझ्न कठिन भएको देखिन्छ। पाठ्यक्रममा समावेश भएका सबै विषयवस्तुलाई पाठयपुस्तकमा विस्तृत रूपमा दिइएको छैन । पाठमा उल्लेख नभएका विषयवस्तु परियोजना कार्यका रुपमा अभ्यासमा दिइने गरेका कारण पनि विद्यार्थीलाई सिक्न कठिन भएको छ । तसर्थ पाठ्यक्रममा विद्यार्थीको क्षमतास्तर र अनुभवले भ्याउने सम्मका

विषयवस्तुहरू समेटिनु पर्दछ । पाठ्यक्रममा दिइएका विषयवस्तुलाई पाठ्यपुस्तकमा विस्तृत रूपमा राखिनु पर्दछ । पाठ्यपुस्तकमा भएका चित्रहरू स्पष्ट, बुझिने र रङ्गिन बनाइनु पर्दछ । सारांशमा भन्ने हो भने पाठ्यक्रम विद्यार्थीको स्तर र क्षमता अनुसार हुनुपर्दछ भने पाठ्यपुस्तक सरल, विस्तृत, उपयुक्त कागज र गत्ता भएको चुस्त तथा दुरुस्त किसिमको हुनु पर्दछ ।

## ४.४.५ भाषिक कठिनाइको समाधान गर्नु

भाषिक समस्याका कारणले अधिकतम सिकाइ उपलब्धि हासिल गर्न समस्या हुने कुरा ४.३.११ मा व्याख्या गरिसकिएको हुँदा यहाँ सामाजिक शिक्षणको सन्दर्भमा विद्यार्थीमा रहेको भाषिक समस्या कसरी समाधान गर्न सकिन्छ भन्ने कुराका बारेमा चर्चा गरिएको छ । सामाजिक अध्ययनमा व्यापक रूपले सांस्कृतिक, आर्थिक, राजनैतिक, भौगोलिक र ऐतिहासिक क्षेत्र समेटेको हुँदा यहाँ भित्र रहेका कतिपय प्राविधिक तथाभाषिक कुराहरू विद्यार्थीलाई सम्झाउन विविध किसिमका उपायहरू अपनाउनु पर्दछ । यसका लागि तोकिएका विद्यालयमा स्थलगत रूपमा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित प्र.अ., शिक्षक विनि, स्रोतव्यक्ति तथा अन्य सरोकारवाला व्यक्तिहरूले भाषिक समस्याको समाधानका लागि सुझाएका निम्न सुझावहरूलाई मनन गरी कार्यान्वयन गरेमा
भाषिक समस्याको समाधान हुने देखिन्छ :

क) शैक्षिक सामग्रीको अत्याधिक प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ख) बुझाउन कठिन भएका शब्दलाई नोट गरी छलफल चलाउने र आवश्यक परे विभिन्न भाषामा अर्थ टिपोट गरी विद्यार्थीले बुझ्ने भाषामा बताइ दिने,

ग) कतिपय धर्म, संस्कृति र चाडपर्वका बारेमा व्याख्या गर्न स्थानीय स्तरमा उपलब्ध हुने व्यक्तिलाईबोलाएर स्रोतव्यक्तिको रूपमा प्रयोग गर्ने,

घ) पाठको आवश्यकता अनुसार लामो छोटो किसिमका शैक्षिक तथा अवलोकन भ्रमणको आयोजना गर्ने,

ङ) सिक्न कठिन भएका शब्द तथा भाषाको लागि पटक पटक सिकाइ अवसर प्रदान गर्ने ।

## ४.४.६तल्लो कक्षादेखिनै सामाजिकको सि.उ. पूरागरेर मात्र कक्षा चढाउनु

विद्यार्थीमा तल्लो कक्षादेखि नै सामाजिक विषयका सिकाइ उपलब्धिहरू अधिकतम प्राप्त गरेर मात्र माथिल्लो कक्षामा चढाइने व्यवस्था गरिनु पर्दछ । हरेक कक्षा चढ्दै जाँदा बालबालिकाको सिक्ने क्षमता रअनुभव बढ्दै जाने हुँदा पाठ्यक्रमले विषयवस्तुहरू पनि क्रमशःविस्तृत र गहन बनाउँदै लगेको हुन्छ । यदि तल्लो कक्षामा प्राप्त गर्नु पर्ने सिकाइ उपलब्धिहरू हासिल नगरी माथिल्लो कक्षामा गएमा पाठ्यक्रमको लम्वीय निरन्तरता टुट्न गई थप ज्ञान आर्जन गर्नका लागि चाहिने अनुभव कम हुन जान्छ । जसका कारणबाट विद्यार्थीलाई शिक्षकले सिकाएको कुरा सिक्न गाह्रो पर्ने, सिकाइ निरसिलो हुने र अन्त्यमा शिक्षाप्रति नै वितृष्णा पैदा हुनसक्छ । तसर्थ नियमित विद्यालय नआउने र सामाजिक विषयमा निम्नतम सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीलाई कक्षा चढाउने निर्णय लिनु हुदैन । विशेष गरेर आधारभूत तहमा तल्ला कक्षाहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग गरेपछि उदारकक्षोन्नति को मान्यता अनुसार सबै विद्यार्थीलाई माथिल्लो कक्षामा चढाउन पर्दछ भन्ने गलत बुझाइका कारण निम्नतम सिकाइ उपलब्धि समेत हासिल नगरी माथिल्लो कक्षामा लाने गरिएको छ । जसले गर्दा सामाजिक विषयको सिकाइ उपलब्धि कमजोर भएको देखियो ।

ढकाल (२०६८)ले उनको शोधपत्रमा उल्लेख गरे अनुसार निर्माणात्मक मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कनको व्यवस्था गर्ने र सो अनुसार विद्यार्थीलाई नियमित बनाइ एक शैक्षिक सत्र भरी सिकाउँदा पनि कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीलाई अभिभावक शिक्षक र प्रधानाध्यापकको राय लिइ उदार कक्षोन्नति गर्न सकिने भन्ने हो । तर उदारकक्षोन्नतिलाई सरकारको नीति ठानी नजाने पनि फेल गर्न नपाइने हुँदा अनिवार्य रूपमा कक्षा चढाउन पर्दछ भन्ने सोचाइ राखेको देख्दा उदार कक्षोन्नतिको भावना तथामर्मलाई शिक्षकले आत्मासाथ गर्न नसकेको कुरा बताएका छन् । उनको यो भनाइबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल नगराई कक्षा चढाउन नहुने कुरा पुष्टि भएका छ । सारांशमा भन्ने हो भने तल्लो कक्षाको सिकाइ उपलब्धिले माथिल्लो कक्षाको सिकाइ उपलब्धि हासिल गर्न सहज हुने हुँदा न्यूनतम सिकाइ उपलब्धि हासिल गराएर मात्र माथिल्लो कक्षामा चढाइनु पर्दछ ।

## ४.४.७ मूल्याङ्कन पद्धतिमा सुधार ल्याउनु

वर्तमान मूल्याङ्कन पद्धति अनुसार ३० ओटा लामा छोटा प्रश्नको माध्यमबाट ३ घण्टामा विद्यार्थीसँग भएको सामाजिक विषयसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिको परीक्षणबाट हुन सक्ने त्रुटिका बारेमा यस अध्ययनको ४.३.७ मा व्याख्या गरि सकिएको हुँदा ती त्रुटीहरूलाई हटाउदै मूल्याङ्कन पद्धतिमा सुधार ल्याउने उपाय सम्बन्धमा यहाँ चर्चा गर्नु सान्दर्भिक हुन आउँछ। माध्यमिक तह उत्तीर्ण परीक्षा नाम दिइएको कक्षा १० को अन्त्यमा हुने परीक्षा आजका दिनसम्म राष्ट्रियस्तरमा हुँदै आइरहेको छ। उक्त परीक्षा मार्फत ३ घण्टाको अवधि भित्र हुने सामाजिक विषयको मूल्याङ्कनमा पेपर-पेन्सिल प्रयोग गरी विद्यार्थीले आफूसँग भएको ज्ञान, सीप र अभिवृत्ति प्रस्तुत गर्दछ। यसरी प्रस्तुत गरिरहँदा विरामी, थकान, गर्मी, जाडो, तनाव, हल्ला, डर, त्रास र अन्य मनोबैज्ञानिक कारणबाट पर्न सक्ने प्रभावलाई व्यवस्थापन गर्न कठिन हुँदा वर्षको अन्त्यमा एक पटक मात्र हुने यस्तो परीक्षण सही र विश्वासनीय नहुन सक्छ। तसर्थ यी माथि देखिएका कमी कमजोरीलाई हटाउन सामाजिक विषयको मूल्याङ्कनमा प्रयोगात्मक परीक्षाको साथै अनौपचारिक मूल्याङ्कनका साधनमा बढी जोड दिइनु पर्दछ। बालबालिकाले जाने बुझेका कुरालाई सरल ढङ्गले अभिव्यक्ति गर्ने खालको अनौपचारिक परीक्षण पद्धतिको विकास गरिनु पर्दछ। सामाजिक विषयका कतिपय प्रश्नपत्र पाठ्यपुस्तक भन्दा बाहिरबाट आउने गरेको हुँदा त्यसलाई पाठ्यपुस्तक भित्रैबाट मात्र आउने व्यवस्था मिलाउनु पर्दछ। यी माथि उल्लेखित सुझाव अनुसार मूल्याङ्कन गर्ने व्यवस्था गरेको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा सुधार गर्न सहज हुने देखिन्छ।

## ४.४.८ सरोकारवाला सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नु पर्ने

विद्यार्थीमा सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न कुनै एउटा सरोकारवालाले मात्र असल भूमिका निर्वाह गरेर पुग्दैन। विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी आफैँ र उसको सिकाइमा सहयोग पुऱ्याउने शिक्षक, अभिभावक, प्रधानाध्यापक र अनुगमन कर्ताको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यी सबै सरोकार वालाहरूले वालवालिकाको पढाइलाई व्यवस्थितगर्न खेल्नु पर्ने भूमिकाका सम्बन्धमा प्रत्येकका लागि तपसिल अनुसारको भिन्नाभिन्नै उपशीर्षकहरू तयार गरी प्रस्तुत गरिएको छ :

## ४.४.८.१ विद्यार्थी लगनशीलताको भूमिका

सामाजिक विषय व्यापक र विष्तृत क्षेत्र ओगटेको विषय भएको हुँदा विद्यार्थीले यस विषयलाई घरमा अध्ययन गर्नका लाीग दैनिक कार्य तालिका तयार गरी नियमित समय दिने गर्नु पर्दछ। शिक्षकले दिनु भएका र पाठ्यपुस्तकमा भएका अभ्यास तथा परियोजना कार्यलाई दैनिक रूपमा गर्ने र शिक्षकलाई परीक्षणगराउने गर्नु पर्दछ । त्यस्तै गरेर कठिन भएका अभ्यास तथा विषयवस्तुका बारेमा साथीभाइहरूसँग छलफल चलाउने प्रयोगात्मक विधि तथा अवलोकन विधिको प्रयोग गर्नुपर्दछ । कक्षा शिक्षण भइरहेको अवस्थामा प्रष्ट हुन नसकेको विषयवस्तु विना हिचकिचावट तल्कालै सोधेर प्रष्ट भैहाल्नुपर्दछ । यस्तै गरेर सामाजिक अध्ययनको क्षेत्रलाई फराकिलो पार्नका लागि यस विषयसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाको गहन रूपमा अध्ययन गर्नुका साथै विद्युतीय सामग्री तथा इन्टरनेटको प्रयोगबाट सामाजिक विषयको विषयवस्तुसँग सन्दर्भ मिल्ने सामग्रीको समेत चिन्तन मनन र अनुसन्धान गर्नु पर्दछ । सारांशमा भन्ने हो भने सामाीजक विषयको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि विद्यार्थीले नियमित अध्ययन गर्ने, गृहकार्य तथा परियोजना कार्य गरेर परीक्षण गराउने, नबुझेका विषय वस्तुका बारेमा छलफल गर्ने, इन्टरनेट, पुस्तक र पत्रपत्रिका प्रयोग गरी सामाजिक विषयवस्तुसँग सम्बन्धित ज्ञानलाई फराकिलो बनाउनु पर्दछ ।

## ४.४.८.२ शिक्षकको कर्तव्यनिष्ठ भूमिका

विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गराउन सबै भन्दा महत्वपूर्ण भूमिका शिक्षकको हुने गर्दछ । तसर्थ शिक्षकले शैक्षणिक क्रियाकलाप र अन्य शैक्षिक गतिविधिका बारेमा धेरै सोच विचार गरेर अघि बढ्नु पर्दछ । शिक्षकले शैक्षणिक क्रियाकलापलाई व्यवस्थित बनाउन सबैभन्दा पहिले सिकाइसँग सरोकार राख्ने व्यक्तिसँग बसेर विद्यालयको वार्षिक कार्य तालिका बनाउने र सोका आधारमा वार्षिक शैक्षणिक योजना, त्रैमासिक योजना, मासिक योजना तयारी गरी दैनिक योजनाका लागि डायरीको व्यवस्थापन र प्रयोग गर्नु पर्दछ । यी माथिका विभिन्न योजनाहरूले शिक्षकलाई कुन पाठमा कुन विधि प्रयोग गर्ने भन्ने कुराको मार्ग निर्देशन हुन्छ भने शैक्षिक सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापन गर्न पहिलेदेखि नै सचेत बनाउँछ । व्यवस्थित योजनाले कुन कुन शैक्षिक सामग्री सङ्कलन गर्न विद्यार्थीलाई लगाउने, कुन शैक्षिक सामग्री आफै सङ्कलन गर्ने र कुन कुन

शैक्षिक सामग्री विद्यालयलाई खरिद गर्न लगाउने भन्ने कुराको मार्ग प्रसस्त गर्दछ । शिक्षकले आफूमात्र सक्रीय भएर पुग्दैन । उसले विद्यार्थीहरूलाई पनि सिकाइप्रति सक्रीय बनाउनु पर्दछ । यसका लागि कक्षामा विद्यार्थीलाई समुह विभाजन गरी आपसमा छलफल गर्नेगरी उचित बसाइ व्यवस्था मिलाउनु पर्दछ ।

विद्यार्थीलाई घरमा नियमित अध्ययन गर्न गृहकार्य तथा परियोजना कार्यगर्नउत्प्रेरितगर्नु पर्दछ।सबैविद्यार्थीको गृहकार्य हेर्ने र गृहकार्य नगर्ने विद्यार्थीलाई प्रोत्साहन वा ढाडस दिएर अनिवार्य गर्न अभिप्रेरित गर्नुपर्दछ । घरमा समय दिन नसक्ने विद्यार्थीका अभिभावकसँग छलफल  र अन्तरक्रिया गरी समय उपलब्ध गराउने वातावरण सिर्जना गर्नु पर्दछ विद्यार्थीको प्रगति विवरणलाई अभिभावकसम्म पुऱ्याउने व्यवस्था मिलाउने र कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि सुधार गर्ने सन्दर्भमा तथा राम्रो सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि अझ हौसला बढाउन अभिभावकसँग छलफल र सल्लाह गर्नु पर्दछ । यसरी शिक्षक कर्तव्यनिष्ठ भई शिक्षण सिकाइप्रति समर्पित भएको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न सहयोग पुग्दछ ।

### ४.४.८.३ प्रधानाध्यापकको नेतृत्वदायी भूमिका

विद्यालयको शैक्षिक गतिविधि कस्तो प्रकारले अघि बढ्दछ भन्ने कुरा प्रधानाध्यापकको नेतृत्व क्षमतामा निर्भर रहन्छ । त्यसमा पनि सामाजिक विषय अध्यापन गर्ने शिक्षकका लागि प्र.अ.ले अत्यन्तै नजिक भएर आवश्यक सहयोग गरी रहनु पर्दछ । यो विषय अध्यापन गर्न गराउन शैक्षिक सामग्री निर्माण, सङ्कलन र व्यवस्थापन गर्ने कार्यलाई रचनात्मक सहयोग गर्नु पर्दछ । कक्षा अनुगमन पद्धतिलाई चुस्त र दुरुस्त रूपमा विकास गर्नु पर्दछ । शिक्षकलाई विभिन्न पुनर्ताजगी तालिमको व्यावस्था मिलाई बेलामौकामा विभिन्न शैक्षिक भ्रमण (दिग्दर्शन) आदिको अवसर मिलाइ दिनु पर्दछ । कक्षा कोठामा शिक्षकले प्रयोग गर्ने शिक्षण विधि तथा पद्धतिलाई सकेसम्म बालमैत्री बनाउन सहयोग गर्नुका साथै विद्यार्थीले गर्नुपर्ने अति आवश्यक परियोजना कार्य (पाठाभ्यास) लाई अनिवार्य गराउन मद्दत गर्नु पर्दछ । त्यस्तै गरेर तल्लो कक्षादेखि नै सामाजिक विषयको मूल्याङ्कन प्रणालीलाई महत्व दिएर सक्षम धरातल भएका विद्यार्थीलाई मात्र माथिल्लो कक्षामा लैजान अभिप्रेरित गर्नु गराउनु पर्दछ ।

यस्तो सवल, सक्रीय र नेतृत्वदायी भूमिकालाई प्र.अ. ले आत्मसाथ गर्न सकेको खण्डमा सामाजिक विषयको सिकाइ उपलब्धिस्तरमा धेरै सुधार गर्न सकिन्छ ।

### ४.४.८.४ वि.नि. तथा स्रोतव्यक्तिको सहयोगात्मक भूमिका

विद्यालयकोसम्पूर्णगतिविधितथा शिक्षकहरूले कक्षामागर्ने शैक्षिक क्रियाकलापलाई निरन्तर सहयोगात्मक भूमिका वि.नि. तथा स्रोतव्यक्तिहरूले गर्न सक्नु पर्दछ । सामाजिक विषय जस्तो गहन र व्यापक विषयवस्तु बोकेको यो विषयमात झन जि.शि.का.देखि वि.नि. स्रोतव्यक्तिहरूले के के कुरामा कसरी सहयोग पुऱ्याउन सकिन्छ ? भनी वार्षिक कार्य योजना नै तयार गर्नु पर्दछ । जसले विद्यालयहरूमा आवश्यक पर्ने शैक्षिक  सामग्री खरिदका लागि आर्थिक सहयोगको निकासा गराउने तथा राम्रो काम गर्ने शिक्षकहरूको यथोचित मूल्याङ्कनको प्रतिवेदन तयार गरी माथिल्लो निकायमा पेस गरेर उनीहरूलाई पुरस्कार तथा सम्मान आदिको व्यवस्था मिलाएर मनोवल उच्च राख्नु पर्दछ । साथै कक्षाकोठामा अध्यापन गर्ने शिक्षकको पूर्व तयारीको अवस्था कस्तो छ ? प्रस्तुती गर्दा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग कसरी हुन्छ ? आदि क्रियाकलापमा वि.नि. तथा स्रोतव्यक्तिहरूको निरन्तर सहयोगको भूमिका रहन सकेको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिस्तरमा अवश्य पनि वृद्धि गर्न सकिन्छ ।

### ४.४.८.५ अभिभावकको वालवालिकाको पढाइ सम्बन्धी भूमिका

विद्यालय खुलेका दिन ६ घण्टा बाहेक विद्यार्थी अधिकांश समय आफ्ना अभिभावकहरूसँगनैरहन्छन्।त्यसैले अभिभावकले उनीहरूका बालबालिकालाई जस्तो संस्कार र वातावरण दिन्छन् सिकाइ त्यसै अनुसार प्रभावित हुन जान्छ । जुन घरमा बाबु आमाले दैनिक झगडा गर्दछन्, छोराछोरीहरूलाई आवश्यक माया र रेखदेख पुऱ्याउन सत्तैनन्, पढाइ लेखाइप्रति चासो देखाउदैनन्, चासो देखाए पनि आवश्यकता भन्दा बढी दबाब दिन्छन् । त्यस्ता बालबालिकाहरू तुलनात्मक रूपमा सिकाइमा पनि कमजोर हुन्छन् । तसर्थ अभिभावकले आफ्ना बालबालिकाको सानैदेखि उचित पालन पोषण र माया दिदैँ संवेदनशील भएर उचित बातावरण तयार गर्नु पर्दछ । साना साना बालबालिकालाई अनावश्यक दवाव दिनु हुदैन । बालबालिकाहरू जिज्ञासु हुने हुँदा उनीहरूले सोधेका कुराहरूलाई झर्को नमानी विस्तारपूर्वक बताइ दिनुपर्दछ । शैक्षिक

गुणस्तर माथिल्लो कक्षामा गएर एकैचोटी सुधार गर्न सकिदैन । त्यसैले वालवालिकालाई विद्यालय जाने उमेर भएपछि ढिला नगरी विद्यालयमा हालिदिनु अभिभावकको पहिलो कर्तव्य हो ।

विद्यालयमा भर्ना गरि दिएर मात्र अभिभावकको पढाइप्रतिको भूमिका पूरा हुदैन । उनीहरूले आफ्ना बालबालिका लाई नियमित विद्यालय जाने व्यवस्था मिलाउनु पर्दछ । घरलाई शान्त र बालमैत्री बनाइ पढ्ने वातावरण मिलाइ दिनुपर्दछ । पढाइका लागि आवश्यक शैक्षिक सामग्री किताब, कापी, कलम लगायतका सामाजिक र पाठाभ्यासका लागि चाहिने अन्य सामग्रीहरू अभिभावकले समयमा नै जुटाई दिनुपर्दछ । असल साथी भाइसँग सङ्गत भए नभएको अवलोकन गरी परामर्श दिनुपर्दछ । अरू विषय जस्तै सामाजिक विषयलाई पनि उत्तिकै समय दिन र अभ्यासहरू नियमित गरे नगरेको बारेमा अभिभावकबाट चासो राख्नु पर्दछ । बेला बेलामा विद्यालयमा गई शिक्षक तथा प्रधानाध्यापकसँग आफ्ना वालवालिकाको बारेमा अन्तरक्रिया तथा छलफल चलाउनु पर्दछ । निष्कर्षमा भन्ने हो भने यी माथि दिइएका सुझावहरूलाई पालना गरेमा सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न सहज हुने देखिन्छ ।

## ४.५ प्राप्ति तथा सारांश

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरू नामक शोधको उद्देश्य परिपूर्ति गर्न प्रस्तावनामा तोकिएको विधि र प्रक्रियालाई अवलम्बन गरेर तथ्याङ्क तथा सूचना सङ्कलन गरी सोही सूचनाका आधारमा यसको व्याख्या तथा विश्लेषण यसै परिच्छेदमा गरिसकिएको छ । यही सूचनाको व्याख्या तथा विश्लेषणको सारभूत कुरालाई खोजी गरी यहाँ प्राप्ति तथा सारांशको रूपमा राखिएको छ । प्राप्ति तथा सारांश तयार गर्न सजिलो पार्नका लागि अध्ययनको उद्देश्यमा तोकिएका चारवटा बुँदाको व्याख्या तथा विश्लेषणलाई आधार लिइएको छ । सोही व्याख्या एवं विश्लेषणमा उल्लेख भएका मुख्य मुख्य कुराहरूलाई राखेर प्राप्ति र सारांशलाई निम्नानुसारको उपशीर्षकहरू कायम गरी प्रस्तुत गरिएको छ :

## ४.५.१ प्राप्ति

सामाजिक विषय अध्यापन गर्ने शिक्षक अनुभवी, तालिम प्राप्त, सम्बन्धित विषय भएका र माध्यमिक तहको अध्यापन गर्न न्यूनतम आवश्यक शैक्षिक योग्यता पुगेका पाइयो । स्रोतकेन्द्रस्तरीय सामाजिक विषयको शैक्षणिक योजनामा पाठ्यक्रमले तोकेको पाठ्यभार अनुसारको समय विभाजन भएको देखिएन । शैक्षिक सत्र २०६९ र ०७० को सामाजिक विषयको शैक्षिक उपलब्धि न्युनतम २५ देखि अधिकतम ३९ सम्म भएको पाइयो । सामान्यतया प्रायः शिक्षकले शैक्षिक सामग्रीको प्रचुर मात्रामा सङ्कलन व्यवस्थापन र प्रयोग गरी तयारीका साथ उचित शिक्षण विधि प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको देखिदैन । पोखरिया मा.वि.ले कक्षा व्यवस्थापन र गृहकार्य परीक्षणमा केही राम्रो गरेपनि अरु दुई विद्यालयको अवस्था कमजोर देखिन्छ । एकातिर सबै प्रधानाध्यापकलाई सामाजिक सम्बन्धी पाठ्यक्रम तथा अन्य सन्दर्भ सामग्रीको बारेमा चासो रहेको देखिएन भने अर्को तिर सामाजिक विषयको जानकारी राख्ने प्रधानाध्यापक भएको विद्यालयको सामाजिक विषयको सिकाइ उपलब्धि झन कमजोर भएको पाइन्छ । स्रोतव्यक्ति तथा वि.नि.बाट बेला मौकामा निरीक्षण तथा अनुगमन हुने गरेको भए पनि सहयोगात्मक निरीक्षण प्रणालीलाई अझ व्यापक बनाउनु पर्ने देखिन्छ । तुलनात्मक रूपमा बढी शैक्षिक सामग्री प्रयोग गर्ने विद्यालयको शिकाइ उपलब्धि कम प्रयोग गर्नेको भन्दा राम्रो देखिन्छ । यस्तै गरेर बढी शैक्षिक योग्यता र अनुभव भएका शिक्षकले सिकाएका विद्यार्थीको शैक्षिक प्रगति राम्रो भएको पाइन्छ ।
विद्यालयमा सामाजिक अध्ययनसँग सम्बन्धित पर्याप्त सन्दर्भ सामग्री नहुनु र भएको सन्दर्भ सामग्री पनि उपयुक्त किसिमले प्रयोग नगरी दिनाले सिकाइ उपलब्धि कमी भएको पाइन्छ । तयारीका साथ शैक्षणिक योजना निर्माण गरेर व्यवस्थित रूपले विद्यार्थी केन्द्रित विधि अपनाइ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने शिक्षकले अध्यापन गराएका विद्यार्थीको सिकाइ उपलब्धि तुलनात्मक रूपमा राम्रो भएको पाइन्छ । यसरी नै उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गर्ने, शैक्षिक तथा अवलोकन गराउने, नियमित गृहकार्य दिने र परीक्षण गरिदिइ सुधारको अवसर पटक पटक पाएका विद्यार्थीको सिकाइ उपलब्धि अधिक वृद्धि भएको देखिन्छ । त्यस्तै गरेर शैक्षणिक योजना निर्माण गर्ने सीप र सहयोगात्मक अनुगमन प्रणाली प्रभावकारी भएमा सिकाइ व्यवस्थित हुन जाने पाइन्छ ।

सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न बाधा पुऱ्याउने थुप्रै तत्त्वहरू समस्याको रूपमा देखिएका छन् । ती समस्याहरूमध्ये विद्यालय तहमा सामाजिक विषयमा विभिन्न एकाइ क्षेत्रहरू फरक फरक भएका र उच्च शिक्षामा छुट्टै छुट्टै क्षेत्रको छुट्टा छुट्टै विषयका रूपमा पढाइ हुने भएको हुँदा एउटा सामाजिक शिक्षकमा सबै क्षेत्रको विस्तृतज्ञानको अभाव देखिनु एउटा समस्या हो भने योग्य र अनुभवी शिक्षकले तालिममा सिकेका ज्ञान र सिप कक्षा कोठामा नपुऱ्याउनु अर्को समस्या हो । त्यस्तै गरेर सामाजिक अध्ययनको न्यूनतम सिकाइ उपलब्धि हासिल नगराई माथिल्लो कक्षा चढाउने पद्धतिले माथिल्लो कक्षाको सिकाइ उपलब्धि हासिल गर्न समस्या बनाएको छ भने कक्षा १० अन्तमा लिइने परीक्षा सैद्धान्तिक मात्र लिइनुले औषत सि.उ. प्राप्त गर्न अझ कठिनाइ थपेको छ । यसरी नै विद्यार्थीले पनि सामाजिक विषयलाई कम महत्व दिनु, गृहकार्य नियमित नगर्नु, बालबालिकालाई चाहिने शैक्षिक सामग्री आवश्यक परेको बेला अभिभावकले तत्काल उपलब्ध नगराउनु जस्ता कारणले गर्दा पनि सामाजिक विषयको सिकाइ उपलब्धि वृद्धि गर्न समस्या भएको पाइन्छ । यस बाहेक सामाजिक विषयको पाठ्यक्रमले वृहत् क्षेत्र समेटी भद्दा भएको हुदा विस्तृतरूपमा अध्यापन गराउँन समयाभाव हुने र पाठ्यपुस्तकमा पाठ्वस्तु विस्तृतरूपमा वर्णन नभएको कारण सि.उ. वृद्धि गर्न कठिन देखियो । त्यसै गरेर विद्यार्थीमा देखिन्छ भाषिक समस्या र प्रधानाध्यापकको प्रशासनिक कार्य कुशलताको कमीले समेत सामाजिक अध्ययनको सिकाइ उपलब्धि हासिल गर्न समस्या भएको पाइन्छ ।

सरोकारवाला सबैको सामुहिक प्रयासबाट मात्र शैक्षिक उन्नयनमा वृद्धि गर्न सकिने हुँदा सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षक, विद्यार्थी, प्रधानाध्यापक अभिभावक तथा अनुगमन तथा सुपरीवेक्षण गर्ने तालुकवाला निकाय सबैले समन्वयात्मक रूपमा काम गरी शैक्षिक क्षेत्रमा देखिएको समस्या समाधान गर्न सकिन्छ । विद्यार्थीलाई नियमति विद्यालय आउने वातावरण सिर्जना गर्दै उनीहरूका विभिन्न भाषिक आदि समस्या पहिचान गरी सामाजिक विषयमा रुची जगाएर तल्लो कक्षादेखि नै सामाजिक विषयको अपेक्षित सिकाइ उपलब्धि हासिल भएका विद्यार्थीलाई मात्र माथिल्लो कक्षामा चढाउने व्यवस्था मिलाउनु पर्दछ । शैक्षिक उपलब्धिलाई बढाउन प्रधानाध्यापकको नेतृत्वदायी भूमिका हुने हुँदा शिक्षकलाई सक्रिय बनाउँदै तालिममा सिकेका ज्ञान सिपलाई कक्षा कोठामा पुऱ्याउने वातावरण मिलाइ दिनुपर्दछ । यसका लागि शिक्षकलाई स्वअध्ययन गर्न रुची जगाउनका साथै योजनाको तयार, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने, गराउने

तर्फ सचेत गराउनु पर्दछ । यस्तै गरेर विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूले प्रभावकारी सहयोगात्मक अनुगमन तथा निरीक्षण पद्धतिको विकास गर्दै कार्यान्वयन तह र माथिल्लो निकायवीच पुलको काम गरि दिनु पर्दछ । सिकाइ उपलब्धि कति हासिल भयो? भनी मूल्याङ्कनबाट मापन हुने गर्दछ । तसर्थ सामाजिक अध्ययनमा देखिएको मूल्याङ्कन सम्बन्धी त्रुटी सच्याउन प्रयोगात्मक तथा अनौपचारिक विधिलाई समेत समावेश गर्न सके कक्षा १० को सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा वृद्धि गर्न सम्भव देखिन्छ ।

## ४.५.२ सारांश

धेरै जसो प्रधानाध्यापकमा सामाजिक विषयको ज्ञान नभए पनि शिक्षक न्यूनतम योग्यता पूरा गरेका अनुभवी र तालिमप्राप्त देखिन्छन् । तर प्रायः विद्यार्थीको कमजोर बसाइ व्यवस्थापन र विधिको प्रयोग, शैक्षिक सामाग्रीको सामान्यमात्र प्रयोग, पूर्व तयारी विना कक्षाकोठामा प्रवेश र शैक्षिक वार्षिक योजनामा पाठ्यभार अनुसारको समय वितरण नगरिनु जस्ता कमजोरीहरू सामाजिक अध्ययनको शिक्षण सिकाइ क्रियाकलापको वर्तमान अवस्था हो । विशेष गरेर शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि, गृहकार्य, शैक्षणिक योजना निर्माण गर्ने सीप, शैक्षिक तथा अवलोकन भ्रमण, सन्दर्भ सामग्रीको उपलब्धता र प्रभावकारी अनुगमन आदि सिकाइ उपलब्धि हासिल गर्न प्रभाव पार्ने मजबुद तत्त्वका रूपमा देखिएका छन् । त्यस्तै गरेर विद्यार्थीले सामाजिक विषयलाई कम महत्व दिनु, विद्यालयमा नियमित नआउनु, अभिभावकले आफ्ना बालबालिकाको सिकाइप्रति चासो नराख्नु र आफ्ना बालबालिकालाई आवश्यक पर्ने शैक्षिक सामग्री बेलामा उपलब्ध नगराउनु, विद्यार्थी तथा अभिभावकमा देखिएका समस्या हुन भने सामाजिक विषयको क्षेत्रगत विस्तृत ज्ञानको अभाव रहनु, प्रशासनिक कार्यकुशलतामा कमी हुनु र तालिममा सिकेका ज्ञान सिप कक्षा कोठामा पुऱ्याउन नसक्नु शिक्षक तथा प्रधानाध्यापकमा देखिएका समस्या हुन् । यस बाहेक तल्लो कक्षाको सिकाइ उपलब्धि पूरा नगराइ माथिल्लो कक्षामा चढाउनु, भद्दा र धेरै विषयवस्तु भएको पाठ्यक्रम र पाठ्यपुस्तक वीचको तालमेल नहुनु र मूल्याङ्कनमा त्रुटी रहनु प्रणालीगत समस्या हुन् । यी समस्याहरू समाधान गर्नका लागि शिक्षकले तालिममा सिकेका ज्ञान रसिपको आधारमा पूर्व तयारीका साथ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने , प्रधानाध्यापकले नेतृत्वदायी भूमिका निर्वाह गर्दै शिक्षकलाई स्वअध्ययन र शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गर्न प्रोत्साहन गरिनु पर्दछ । यसका साथै विद्यालयले

विद्यार्थीलाई नियमित गराउने र तल्लो कक्षामा आवश्यक सि.उ. प्राप्त गरेका विद्यार्थीलाई मात्र माथिल्लो कक्षामा चढाउने गर्नु पर्दछ । त्यस्तै गरेर वि.नि. तथा स्रोत व्यक्तिबाट सहयोगात्मक अनुगमन गर्ने र परीक्षा गराउने निकायले मूल्याङ्कनमा देखिएका कमीकमजोरीलाई सुधार्न सके सामाजिक अध्ययनको सिकाइ उपलब्धि प्रभावकारी बन्न सक्ने  देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्व खोजी गर्ने सन्दर्भमा चारवटा उद्देश्यहरू निर्धारण गरिको छ । सोही निर्धारित उद्देश्य परिपूर्ति गर्नका लागि सन्दर्भमा प्रस्तावनामा उल्लेख भएका विधि, तरिका र क्षेत्रलाई अपनाई सोही अनुसार, स्थलगत रूपमा गई तथ्याङ्क सङ्कलन कार्य सम्पन्न पारिएको छ  । उक्त तथ्याङ्कको सूचनाका आधारमा प्राप्त भएका मुलभूत कुरा र त्यसको कारण तथा प्रभाव सम्बन्धलाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गरेर यस शीर्षकको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वको सकारात्मक असरलाई वृद्धि गर्न लागि पर्ने सरोकारवाला निकायलाई दिइने सुधारका विकल्प र यसै सोधसँग सम्बन्धित विषयमा थप अनुसन्धान गर्न बाँकी शीर्षकहरूलाई सुझावको रूपमा राखिएको छ ।

## ५.१ निष्कर्ष

विद्यार्थीको सिकाइमा सुधार गर्न शिक्षक योग्य तालिम प्राप्त तथा अनुभवी भएर मात्र पुग्दैन, उसमा सक्रियता र कर्तव्यनिष्ठता हुन अत्यन्त जरुरी भएको पाइन्छ । जुन विषय शिक्षकले उचित शिक्षकण विधि, कक्षा व्यवस्थापन र प्रचुर शैक्षिक सामग्री प्रयोग गरी अध्यापन गर्ने, गृहकार्य नियमति दिने तथा परीक्षण गर्ने गरिएको छ  त्यस विद्यालयका विद्यार्थीको सामाजिक विषयको सिकाइ उपलब्धि बढी भएको पाइन्छ । त्यस्तै गरेर सिकाइ उपलब्धि वृद्धि गर्न अभिभावकले वालबालिकाको सिकाइप्रति चासो राख्ने, बालबालिकालाई आवश्यक पर्ने सामग्री बेलामा उपलब्ध गराउनु पर्ने र विद्यार्थी आफै सामाजिक विषयप्रति लगनशील र मिहेनती हुनु पर्ने देखिन्छ ।  कक्षा व्यवस्थापन, शैक्षिक सामग्रीको निर्माण, सन्दर्भ सामग्रीको अध्ययनमा सुलभता, विदयार्थीको लागि शैक्षिक तथा अवलोकन भ्रमणको योजना निर्माण जस्ता कुरामा प्रोत्साहित गर्नका लागि प्रधानाध्यापकमा सशक्त र नेतृत्वदायी भूमिकाभएको हुनुपर्ने देखिन्छ । त्यस्तै गरेर सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न सहयोगात्मक अनुगमन तथा निरीक्षणलाई प्रभावकारी पार्दै पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका कमी कमजोरी सच्याउँदै मूल्याङ्कनको सैद्धान्तिक साथै प्रयोगात्मक र अनौपचारिक प्रणालीलाई समेत अवलम्बन गर्न सक्नुपर्ने देखियो ।

सारांशमा भन्ने हो भने अनुभवी र तालिम प्राप्त शिक्षकले प्राप्त गरेको ज्ञान सिपलाई उपयुक्त योजना र तयारीका साथ कक्षाकोठामा पुऱ्याउने, अभिभावकसँग छलफल गर्ने तथा अन्तरक्रिया चलाउने, परियोजना कार्यका लागि बालबालिकालाई प्रोत्साहन गर्ने, विद्यार्थीले सामाजिक अध्ययनलाई महत्त्वपूर्ण विषय ठानी नियमित अध्ययन गर्ने, अभिभावकले सिकाइका लागि आवश्यक सहयोग गर्ने, प्रधानाध्यापकले प्रभावकारी नेतृत्व गर्दै न्यूनतम सिकाइ उपलब्धि भएका विद्यार्थीलाई मात्र कक्षा चढाउने, अतिरिक्त क्रियाकलाप, शैक्षिक तथा अवलोकन भ्रमणको व्यवस्था मिलाउने, वि.नि. तथा स्रोतव्यक्तिले सयोगात्मक अनुगमन तथा निरीक्षणलाई प्रभावकारी गर्ने, तालुकवाला निकायले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमी कमजोरीलाई छुट्याउने, मूल्याङ्कनमा देखिएका कमी कमजोरीलाई सुधार्ने, मूल्याङ्कन पद्धतिमा परिमार्जन तथा संसोधन गर्न सकेको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा अपेक्षित सुधार ल्याउन सकिने निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरू

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वको खोजी गर्ने क्रममा प्राप्त भएको वर्तमान अवस्थाहरू, सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू, सिकाइ उपलब्धिमा वृद्धि गर्न देखिएका समस्याहरू र समाधानका उपायहरू व्याख्या तथा बिश्लेषण गरी निकालिएका प्राप्तिलाई आधार मानेर सिकाइ उपलब्धि वृद्धिका लागि प्रत्यक्ष रूपमा सरोकार राख्ने नीति निर्माता, पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालय परिवार र थप अनुसन्धान गर्ने अनुसन्धाताहरूलाई सुझाव दिने जमर्को गरिएको छ । यी दिइएका सुझावहरूलाई सम्बन्धित तह निकाय र व्यक्तिहरूले भविष्यमा कार्यान्वयनमा ल्याएको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि हुन प्रभावकारी हुनेछ भन्ने आशा लिएको छु । यस अध्ययनका क्रममा दिइएका सुझावहरूलाई निम्नानुसारका उपशीर्षकहरू बनाई प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तहका लागि सुझावहरू

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा वृद्धि गर्न नीति निर्माण र कार्यान्वयन गराउने निकायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तसर्थ यहाँ तिनै निकायकहरू

जस्तैःशिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, शैक्षिक तालिम केन्द्र, त्रिभुवन विश्वविद्यालय रअभ्यास तहका लागि सुझाव दिइएको छ। यी तल उल्लेखित सुझावको कार्यान्वयनले सामाजिक साथै अन्य विषयको सिकाइ उपलब्धि समेत उल्लेख्य वृद्धि हुनेछ।

### ५.२.१.१ शिक्षा मन्त्रालयलाई सुझाव

शिक्षा मन्त्रालयले विद्यालय शिक्षाका लागि पाठ्यक्रम प्रारुप (२०६३) ले निर्देशः गरे अनुरूप संस्थागत विद्यालयमा जस्तै सामुदायिक विद्यालयमा पनि बहुपाठ्यपुस्तक विकास तथा प्रयोग नीति अवलम्बन गरी यथासिघ्र कार्यान्वयनमा ल्याउने पद्धति विकास गर्नु पर्दछ। यसै गरी विद्यालयमा पाठ्यपुस्तक समयमा नै उपलब्ध हुन नसकी ३० औँ वर्षदेखि पढाइमा अवरोध भइ रहेको (अर्याल २०६५) कुरालाई हृदयङ्गम गरी जनक शिक्षा सामग्रीकेन्द्रलाई बेलैदेखि पुस्तक छपाइको व्यवस्था मिलाउन र निजीक्षेत्रलाई पनि सबै कक्षाको पुस्तक छपाइ गर्न दिई शैक्षिक सत्र सुरु हुने वित्तिकै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्ने व्यवस्था मिलाउनु पर्दछ। आधारभूत शिक्षा पाठ्यक्रम (६-८), २०६९ ले सामाजिक विषयको साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७५ तोकेको र निकट भविष्यमा कार्यान्वयन हुन लागेको माध्यमिक शिक्षा पाठ्यक्रममा पनि यही नै पाठ्यभार कायम हुने सम्भावना देखिएको छ। तर साप्ताहिक पाठ्यभार ५ हुँदा एक शैक्षिक सत्रमा १७५ घण्टी पढाउने समय पुऱ्याउन कठिनाइ हुने हुदा अनुसूची १० मा राखिएको सुझावका आधारमा शिक्षा मन्त्रालयले निकट भविष्यमा हुन लागेको शिक्षा ऐनको संशोधनमा विदा कटौतीको विषय समावेश गरी विद्यालय खुल्ने दिन बढाउने व्यवस्था मिलाउनु पर्दछ। यस्तै गरेर शिक्षकलाई नियमति गर्न अपर्झट विदा र पर्व विदा बचत गर्ने शिक्षकलाई आर्थिक बर्षको अन्त्यमा उक्त विदा बराबरको रकम उपलब्ध गराउने व्यवस्था ऐनमा नै राख्नु पर्दछ। सेवा सुविधा थप गरेर एक जना शिक्षकले एउटा मात्र विद्यालय वा संस्थामा काम गर्ने पाउने नीतिगत व्यवस्था मिलाउनु पर्दछ। घर पायक शिक्षकका धेरै फाइदा हुँदा हुदै पनि यसका दोषहरू जस्तैः सामाजिक राजनैतिक क्रियाकलापहरूमा बढी संलग्नताले शैक्षिक क्रियाकलापमा पार्ने नकारात्मक असरलाई कम गर्न कार्यसम्पादनको निश्चित मापदण्ड तयार गरी शिक्षकलाई अन्तर जिल्ला सरुवा भई जाने व्यवस्था गरिनु पर्दछ। सारांशमा भन्ने हो भन्ने शिक्षा मन्त्रालयले बहुपाठ्यपुस्तक

विकास तथा प्रयोग, पाठ्यपुस्तक समयमानै पुऱ्याउने, पढाइ हुने दिन बढाउने र एक व्यक्ति एक रोजगार हुने जस्ता नीतिहरू बनाई लागु गर्न जरुरी देखिन्छ ।

### ५.२.१.२ शिक्षा विभागका लागि सुझाव

पाठ्यक्रम तथा पाठ्यपुस्तक विद्यालयमा समयमा पुगे नपुगेको अनुगमन तथा निरीक्षण गर्ने कार्य शिक्षा विभाग र उसका मातहतका निकायबाट गर्न लगाउने गर्नु पर्दछ । यसबाट अभ्यास तहका सरोकारवालासँग अन्तरक्रिया भई देखिएका समस्याहरू सुधार गर्न सञ्चार प्राप्त हुन्छ र त्यसबाट प्राप्त सूचनाका आधारमा देखिएका समस्यालाई तत्काल कार्यविधि बनाएर अघि बढ्न सके बर्षौंदेखि शैक्षिक सत्रको सुरुमा पाठ्यपुस्तक नपुग्ने समस्याबाट मुक्ति पाउन सकिन्छ ।

### ५.२.१.३ पाठ्यक्रम विकास केन्द्रलाई सुझाव

अरू विषयको पाठ्यक्रम भन्दा सामाजिक विषयको पाठ्यक्रम छिटो परिमार्जन र संशोधन गर्नु पर्ने अवस्था हुन्छ । किनकी सामाजिकको विषयवस्तु समाज र राष्ट्रदेखि विश्वपरिस्थितिमा समय समयमा केही न केही परिवर्तन भइरहेको हुन्छ । यसो हुँदा सामाजिक विषयको पाठ्यक्रम अरू विषयको तुलनामा बढी पटक संशोधन गर्नु पर्दछ । सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई बढाउन विद्यार्थीको क्षमता र उमेरले भ्याउने गरी चुस्त र छरितो पाठ्यक्रम निर्माण गर्नु पर्दछ । विद्यार्थीले सहज रूपमा बुझ्न सक्ने गरी पाठ्क्रममा भएका सबै विषयवस्तुलाई व्यापक रूपमा समेटेर पाठ्यपुस्तक तयार गर्नु पर्दछ । बहु पाठ्यपुस्तकको धारणा अनुरूप पाठ्यपुस्तकको विकास तथा निर्माण गर्नु पर्दछ । यसले गर्दा एउटा पाठ्यपुस्तकबाट प्रष्ट हुन नसकेको विषय अर्को पाठ्यपुस्तकबाट प्रष्ट हुन सक्दछ । यसै गरेर अहिलेको विज्ञान र प्रविधिको युगमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिलाई बढाउन सूचना प्रविधिसँग सम्बन्धित भएर श्रव्य-दृष्य सामग्री तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### ५.२.१.४ शैक्षिक तालिमकेन्द्रलाई सुझाव

आधुनिक समयमा सूचना र सञ्चारले शिक्षण सिकाइ क्रियाकलापमा धेरै ठूलो मद्दत पुऱ्याएको छ । सामुदायिक विद्यालयका सबै शिक्षक तालिम प्राप्त भए पनि

आधुनिक समयमा आएको सूचना र प्रविधिलाई पूर्ण रूपमा आत्मासाथ गर्न सक्ने अवस्थामा छैनन् । सामाजिक विषयका विभिन्न एकाइ र क्षेत्रलाई सूचना र प्रविधिको माध्यमबाट सिकाउन सके अनुभव गरेर सिके जस्तै भई सिकाइ यथार्थपरक र दीगो हुन सक्ने भएकाले अव शिक्षकलाई दिइने तालिम सूचना र प्रविधिसँग सम्बन्धित भएर दिइनु पर्दछ । त्यस्तै गरेर सामाजिक विषयसँग सम्बन्धित श्रव्य-दृष्य सामाग्री निर्माण गरी सूचना प्रविधिको माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न तालिम केन्द्रले शिक्षकलाई प्रोत्साहित गर्नु पर्दछ ।

## ५.२.१.५ परीक्षा नियन्त्रण कार्यालयलाई सुझाव

माध्यमिक तह उत्तीर्ण परीक्षा नाम दिएको कक्षा १० को अन्त्यमा हुने परीक्षा आजको दिनसम्म राष्ट्रिय स्तरमा हुदै आइरहेको छ । उक्त परीक्षा मार्फत ३ घण्टाको अवधि भित्र हुने सामाजिक विषयको मूल्याङ्कनमा पेपर पेन्सिलप्रयोग गरी विद्यार्थीले आफूसँग भएको ज्ञान, सिप र अभिवृत्ति प्रस्तुत गर्दछन् । यसरी प्रस्तुत गरि रहँदा विरामी, थकान, गर्मी, जाडो, तनाव, हल्ला, डरत्रास र अन्य मनोवैज्ञानिक कारणबाट पर्न सक्ने प्रभावलाई व्यवस्थापन गर्न कठिन हुँदा वर्षको अन्त्यमा एक पटक मात्र हुने यस्तो परीक्षण सही र विश्वासनीय नहुन सक्छ । तसर्थ परीक्षा नियन्त्रण कार्यालयले माथि उल्लेख गरिएका त्रुटी हटाउन सामाजिकविषयको सैद्धान्तिक परीक्षा बाहेक प्रयोगात्मक र अनौपचारिक मूल्याङ्कनको व्यवस्था गर्नु पर्दछ । यस बाहेक सैद्धान्तिक परीक्षामा पाठ्यपुस्तकले समेट्ने किसिमका प्रश्नहरू मात्र दिइनु पर्दछ । यसो गरेको खण्डमा सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा बृद्धि गर्न सकिन्छ ।

## ५.२.१.६ त्रिभुवन विश्वविद्यालयलाई सुझाव

माध्यमिक तहको सामाजिक विषयमा विभिन्न एकाइ/क्षेत्रहरूलाई समेटेर एकिकृत सिद्धान्तका आधारमा पाठ्यक्रम तयार गरिने गरेको छ । तर विश्वविद्यालय तहमा छुट्टा छुट्टै क्षेत्रलाई छुट्टाछुट्टै विषय मानी (जस्तैः भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, राजनीति शास्त्र आदि) पढाइ भइरहेको हुँदा माध्यमिक तहमा सामाजिक विषयको सबैक्षेत्र गहन रूपमा अध्ययन गरेको शिक्षक उत्पादन भइरहको छैन । तसर्थ भर्खरै मात्र त्रिभुवन विश्वविद्यालयले ४ वर्षे वि.एड. कार्यक्रम सञ्चालन गर्न लागेको सन्दर्भमा सामाजिक शिक्षण गर्ने सक्षम व्यक्ति तयार गर्नका लागि वि.एड. कार्यक्रममा माध्यमिक

तहको सामाजिक अध्ययनको सबै क्षेत्र समेटिने गरिको एउटा विषयको एकिकृतपाठ्यक्रम निर्माण गरी समावेश गर्नु राम्रो हुन्छ । यसबाट शिक्षकहरूले सामाजिक विषयको सबै क्षेत्रका बारेमा विस्तृत ज्ञान प्राप्त गर्ने भएका हुँदा सिकाइ प्रभावकारी भई सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न मद्दत मिल्दछ ।

## ५.२.२ अभ्यास तहका लागि सुझावहरू

विद्यालयको शैक्षिक गतिविधि कस्तो प्रकारले अघि बढ्दछ भन्ने कुरा प्रधानाध्यापकको नेतृत्वदायी क्षमतामा निर्भर रहन्छ । त्यसमा पनि सामाजिक विषय अध्यापन गर्ने शिक्षकका लागि प्र.अ.ले अत्यन्तै नजिक भएर आवश्यक सहयोग गर्न जरुरी हुन्छ । यो विषय अध्यापन गर्न गराउन शैक्षिक सामग्री निर्माण, सङ्कलन र व्यवस्थापन गर्ने कार्यलाई रचनात्मक ढङ्गबाट गर्नु पर्दछ । कक्षा अनुगमन चुस्त र दुरुस्त तरिकाले निरन्तरत रुपमा गर्नुपर्दछ । शिक्षकलाई विभिन्न पुनर्ताजगी तालिमको व्यवस्था मिलाई समयानुकुल विभिन्न शैक्षिक भ्रमण आदिको अवसर मिलाउनु पर्दछ । कक्षा कोठामा शिक्षकले प्रयोग गर्ने शिक्षण विधि तथा पद्धतिलाई सकेसम्म बालमैत्री बनाउनु पर्दछ ।विद्यार्थीले गर्नुपर्ने अति आवश्यकपाठाभ्यासलाई अनिवार्य गराउनुपर्दछ । आधारुत कक्षादेखि नै सामाजिक विषयको मूल्याङ्कन प्रणालीलाई महत्त्व दिएर सि.उ.राम्रो भएका विद्यार्थीलाई मात्र माथिल्लो कक्षामा उतारित गराउनु पर्दछ । यसरी प्रधानाध्यपकले सवल, सक्रीय र नेतृत्वदायी भूमिका खेल्न सकेको खण्डमा सामाजिक विषयको सिकाइ उपलब्धिस्तरमा धेरै वृद्धि गर्न सकिन्छ ।

शिक्षकले विद्यालयमा तयार गरेको कार्यतालिकाको आधारमा बार्षिक शैक्षणिक योजना, त्रैमासिक योजना मासिक योजना र एकाइ योजना तयार गर्नु पर्दछ । यसरी शिक्षकले वार्षिकदेखि एकाइ योजना समेत बनाइसकेपछि हरेक दिन शिक्षण सिकाइ क्रियाकलाप गर्न कक्षा कोठामा जाँदा प्रत्येक दिनको सिकाइ योजना सहित आवश्यक शैक्षिक सामग्री लिएर तालिममा सिकेका ज्ञान सीपलाई प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने गरी तयारीका साथ जानु पर्दछ । विषयवस्तुलाई विद्यार्थी केन्द्रित बनाई प्रष्ट बनाउन विद्यार्थीको समूह छलफल गराउने गर्नु पर्दछ । सामाजिक विषयका अभ्यासहरू नियमित गर्न लगाई परीक्षण गरी दिएर पटक पटक सुधारका अवसरहरू प्रदान गर्नु पर्दछ । सामाजिक विषयका शिक्षकले सामाजिक विषयसँग सम्बन्धित भएर हाजिरी

जवाफ प्रतियोगिता वक्तृत्वकला प्रंतियोगिता र वादविवाद जस्ता मनोरञ्जनात्मक सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ । त्यस्तै गरेर सिकाइ उपलब्धि कमजोर भएका विद्यार्थीका अभिभावकसँग बेलाबेलामा भेटगरी छलफल तथा अन्तरक्रिया गरेर सिकाइ सुधारका उपायहरू खोजी गर्नु पर्दछ । विस्तृित क्षेत्र भएको सामाजिक अध्ययनका सबै एकाइको गहन रूपले ज्ञान प्राप्त गर्न सन्दर्भ सामग्रीको सङ्कलन गरी नियमित अध्ययन गर्ने गर्नुपर्दछ ।

त्यसै पनि सामाजिक विषयव्यापक र  विष्तृतक्षेत्र ओगटेको विषय हो । विद्यार्थीले यो विषयलाई घरायसी अध्ययन गर्नका लाीग आफ्नो कार्य तालिका तयार गरी नियमितता दिने गर्नु पर्दछ । शिक्षकले दिइने गरेका पाठ्यपुस्तकका अभ्यास तथा परियोजना कार्यलाई दैनिक रूपमा गरेर परीक्षण गराउनु पर्दछ । त्यस्ता कठिन अभ्यास तथा विषयवस्तुका बारेमा साथीभाइहरूसँग छलफल चलाउनुका साथै प्रयोगात्मक तथा अवलोकन विधिको प्रयोग गर्नु पर्दछ । कक्षा शिक्षण भइरहेको अवस्थामा प्रष्ट हुन नसकेको विषयवस्तु तल्कालै सोधेर प्रष्ट भैहाल्नु पर्दछ । यसरी नै सामाजिक अध्ययनको क्षेत्रलाई फराकिलो पार्नका लागि यस विषयसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाको विस्तृत अध्ययन गर्नु पर्दछ । विद्युतीय सामग्री तथा इन्टरनेटको प्रयोगबाट पनि सामाजिक विषयको विषयवस्तुसँग सन्दर्भ मिल्ने सामग्रीको समेत चिन्तन मनन र अनुसन्धान गर्नु पर्दछ । यसर्थ सामाजिक विषयको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि विद्यार्थीले नियमित अध्ययन, गृहकार्य तथा पाठाभ्यासगरेर परीक्षण गराउनु पर्दछ । कठिन लागेका विषय वस्तुका बारेमा छलफल गर्दै इन्टरनेट तथा अन्य सन्दर्भसामग्री समेत प्रयोग गरी सामाजिक  विषयवस्तुको सामान्यीकरणगर्नु पर्दछ ।

विद्यालय समयभन्दा बाहेक विद्यार्थी अधिकांश समय आफ्ना अभिभावकहरूसँग साथै रहन्छन् । त्यसैले अभिभावकले उनीहरूका बालबालिकालाई जस्तो संस्कार र वातावरण दिन्छन्, सिकाइ त्यसै अनुसार प्रभावित हुन जान्छ । जुन अभिभावकले आफ्ना छोराछोरीको पढाइ लेखाइप्रति चासो देखाउदैनन् त्यस्ता बालबालिकाहरू तुलनात्मक रूपमा सिकाइमा पनि कमजोर हुन्छन् । तसर्थ अभिभावकले आफ्ना बालबालिकाको सानैदेखि उचित पालन पोषण र माया दिँदै संवेदनशील भएर उचित वातावरण तयार गर्नु आवश्यक हुन्छ । बालबालिकाहरू जिज्ञासु हुने हुँदा उनीहरूले सोधेका कुराहरूलाई झर्को नमानी विस्तारपूर्वक वताइ दिनुपर्दछ । शैक्षिक

गुणस्तर एकैचोटी सुधार गर्न सकिदैन । यसर्थ  वालवालिकालाई विद्यालय जाने उमेर नभड्काइ विद्यालयमा प्रवेश गराउनु अनिवार्य हुन्छ ।

अभिभावकहरूका अझ महत्त्वपूर्ण दात्तिव भनेको उनीहरूले आफ्ना बालबालिका नियमति विद्यालय जाने व्ययवस्था मिलाउनु पनि हो । पढाइका लागि आवश्यक शैक्षिक सामाग्री किताब, कापी, कलम लगायतका सामाजिक अभ्यासका लागि चाहिने आवश्यक सामग्रीहरू अभिभावकले समयमा नै उपलब्ध गराइदिनु पर्दछ । असल साथी भाइसँग सङ्गत भए नभएको अवलोकन गरी परामर्श दिनुपर्दछ । अरू विषय जस्तै सामाजिक विषयलाई पनि उत्तिकै समय दिन र गृहकार्य नियमित गरे नगरेको बारेमा अभिभावकलेचासो दिनु पर्दछ । समय समयमा विद्यालयमा गई शिक्षक तथा प्रधानाध्यापकसँग आफ्ना वालवालिकाको बारेमा अन्तरक्रिया तथा छलफल चलाईजानकारी राख्नु पर्दछ । यसो गर्न सकेको खण्डमा सामाजिक अध्ययनको अपेक्षित सिकाइ उपलब्धि सहजै वृद्धि गर्न सकिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझावहरू

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्व खोजीका लागि समग्रमा यो शोध अध्ययन गरिएको छ । विशेष गरेर स्थलगत रूपमा तोकिएको विद्यालयमा गई शिक्षक विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, वि.नि., स्रोतव्यक्तिसँग प्रस्तावनामा उल्लेखित विधि र प्रक्रिया अनुसार लिएका सूचनाका आधारमा यसको व्याख्या तथा विश्लेषण गरिएको छ । व्याख्या विश्लेषणका क्रममा प्रायः यिनै माथि उल्लेखित गरिएका मानवीय स्रोतसँग सम्बन्धित शिक्षण सिकाइ क्रियाकलापका सन्दर्भमा भएका राम्रा र सुधार गर्नु पर्ने पक्षहरू केलाएर सिकाइ उपलब्धिमा देखिएको असरको व्याख्या एवं विश्लेषण गरिएको छ । सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने थुप्रै विषयहरू हुन सक्ने हुँदा हुँदै पनि समय र स्रोतको सिमितताले ती सबै सन्दर्भ तथा विषयहरूको यसमा खोजी गर्न सकिएको छैन । तसर्थ मेरो यो अनुसन्धानमा समावेश नभएका तर सामाजिक अध्ययनको सिकाइ उपलब्धिसँग सम्बन्धित निम्नानुसारका सिकाइ

उपलब्धिमा प्रभाव पार्ने विषयवस्तुहरूलाई अनुसन्धान गर्नका लागि भविष्यका शोधकर्ताहरूका लागि छोडेको छु :

क) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा आर्थिक अभावले पार्ने कठिनाई ।

ख) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा विद्यार्थी अनियमितताले पार्ने प्रभाव

ग) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा अभिभावकको शैक्षिक योग्यताले पार्ने प्रभाव

घ) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा भाषिक कठिनाइले पार्ने असर

ङ) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा भौतिक सुविधाले पार्ने प्रभाव

च) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा शिक्षकको अनियमितताले पार्ने प्रभाव

छ) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा विद्यार्थी पुरा समय कक्षामा नबस्नाले हुने असर

ज) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा वालमैत्री सिकाइको प्रभाव

झ) सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा आधुनिक सुचना प्रविधिको प्रभाव

ञ) सामाजिक अध्ययनको सिकाइ उपलब्धि वृद्धि गर्न अभिभावक संघको भूमिका

## सन्दर्भ सूचीहरू

ढकाल, डिल्लीप्रसाद(२०५७),*काठमाडौं जिल्लाका सार्वजनिक विद्यालयहरूमा सामाजिक शिक्षा शिक्षण विधि र विद्यार्थी उपलब्धि सम्बन्धी एक अध्ययन* स्नाकोत्तर तह,(अप्रकाशित शोधपत्र),त्रि.वि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

वाग्ले, मनप्रसाद र लेखनाथ पौडेल (२०५८),*पाठ्यक्रम र मूल्याङ्कन,*(दोस्रो परिवर्तित), भोटाहिटी काठमान्डौः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६१),*पाठ्यक्रम योजना र अभ्यास,* काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पा.वि.के. (२०६३),*विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप,* भक्तपुरःलेखक ।

खनाल, श्रीप्रसाद (२०६४),*पाठ्यक्रमको सिद्धान्त,*काठमाडौंः जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि.।

पा.वि.के.(२०६४),*माध्यमिक शिक्षा पाठ्यक्रम,*भक्तपुरः लेखक ।

पा.वि.के.(२०६५),*विशिष्टिकरण तालिका,भक्तपुरः*लेखक ।

अर्याल, केशवराज (२०६५),मुद्रण उद्योग संघले सभामुख सुभाषचन्द्र नेम्वाङ समक्ष पेश गरेको ज्ञापन पत्र, ***स्मारिका,***काठमाण्डौः नेपाल मुद्रण उद्योग संघ ।

पौडेल, तिलक (२०६६),*माध्यमिक विद्यालय तहमा सामाजिक अध्ययन शिक्षणको अवस्था,*एम.एड.(अप्रकासित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

कानुन किताब व्यवस्था समिति (२०६७),*शिक्षा ऐन, २०२८, शिक्षा नियमावली २०५९,*काठमाण्डौः लेखक।

पा.वि.के. (२०६८),*निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका,*भक्तपुरः लेखक ।

श्रेष्ठ, शेरवहादुर (२०६८), *माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता,* एम.एड. (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

ढकाल, अग्निप्रसाद (२०६८), *प्राथमिक तहमा उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा पारेको प्रभाव,* एम.एड.(अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

कटुवाल, प्रेमबहादुर (२०६८), *भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव,* एम.एड. (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

वि.सी., सीता (२०६९), *सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन,* एम.एड. (अप्रकाशित शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

पाविके (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* भक्तपुरः लेखक ।

शर्मा, गोपीनाथ (२०७१), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौंः मकालु प्रकाशन गृह ।

## सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

## १.अनुसूची १ : वि.नि./स्रोतव्यक्तिको लागि तयार गरिएका प्रश्नावली :

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू नामक सोध अध्ययनको लागि तयार पारिएका प्रश्नावली मार्फत आफ्नो अमूल्य विचार राखी दिई सहयोग गरिदिनुहुन सादर अनुरोध गर्दछु।

स्रोतकेन्द्रको नाम ठेगाना :

विनि./स्रोतव्यक्तिको नाम :

शैक्षिक योग्यता :

अध्ययनको मूल विषय : अनुभव

१. यस स्रोतकेन्द्रमा कतिवटा विद्यालयहरू रहेका छन् ? ..................................

२. यस स्रोतकेन्द्र अन्तर्गतका प्रत्येक विद्यालयहरूमा तपाइ एक वर्षमा कति पटकसम्म अनुगमन तथा निरीक्षणका लागि पुग्ने गर्नुभएको छ ?

..........................................................................................

३. यस स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा पाठ्यक्रम, विशिष्टकरण तालिका, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीहरू उपलब्ध भएको पाउनु भएको छ ?

..........................................................................................

४. यस स्रोतकेन्द्र भित्रका माध्यमिक विद्यालयहरूमा सामाजिक विषयसँग सम्बन्धित शैक्षिक सामग्रीको उपलब्धता कतिकोपाउनु भएको छ ?

..........................................................................................

५. सामाजिक विषय पढाउने शिक्षकहरूले माथि न.. ३ र ४ मा उल्लेखित सामग्रीहरू कतिको उपयोग गरेको पाउनु भएको छ ?

..........................................................................................

६. अवलोकनको क्रममा सामाजिक विषयमा शिक्षकहरूले प्राय कुनकुनविधि प्रयोग गरेको पाउनु भएकोछ ?

.......................................................................................................

७. सामाजिक विषयका शिक्षकहरू तयारीका साथ कक्षामा जान्छन् भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

.......................................................................................................

८. तपाईको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा सिकाइमा सुधार ल्याउनका लागि परियोजना कार्य र शैक्षिक भ्रमणको व्यवस्था गर्ने गरेको पाउनु भएको छ ?

.......................................................................................................

९. सामाजिक विषयका शिक्षकलाई विषयवस्तुमा चुस्त र दुरुस्त बनाउन पुनर्ताजगी तालिमको व्यवस्था गर्ने गरिएको छ ।

.......................................................................................................

१०. यस स्रोतकेन्द्र अन्तर्गतका माध्यमिक तहमा अध्ययन गर्ने सामाजिक शिक्षकहरू तालिम प्राप्त छन् ?

.......................................................................................................

११. तपाइले कक्षा ९ र १० को सामाजिक विषय अध्ययन गर्नु भएको छ ?

.......................................................................................................

१२. माध्यमिक तहको पाठ्यक्रमले निर्देशन गरेका सामाजिक विषयको सिकाइ उपलब्धिका बारेमा जानकारी राख्ने गर्नु भएको छ ?

.......................................................................................................

१३. सामाजिकको पाठ्यपुस्तकमा दिइएका अभ्यास र चित्रहरू उपयुक्त छन् ?

.......................................................................................................

१४. सामाजिक विषयको पाठ्यपुस्तकलाई स्तरीय बनाउन के गर्नुपर्ला ?

..........................................................................................

१५. सामाजिक विषयको औषत सिकाइ उपलब्धिस्तर कमजोर रहनुका कारण के के हुनसक्छन् ?

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

१६. सामाजिक विषयका सिकाइ उपलब्धिहरू विद्यार्थीलाई बढी भन्दा बढी हासिल गराउन के के गर्नुपर्ला ?

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

# सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

## अनुसूची २ : प्रधानाध्यापकलाई सोधिने प्रश्नावली

सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू नामक शोध अध्ययनको लागि तयार पारिएका प्रश्नावली मार्फत आफ्नो अमूल्य विचार राखिदिई सहयोग गरि दिनुहुन सादर अनुरोध गर्दछु ।

विद्यालयको नाम र ठेगाना :

प्रधानाध्यापकको नाम : शैक्षिक योग्यता :

अध्ययन गरेको मुल विषय : अनुभव वर्ष :

अध्यापन गर्ने विषयहरू :

१. तपाइँको विद्यालयमा माध्यमिक तहको अनिवार्य विषयको पाठ्क्रम उपलब्ध छ छैन् ?

छ ☐ छैन् ☐

२. यहाँको विद्यालयमा मा.वि. तहको अनिवार्य विषयको विशिष्टिकरण तालिका छ छैन् ?

छ ☐ छैन् ☐

३. तपाइको विद्यालयमा सामाजिक विषयको शिक्षक निर्देशिका छ छैन् ?

छ ☐ ☐

४. यस विद्यालयमा समयमा पाठ्यपुस्तक उपलब्ध गराउन सकिएको छ छैन् ?

छ ☐ छैन् ☐

५. तपाइँले माध्यमिक तहको सामाजिक विषयको अध्ययन गर्नु भएको छ छैन ?

छ ☐ छैन् ☐

५ क) तपईंले कक्षा ९ र १० को सामाजिक पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप पाउनु भएको छ ? छ ☐ छैन् ☐

६. यस विद्यालयमा कक्षा ९ र १० मा अध्यापन गर्ने सामाजिक शिक्षक सम्बन्धित विषयको हुनुहुन्छ ? हुनुहुन्छ ☐ हुनुहुन्न् ☐

७. तपाईंको विद्यालयमा सामाजिक अध्यापन गर्ने विषय शिक्षक तालिम प्राप्त हुनुहुन्छ ?

हुनुहुन्छ ☐ हुनुहुन्न ☐

८. कक्षा १० को सामाजिक विषयको घण्टी मध्यान्तर अघि वा पछि राखिएको छ ?

अघि छ ☐ पछि छ ☐

९. विद्यालयमा सामाजिक अध्यापन गर्न गराउनका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्थापनगरिएको छ छैन ? छ ☐ छैन ☐

१०. यो विद्यालयमा सामाजिक विषय अध्यापन गर्ने शिक्षकले शैक्षिक सामग्री प्रयोग गर्ने गरेको पाइन्छ ? पाइन्छ ☐ पाइन्दैन् ☐

११. सामाजिक विषयका शिक्षकले आफै पनि शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गर्ने गर्नु भएको छ ? छ ☐ छैन ☐

१२. शिक्षकलाई पाठनोटतयार गर्नकालागि विद्यालयले शिक्षकडायरीउपलब्धगराएकोछ ?

छ ☐ छैन् ☐

१३. सामाजिक विषयको शिक्षकले शिक्षक डायरी प्रयोग गरेको पाइन्छ ?

छ ☐ छैन ☐

१४. सामाजिक विषयमा विद्यार्थीलाई परियोजना कार्य गराउने गरिएको छ ?

छ ☐ छैन ☐

१५. सामाजिकविषयअन्तर्गतविद्यार्थीहरूलाई अवलोकनभ्रमणगराउने गरिएको पाइन्छ?छ ☐ छैन ☐

१६. सामाजिक विषयका शिक्षकले समयमा नै कोर्ष पूरा गरको पाइन्छ ?

छ ☐ छैन ☐

१७. सामाजिक विषयको सिकाइमा सुधार ल्याउन शिक्षक बैठकमा प्रस्तावहरू प्रस्तुत हुने गरेका छन् ?

छ ☐ छैन ☐

१८. शैक्षिकक्यालेण्डर अनुसार नै शैक्षिक गतिविधि सञ्चालन भएका छन् ?

छ ☐ छैन ☐

१९. सामाजिक विषयमा विद्यार्थीहरू कम उत्तीर्ण हुनाको कारण केलाई ठान्नुहुन्छ ?

२०. कुन कुन कुरामा सुधार ल्याउन सके विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ ?

## सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

### अनुसूची ३ : कक्षा १० मा सामाजिक अध्यापन गराउने शिक्षकका लागि सोधिने प्रश्नावली

सामाजिक अध्यापनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू नामक सोध अध्ययनका लागि तयार पारिएका प्रश्नावली मार्फत आफ्नो अमूल्य विचार राखिदिई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

विद्यालयको नाम र ठेगाना :

शिक्षकको नाम : योग्यता :

अध्ययन गरेको मुल विषय : सामाजिक पढाएको अनुभव वर्ष :

१. प्रत्येक कक्षामा सामाजिक विषयलाई मूल विषयका रूपमा किन राखिएको होला ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

२. कक्षा १० मा बाहेक तलका कक्षामा पनि सामाजिक विषय पढाउने गर्नु भएको छ ?

छ ☐ छैन ☐

३. सामाजिक वाहेक अन्य विषय पनि पठाउने गर्नु भएको छ ? छ ☐ छैन ☐

४. तपाईले शिक्षक तालिम लिनु भएको छ ? छ ☐ छैन ☐

५. तालिम लिनु भएको छ भने सामाजिक वा अन्य विषयमा लिनु भएको छ ?

सामाजिक ☐ अन्य ☐

६. विद्यालयले सामाजिक विषयको शैक्षिक सामग्री जुटाउने गरेको छ ?

छ ☐ छैन ☐

७. विद्यालयले व्यवस्थापन गर्न बाँकी शैक्षिक सामग्री कसरी जुटाउनु हुन्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

८. पाठ्यक्रम, विशिष्टिकरणतालिका रशिक्षक निर्देशिका विद्यालयमाउपलब्धछन् छैनन् ?

छन् ☐ छैनन ☐

९. विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध छ ? छ ☐ छैन ☐

१०. प्रत्येक सामाजिक शिक्षकले शिक्षक निर्देशिका अध्ययन गर्नु किन जरुरी हुन्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

११. वार्षिक पाठ्योजनावापाठ नोट बनाएरअध्यापनगरिएको छैन भने किननगरिएको हो ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

१२. तपाइँ दैनिक कति घण्टी पढाउनु हुन्छ ?..................................................

१३. सामाजिक विषय मध्यान्तर अघि वा पछि राखिएको छ ? अघि ☐ पछि ☐

१४ पाठ्यक्रमले तोकेको प्रत्येक एकाइको पाठ्यभार अनुसार नै शिक्षण गर्न सक्नु भएको छ ? छ ☐ छैन ☐

१५. विशेष परिस्थिति सिर्जना भइ सिकाइ उपलब्धिपूरागर्न नसकेको अवस्थामा तपाइँ कस्तो उपाय अपनाउनु हुन्छ ?

.............................................................................................................

.............................................................................................................

१६. नियमित विद्यालय नआउने विद्यार्थीलाई नियमित बनाउन के के उपाय अपनाउने गर्नु भएको छ ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

१७. सिकाइ उपलब्धिको प्राप्तिमा सुधार ल्याउनको लागि सामाजिक विषय अन्तर्गत शैक्षिक भ्रमणको व्यवस्था गर्ने गर्नु भएको छ ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

१८. सामाजिक विषयमा सिकाइ उपलब्धि पूराहुन नसक्ने कारणहरू के के हुन सक्दछन् ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

१९. सबै विद्यार्थीले सामाजिक विषयको गृहकार्य गर्छन ? गर्छन ☐ गर्दैनन ☐

२० गृहकार्य गरेर नल्याउनुको कारण के के हुन सक्छन् ?

.............................................................................................................

.......................................................................................................

.......................................................................................................

२०. गृह कार्य कुन समयमा परीक्षण गर्नु हुन्छ ? ............................................

.......................................................................................................

२१. गृहकार्य गरेर नल्याउने विद्यार्थीलाई कस्तो सचेतना दिने गर्नु भएको छ ?

.......................................................................................................

.......................................................................................................

२२. टिफिन पछाडि विद्यार्थी भागे नभागेको रेकर्ड राख्ने गरिएको छ ?छ ☐ छैन ☐

२४. वर्षमा कति पटकसम्म व्यवस्थित र मर्यादित परीक्षा चलाउनु हुन्छ ? ☐ पटक

२५. प्रश्न पत्र निर्माण गर्दा विशिष्टिकरण तालिकाको प्रयोग गर्ने गरिएको छ छैन् ?

छ ☐ छैन ☐

२६ विद्यालयमा माध्यमिक तहको सामाजिक अध्ययन गर्दा के कस्ता समस्याहरू भ्mेल्नु भएको छ ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

२७. अध्ययन अध्यापनमा अभिभावकले पनि सहयोगको भूमिका दिउन् भन्ने ठान्नुहुन्छ ? कस्तो भूमिकाको आशा राख्नु भएको छ ?

.......................................................................................................

.......................................................................................................

२८. विद्यार्थीहरूमा सिकाइ उपलब्धि सहजै हासिल गराउन कस्ता कस्ता समस्याहरू देखा परेकाछन्?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

२९. सामाजिक विषयको सिकाइ उपलब्धिलाई सहजै प्राप्त गर्न के कस्ता क्रियाकलाप अपनाउँदा राम्रो हुने ठान्नु हुन्छ ?

..............................................................................................................

..............................................................................................................

३०. सामाजिक पाठ्यक्रम र पाठ्यपुस्तकमा कतिको तालमेल भएको पाउनु भएको छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

३१. सामाजिक विषयको पाठ्यपुस्तक कतिको स्तरीय भएको पाउनु भएकोछ ?

..............................................................................................................

..............................................................................................................

३२. सामाजिक शिक्षणमा सबैभन्दा बढी प्रयोग हुने उपयुक्त विधिहरू कुन कुन हुन् ?

..............................................................................................................

..............................................................................................................

३४. सामाजिक अध्ययन गर्दा भाषिक कठिनाइ महशुस गर्नु भएको छ ?

छ ☐ छैन ☐

३५. सामाजिक अध्ययनमा भाषिक कठिनाइ आउदा कस्ता कस्ता क्रियाकलापहरूको प्रयोग गर्नुहुन्छ ?

...............................................................................................................

...............................................................................................................

३६. सिकाइ उपलब्धिको सुधार गर्न स्टाफ बैठकमा प्रस्ताव लाने गरिएको छ छैन ?

छ ☐ छैन ☐

३७. सामाजिक विषयमा विद्यार्थीले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसक्नुका कारण के के हुनसक्छन् ?

...............................................................................................................

...............................................................................................................

...............................................................................................................

३८. तपाइको विचारमा कुन कुन कुरामा सुधार गर्न सके सामाजिक विषयको सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ ?

...............................................................................................................

...............................................................................................................

...............................................................................................................

## सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

### अनुसुची ४ : विद्यार्थीलाई सोधिने प्रश्नावली

विद्यार्थीको नाम : कक्षा : १०

रोल नं. …………

विद्यालयको नाम र ठेगाना :

सामाजिक विषय पठाउने शिक्षकको नाम :

१. हजुरबाको नाम : पेशा : शैक्षिक योग्यता:

२. हजुरआमाको नाम : पेशा : शैक्षिक योग्यता :

३. बाबुको नाम : पेशा : शैक्षिक योग्यता :

४. आमाको नाम : पेशा : शैक्षिक योग्यता :

५. एकाघरमा रहेका परिवारका सदस्य सङ्ख्या : ……………………

६. तपाइँले बोल्ने मातृभाषाको नाम लेख्नुहोस् ? …………………………

७. तपाईँलाई सबैभन्दासजिलो लाग्ने विषयरसबैभन्दा कठिनलाग्ने विषय कुन कुन हुन् ?

……………………………………………………………………………………………

८. तपाईँलाई सामाजिक विषयप्रतिको रुची कस्तो छ ?

……………………………………………………………………………………………

९. तपाईँलाई सामाजिक विषय अन्तर्गतको कुन एकाइ मन पर्छ ?

……………………………………………………………………………………………

१०. ती एकाइ मन पर्नाका कारणहरू के के हुन् ?

.......................................................................................................

.......................................................................................................

११. तपाईंलाई सामाजिक विषयमा कठिन लाग्ने एकाइहरू कुन कुन हुन् ?

.......................................................................................................

.......................................................................................................

१२. ती एकाइहरू गाह्रो लाग्नुको कारण के के हुन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१३. सामाजिक विषयका अभ्यासहरू कतिको अप्ठ्यारा छन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१४. अभ्यास अप्ठ्यारा लाग्नुका कारणहरू के के हुन् ?

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

१५. तपाईले सामाजिकका सबै अभ्यासहरू समाधान गर्ने गर्नु भएको छ ?

.......................................................................................................

.........................................................................................................

१६. सामाजिक विषय शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्ने गर्नु भएको छ ?

छ ☐ छैन ☐

१७. सामाजिक विषयका केही शैक्षिक सामग्रीहरू बनाउने गर्नु भएको छ ?

छ ☐ छैन ☐

१८. सामाजिक विषयको घण्टी कति मिनेटको छ ? ..........................

१९. सामाजिक विषयको पूरै घण्टी शिक्षकले मात्र प्रयोग गर्नुहुन्छ की तपाईहरू पनि केही गर्नुहुन्छ ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

## सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

### अनुसूची ५ विद्यार्थीसँग लिइने अन्तर्वार्ताका प्रश्नावली

१. तपाइहरूलाई सजिलो र अप्ठ्यारो लाग्ने विषय कुन हो ।

२. सामाजिक विषय कस्तो  लाग्छ ?

३. त्यसमा भएका कठिन एकाइहरू कुन कुन हुन् ?

४. ती एकाइ अपठ्यारो लाग्नुका कारण के के हुन्?

५. घरमा पढाइमा कति समय खर्च गर्नुहुन्छ ?

६. सामाजिक विषयलाई कति समय दिनुहुन्छ ?

७. परिवारको सदस्यहरुले तपाईहरूलाई पढाइमा कसरी मद्दत गर्नुहुन्छ ?

८. शिक्षकले सामाजिकको गृहकार्य दिने गर्नु भएको छ छैन ?

९. गृहकार्य गरेर ल्याएपछि शिक्षकले जाँच गर्दिनु हुन्छ हुदैन ?

१०. सामाजिकका सवै अभ्यास गर्ने गर्नुभएको छ छैन ?

११. त्यसमा भएका अप्ठ्यारा अभ्यासको समाधान कसरी गर्ने गर्नु भएको छ ?

१२. विद्यालयले शैक्षिक भ्रमणमा लाने गरेको छ छैन ?

१३. सामाजिकको घण्टीमा शिक्षकले मात्र पढाउनु हुन्छ की तपाईहरू पनि केही गर्नुहुन्छ ?

१४. सामाजिक विषयलाई अनिवार्य रूपमा राख्नुको कारण के होला ?

१५. यसका उद्देश्यहरू के के होलान ?

१६. सामाजिक विषय पढाउँदा कस्ता कस्ता शैक्षिक सामग्रीहरू प्रयोग गर्ने गरिएको छ ?

१७. ती सामग्रीहरू कसले निर्माण तथा व्यवस्थापन गर्ने गरेको छ ?

१८. सामाजिक विषयमा अन्य विषयको तुलनामा कम नम्बर आउनुको कारण के हुन सक्छ ?

१९. शिक्षकले सबै एकाइलाई समान महत्त्व दिएर सिकाउनु हुन्छ ?

२०. प्रत्यके पाठका फरक फरक सिकाइ उपलब्धिहरू हुन्छन् भन्ने कुरा तपाईंहरूलाई थाहा छ ?

२१. सामाजिक विषयमा विद्यार्थीहरूले सबै सिकाइ उपलब्धिहरू प्राप्त गर्न नसक्नुका कारणहरू के के होलान ?

२२. सामाजिक विषयको सबै सि.उ. सहज रूपमा प्राप्ति गर्नका लागि क–कस्ले के के गर्नु पर्दछ ?

विद्यार्थीले :

शिक्षकले :

अभिभावकले

प्रधानाध्यापकले

अन्य अनुगमन कर्ताले

## सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

## अनुसूची ६ अभिभावकसँग लिइने अन्तर्वार्ता का प्रश्नावली

१. तपाईका बालबालिका घरमा विहान वेलुका कति कति घण्टा पढ्छन् ?

२. तपाइँका बालबालिकाले घरको काममा मद्दत गर्नु पर्छ पर्दैन ?

३. बालबालिकाहरू नियमित विद्यालय जान्छन् जादैनन् ?

४. बालबालिकाहरूपूरासम्म विद्यालयमा बस्छन् ?

५. बालबालिकाको पढाइको अवस्थाबारे थाहा पाउन विद्यालय जाने गर्नु भएको छ ?

६. बालबालिकाको लागि विद्यालयमा खाजा खाने व्यवस्था कसरी मिलाइ दिने गर्नु भएको छ ?

७. बालवालिकाहरू घरमा टिभि, रेडियो, इन्टरनेट र पत्रपत्रिकाको कतिको प्रयोग गर्दछन् ?

८. उनी ती विद्युतीय साधन र पत्र पत्रिकामा कुन कुन कुरामा बढी चासो राख्छन् ?

९. सामाजिक विषयसँग सान्दर्भिक सामग्रीहरू उनीहरूमा के कति रुचि पाउनु भएको छ ?

१०. घरमा विहान बेलुकाको समयमा विशेष गरेर विद्यार्थीहरू कुन विषयमा बढी ध्यान दिन्छन् ?

११. उनीहरूले सामाजिक विषयलाई दिइने समय कति हुन्छ ?

१२. सामाजिक विषयको सिकाइ उपलब्धि सामान्यतया तुलनात्मक रूपमा कमजोर रहेको देखिन्छ। यसरी कमजोर रहनको कारण के हुन सक्तछ ?

१३. तपाइँको बच्चाले घरमा सबभन्दा बढी कुन विषयलाई ध्यान दिएको पाउनु हुन्छ ?किन त्यो विषयलाई बढी महत्त्व दिएको होला ?

१४. तपाइँको बच्चाले विद्यालयमा दिएको गृहकार्य लगेर शिक्षकलाई देखाएको वा नदेखाएको थाहा पाउनु हुन्छ ?

१५. के गरे सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ ?

# सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

## अनुसूची ७ : प्रतिक्रिया दिने प्रधानाध्यापक र विषय शिक्षको विवरण

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | विषय शिक्षकको नाम |
|---|---|---|---|
| १ | श्री सत्यनारायण उ.मा.वि. विराटनगर-८ | श्री धर्मानन्द खरेल | श्री शुशीलप्रसाद चौधरी |
| २. | श्री पोखरिया उ.मा.वि. विराटनगर -४ | श्री खेमराज भट्टराई | श्री महेशकुमार गौतम |
| ३ | श्री राधाकृष्ण मा.वि विरटनगर-१ | श्री डम्बरबहादुर कार्की | श्री अच्युत दाहाल |

## अनुसूची ८ : प्रतिक्रिया दिने अभिभावकहरू

| क.सं. | विद्यालय | अभिभावकको | | कैफियत |
|---|---|---|---|---|
| | | नाम | पद | |
| १. | सत्यनारायण मा.वि. | श्री मणिराज लिम्बु<br>श्री हरि शर्मा | अभिभावक<br>अभिभावक | वि.व्य.स. गठन नभएको |
| २. | पोखरिया उ.मा.वि. | श्रीनिवास पोखरेल<br>श्री सूर्यनारायण मण्डल | अध्यक्ष (वि.व्य.स.)<br>वि.व्य.स. अध्यक्ष | |
| ३. | राधाकृष्ण मा.वि. | श्री सन्तकुमार माझी<br>श्री राजकुमार माझी | अध्यक्ष (वि.व्य.स.)<br>सदस्य (वि.व्य.स.) | शि.अ. संघ गठन नभएको |

# सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

## अनुसूची ९ : विद्यार्थी विवरण

### क) सत्यनारायण उच्च माध्यमिक विद्यालय विराटनगर-८

| क.सं. | विद्यार्थीको नाम | छात्र | छात्रा |
|---|---|---|---|
| १ | दिनेश रजक | ✓ | |
| २. | दिव्य कुमारी चौधरी | | ✓ |
| ३. | प्रगति दाहाल | ✓ | |
| ४ | रिमला मण्डल | | ✓ |
| ५ | शक्ति झा | ✓ | |
| ६ | मोहिम अन्सारी | ✓ | |
| ७ | योगेन्द्र लिम्बु | ✓ | |
| ८ | रिमा मण्डल | | ✓ |
| ९. | प्रमिला कुमारी कामत | | ✓ |
| १० | सना प्रविन | | ✓ |

### ख) पोखरिया उ.मा.वि. विराटनगर-४

| क.सं. | विद्यार्थीको नाम | छात्र | छात्रा |
|---|---|---|---|
| १ | बवित माझी | ✓ | |
| २. | रविना खनाल | | ✓ |
| ३. | समिका खनाल | | ✓ |
| ४ | टंक धिताल | ✓ | |
| ५ | रोशनी भट्ट | | ✓ |
| ६ | खगेन्द्र नेपाल | ✓ | |
| ७ | विवेक घिमिरे | ✓ | |
| ८ | गरिमा खनाल | | ✓ |
| ९. | जन्नत साह | ✓ | |
| १० | अमृता देवकोटा | | ✓ |

## ग) राधाकृष्ण मा.वि. विराटनगर-१

| क.सं. | विद्यार्थीको नाम | छात्र | छात्रा |
|---|---|---|---|
| १ | आरती साह | | ✓ |
| २. | जितु राजवंशी | ✓ | |
| ३. | सिमा धिमाल | | ✓ |
| ४ | जानुका भुजेल | | ✓ |
| ५ | तुलसी दास | ✓ | |
| ६ | चादनी साह | | ✓ |
| ७ | किरणबाबु पाल | ✓ | |
| ८ | विश्वेश्वर मण्डल | ✓ | |
| ९. | रिङ्की कुमारी साह | | ✓ |
| १० | शिवलाल यादव | ✓ | |

# सामाजिक अध्ययनको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू

## अनुसूची १० :पढाइ हुने दिन बढाउने उपायहरू

पढाइ हुने दिन पढाउन ऐन तथा नियममावलीमा गरिनु पर्ने नीतिगत व्यवस्था निम्नानुसार हुनु पर्ने प्रस्ताव गरेको छु :

क) शैक्षिक सत्रका सुरुमा १५ दिन भर्ना अभियानलाई समय दिइने गरेका हुँदा उक्त अवधिमा भर्नालाई जारी राख्दै शिक्षण सिकाइ क्रियाकलाप समेत सञ्चालन गर्नु पर्दछ,

ख) वार्षिक परीक्षा सञ्चालन फागुनको अन्तिम हप्ता वा चैत्रको सुरु हप्तामा हुने गरेको हुँदा यसलाई चैत्रको तेस्रो हप्तादेखि सुरु गर्नु पर्दछ,

ग) शैक्षिक संस्थाहरू दशैंको अवसरमा १५ दिन विदा हुँदै आएकामा अव सरकारी कार्यालय सरह मात्र विदा गरिने व्यवस्था मिलाउनु पर्दछ,

घ) राष्ट्रले गौरवका साथ मनाउने महत्वपूर्ण पर्व तथा दिवसहरू जस्तैः लोकतन्त्र दिवस, गणतन्त्र दिवस, शिक्षा दिवस, वाल दिवस, साक्षरता दिवस, सहिद दिवस, प्रजातन्त्र दिवसहरूमाअनिवार्य उपस्थित भइ अतिरिक्त क्रियाकलाप सञ्चालन गरी मनाउने व्यवस्था गर्नु पर्दछ,

ङ) जातिविशेषका पर्वहरूमा जातिविशेषका व्यक्तिहरूलाई मात्र विदा दिने नीतिगत व्यवस्था मिलाउनु र्पछ । उदाहरणका लागि तराइवासीमात्र बसोवास भएका ठाउँमा वर्षको ३ पटक मनाइने ल्होसार पर्वको छुट्टी दिनुको कुनै अर्थ रहदैन भने हिमाल र पहाडका वस्तीमा छठ पर्वको विदा दिनु कुनै औचित्य हुँदैन ।

च) यसरी घटाइएका विदाका दिनहरू वापत शिक्षकलाई निजामति कर्मचारी सोसरह सेवा सुविधा र शर्त मिलाउन समेत सुझाव गरिन्छ ।